ISSN 2091 2013

# हाम्रो पुरुषार्थ






## किरण पुस्तकालय

तम्घास, गुल्मी



नवनिर्मित भवनको उद्घाटन समारोहमा सभाध्यक्ष, प्रमुख अतिथि र विशिष्ट अतिथिहरू



नवनिर्मित भवनको उद्घाटन समारोहमा उपस्थित महानुभावहरू



गोर्खाली सुधार सभाको तर्फबाट हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीलाई सभाको मुखपत्र प्रदान गरिँदै



सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट गठित सार्वजनिक तथा सामुदायिक पुस्तकालय महासंघ, नेपालका तदर्थ समितिका पदाधिकारीहरू



हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति प्रा.डा. जगमान गुरुङलाई हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क-९३ प्रदान गर्दै

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४९ ❑ अङ्क : ३ ❑ सम्पूर्णाङ्क : ९४ ❑ वैशाख-असार, २०७९

**सम्पादक**
शशि पन्थी

**सह–सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

## किरण पुस्तकालय
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

आवरण : पुस्तकालयको नवनिर्मित भवन र भवनको उद्घाटन कार्यक्रम

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७
**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१
**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६
**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६
**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१
**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *रूपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८
**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११
**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४
**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

सम्पादकीय

# समुन्नतिका सोपानहरू

- संस्कार हुन् , बानी हुन् वा रूढी हुन्, आफ्नै विश्वास छन् हाम्रा । हाम्रा स्वर्ग माथि छन् । हाम्रो माथि उत्तरतिर छ । उन्नति जनाउने शब्दमा प्रायः उद् लागेको हुन्छ, जसको अर्थ माथि अर्थात् उँभो हुन्छ । माथि माथि जानु छ हामीलाई बादलझैं उत्तरोत्तर उन्नतिमा ।

- धान रोप्न तल झर्नुपर्छ । गास जोर्न तल झर्नुपर्छ । बास खोज्न तल झर्नुपर्छ । दिनदिनै झरिरहेछन् मान्छेहरू तलतलै । नित्य अधोगति छ मान्छे र पानीको । तर हामी अधोगति चाहन्नौं । सदा समुन्नति चाहन्छौं । आशीर्वचनमा उत्तरोत्तर उन्नतिको कामना गर्छौं । खुशी हुन्छौं आफ्नाहरू उँभो लागेको देखेर । कामना गर्छौं उँभौलीतिर लागून् देश र देशवासीहरू ।

- निस्कन अलिकति अप्ठ्यारो हुन्छ । झर्न अलिकति सजिलो हुन्छ । किन मान्छेहरू झर्ने बाटो लागिरहेछन् ? एउटै बाटो निस्कनेलाई उकालो हुन्छ, झर्नेलाई ओरालो हुन्छ । उकालो भनेर किन झरिरहेछन् मान्छेहरू बाटो बिराएर ? झरेर उँभो लागिन्न कि ?

- खाना, नाना र छाना पहिला खुड्किला हुन् समुन्नतिका । अरू पनि माथि-माथि छन् सोपानहरू । हामीसित शरीर मात्र छैन । इन्द्रिय छन्, मन छ, बुद्धि छ, अहंकार छ हामीसँग । शरीरमात्र होइन, मन र आत्मा पनि जोडिनु पर्छ समुन्नतिमा । शान्ति, सन्तुष्टि र खुशी जोडिनुपर्छ सँगसँगै । देशको शान जोडिनु पर्छ अलिकति । देशवासीको मान जोडिनु पर्छ अलिकति । उन्नतिसित अलिकति न्याय र समानता पनि जोडिनुपर्छ । नत्र त समुन्नति भस्मासुर बन्छ ।

- हाँसो फुलेका अनुहारहरूमा समुन्नतिका प्रतिबिम्ब झल्कून् । चिल्ला बाटा र आलिशान महलहरूमा होइन, जनताका मुस्कान र खुशीहरूमा समुन्नति फुलून् । लहलहाउँदा खेतीहरूमा, आफ्नै इलम र उद्योगहरूमा, देशको पहिचानमा, हाम्रा शुभसंस्कारमा, विद्यामा, कलामा, शान्तिमा, समृद्धिमा हामी समुन्नति खोजि रहेछौं ।

–ooo–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | भाषाले पनि समयअनुसार परिवर्तन... | प्रा. गोपिकृष्ण शर्मा | १ |
| २. | सरस्वती वन्दना | मुकुन्दप्रसाद शर्मा चालिसे | ९ |
| ३. | परिवर्तन | डा. श्यामप्रसाद न्यौपाने | १० |
| ४. | फ्युज | मित्र 'उराठी' गौतम | ११ |
| ५. | पश्चिमी जीवनशैली | विष्णुहरि पौडेल | १२ |
| ६. | रतनगंजको रेक्सावाला | वासु जमरकट्टेल | १४ |
| ७. | कविता हुँदैन | रुद्र ज्ञवाली | २१ |
| ८. | सत्य पत्ता लगाउने 'नेति, नेति' मार्ग | डा. बाबुराम ज्ञवाली | २२ |
| ९. | आदिमहाकविको सम्झना र ... | रामप्रसाद पन्त | २७ |
| १०. | तीर्थयात्रा पहिले र अहिले | चन्द्रकान्त आचार्य | ४३ |
| ११. | व्रतबन्धका केही सामाजिक सन्दर्भहरू | उत्तरकुमार पराजुली | ५३ |
| १२. | गाउँ रित्तिदै छ । | कृष्णप्रसाद खनाल 'कुश्मा' | ५९ |
| १३. | मन पराउँदैनन् | अरूण नदी खत्री | ६२ |
| १४. | कृषि | शकुन्तला ज्ञवाली पौडेल | ६३ |
| १५. | ब्रह्मपुत्र कुलपति ब्रह्मर्षि वसिष्ठ ... | डा. नारायणाचार्य तिम्सिना 'देवबाबा' | ६४ |
| १६. | कृति संस्कारका कुरा | कपिल अज्ञात | ७० |
| १७. | सूर्यप्रसाद शर्माको 'जीवनका ... | भद्रशालि कश्यप | ७४ |
| १८. | सम्झनामा आमा | पूर्णप्रसाद अधिकारी | ७९ |
| १९. | मान्छेको भिडमै एक्लिँदै मान्छे | राजेन्द्र पन्थी | ९२ |
| २०. | साहित्यिकी पद्यावलिमा कवि ... | दीन पन्थी | ९६ |
| २१. | आमाको महिमा | मनबहादुर खत्री (मनु) | ९८ |


**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | ढलकुमारी ज्ञवाली | ९९ |
| ४. | पुस्तकालय परिचय | भारद्वाज | १०२ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १०४ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १०६ |
| ७. | यताउताबाट | विजय बजिमय | १११ |
| ८. | पाठक-प्रतिक्रिया | सुजन सुनार | ११२ |
| ९. | किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय | | ११४ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | ११५ |


०००

# भाषाले पनि समयअनुसार परिवर्तन खोजेको हुन्छ ।



✍ **प्रा. गोपीकृष्ण शर्मा**

*(गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा स्थापित किरण पुस्तकालयको मुखपत्र 'हाम्रो पुरुषार्थ' (त्रैमासिक) पत्रिकामा प्रकाशनार्थ ८५ वर्षीय प्रा. गोपीकृष्ण शर्माज्यूसँग 'हाम्रो पुरुषार्थ'का काठमाडौं प्रतिनिधि डा. लक्ष्मीकान्त पन्थीद्वारा उहाँकै घर ज्ञानेश्वरमा भेट गरी २०७९ वैशाख १८ गते आइतबारका दिन सोधिएका प्रश्नहरूको लिखित उत्तरका रूपमा प्राप्त अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । - **सम्पादक ।**)*

**१. गुरु ! हजुरको पारिवारिक पृष्ठभूमिसहित जन्म र जन्मस्थानका साथै प्राप्त शिक्षा एवं शिक्षा प्राप्त गर्नमा प्रेरणाको स्रोत के थियो ? कृपया बताइदिनुहोस् ।**

❑ धन्यवाद, मित्रवर प्रा.डा. लक्ष्मीकान्त पन्थीज्यू, यहाँको जिज्ञासाबारे संक्षेपमा जोसकेको जानकारी गराउन चाहन्छु ।

हाम्रो पारिवारिक पृष्ठभूमिमा हामी लगभग एक शतकअगाडि गुल्मी चन्द्रकोटबाट बसाइँ सरेर पाल्पामा आएका हौं । हाम्रा पितामह हीरानाथ शर्मा गौतम (१९३३ - २०३७) दश वर्षको उमेरमा गुल्मीबाट पाल्पामा आएर तानसेन गैरागाउँमा फुपूको आश्रयमा बसेर यतै घरजम तथा खेतीपाती र सानोतिनो नोकरी गरेर बस्न थाल्नुभयो । उहाँका पाँच भाइ छोराहरूमध्ये मेरा पिताजी रुद्रनाथ शर्मा जेठो छोरा हुनुहुन्छ । हजुरबुबाले सबै छोरालाई प्रायः संस्कृत शिक्षामा दीक्षित बनाउनुभयो । हामीलाई गैरागाउँका पण्डित खलक भन्न थालियो ।

पं. रुद्रनाथ शर्माकी धर्मपत्नी नन्दकुमारीको कोखबाट वि.सं. १९९३ माघ ८ गते चान्द्रमानअनुसार पौष शुक्ल नवम्युत्तर दशमी बिहीवार (ई. १९३७ जनवरी २१) का दिन प्रातः काल ९ घडी दिन चढ्दा गैरागाउँमा मेरो जन्म भएको हो । पिताजीले १९९३ सालको पात्रोमा सम्बद्ध ठाउँमा मेरो जन्म र समयबारे गर्नुभएको आफ्नै हस्ताक्षरको टिपोट रहेको उक्त पात्रो मसँग छँदै छ ; पिताजीका हामी पाँच सन्तान हौं - पहिलो दिदी, त्यसपछि हामी तीन भाइ छोरा र अन्तमा बहिनी । सरस्वती-गोपीकृष्ण-श्याम-भुवनेश्वर-शान्ति । मीन लग्न, मेष राशि र भरणी नक्षत्रको चौथो पाउकोबाट आएको मेरो न्वारनको नाम 'लोकनाथ' हो । तर मावली हजुरबुबा जिं. वासुदेव घिमिरेले बोलाउने नाम 'गोपीकृष्ण' भन्नुपर्छ भनेको हुनाले यही गोपीकृष्ण भन्ने नाम प्रचलनमा आएको हो ।

मलाई पाँच वर्षको उमेरमा श्रीपञ्चमीका दिन सरस्वती पूजा गरेर पिताजीबाट अक्षरारम्भ गराइएको हो । पिताजी पं. रुद्रनाथ शर्मा त्यस बखत गैरागाउँदेखि लगभग ६/७ कोस पूर्व, कालीगण्डकीको तीरमा अवस्थित ठूला हुँगी संस्कृत पाठशालाका शिक्षक हुनुहुन्थ्यो । उहाँबाट नै मैले आरम्भमा रुद्री र सप्तशती चण्डीको पाठ कण्ठस्थ गर्ने शिक्षा प्राप्त गरेको हुँ । त्यहाँ क्रमागत रूपमा लगभग बाह्र वर्ष (१९९७ - २०१०) संस्कृत ग्रन्थहरू लघुकौमुदी, अमरकोश, रघुवंश महाकाव्यको अध्ययनलाई गुरुकुल शिक्षा प्रणालीअनुकूल सुबोधका साथ अगाडि बढाइएको थियो । शिक्षा प्राप्त गर्ने प्रेरणा स्रोत भनेको मूलत पाठशालाको पढ्ने पढाउने वातावरण थियो नै, आफ्नै बुबाले परम्पराअनुसार संस्कृत शिक्षा प्रदान गर्दै अभिप्रेरित गर्नु पनि प्रेरणा स्रोत रह्यो ।

**२. हजुरले कहाँ कहाँबाट कसरी यति धेरै शैक्षिक उपाधि आर्जन गर्नुभयो ? विद्यार्थी अवस्थामा अनुभव गरेको कुनै रोचक घटना भएमा जानकारी पाऊँ ?**

❑ मेरो पढाइको जग हुँगी संस्कृत पाठशालामा बनेको हो । त्यहाँ गुरुकुल प्रणालीअनुसार शिक्षा दिइन्थ्यो । प्रत्येक विद्यार्थीलाई पाठको केही अंश सम्झाएर पढाइदिने, अर्को दिन त्यो पढाइबारे जानकारी दिएपछि मात्रै थप पाठ दिने नत्र त्यसकै तयारी गरेर अर्को दिन आउनुपर्ने नियम थियो । यसरी नै मैले बाह्र-तेह्र वर्ष पाठशालामा बिताएको हुँ ।

त्यसपछि २०११ सालमा म उच्च अध्ययनका लागि काठमाडौं गई रानीपोखरी संस्कृत प्रधान पाठशालामा भर्ना भएर पूर्वमध्यमाका पाठ्यवस्तुहरू पढ्न थालें । त्यहींबाट दुई वर्षमा पूर्वमध्यमा परीक्षामा सामेल भएँ र प्रथम श्रेणीमा समुत्तीर्ण पनि भएँ ।

त्यसपछि नेपाल राजकीय संस्कृत महाविद्यालय, पुतलीसडक काठमाडौंमा दुई वर्ष जति पढेर उत्तरमध्यमा पनि प्रथम श्रेणीमा पास गरें । त्यस बखत महाविद्यालयका प्राचार्य पं. सोमनाथ शर्मा सिग्देल हुनुहुन्थ्यो ।

त्यसपछि भने थप पढाइका लागि म बनारसतर्फ लागें । वाराणसेय संस्कृत विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गरेको विरला कलेज लालघाट, वाराणसीमा आवासीय विद्यार्थीका रूपमा २०१६ सालदेखि रहेर मूल नव्य व्याकरण विषय लिई शास्त्री तथा आचार्य परीक्षा पूरा गरें । शास्त्रीमा पनि प्रथम श्रेणी आएको थियो र व्याकरणाचार्यमा भने सर्वप्रथम भएर २०१९ सालमा वा.सं.वि.वि. स्वर्ण पदक प्राप्त गरें ।

बनारसमा गुप्ता कोचिङ सेन्टरमा केही वर्ष अतिरिक्त अध्ययन गरी यू.पी. बोर्डको हाइस्कूल परीक्षा र इन्टर मिडिएट परीक्षा दुबै प्रथम श्रेणीमा पास गरें । यसपछि पाल्पा स्कूल तह र कलेज तहमा शिक्षणकार्य गर्दै रहँदा त्रि.वि. काठमाडौंमा व्यक्तिगत परीक्षार्थीको रूपमा बी.ए. परीक्षामा सामेल भई २०२४ सालमा बी.ए. परीक्षा सर्वप्रथम भई समुत्तीर्ण भएँ । कलेजका विद्यार्थीहरूले सिन्दूर जात्रा गरेर सम्मान गरेका थिए । त्रि.वि.बाट अर्जुन पदक प्राप्त भयो । तत्पश्चात् व्यक्तिगत परीक्षार्थीका रूपमा सामेल भएर २०२८ सालमा नेपाली विषयमा एम.ए. परीक्षा पूरा गरें । यिनै हुन् मेरा शैक्षिक उपलब्धि ।

**३. गुरु ? हजुर सरकारी जागिर खानतिर नलागेर अध्यापन पेसातिर कसरी लाग्नुभयो ? केही विशेष कारण वा प्रेरणाले हो कि ? अवगत गराइदिनु भएमा राम्रो होला भन्ने आग्रह छ ।**

❑ त्यस बखत सामान्यतः संस्कृत पढेका व्यक्तिहरूमा सरकारी जागिर खाने मानसिकता हुँदैनथ्यो । वातावरण नै शिक्षण पेसा मन पराउने स्थिति रहेको थियो । मेरो सन्दर्भमा पनि बुबा, काकाहरू सबै शिक्षण कार्यमा लाग्नुभएको थियो । यस कारण पनि मैले शिक्षण पेसा नै अँगाल्ने निधो गरेँ । पढाइ सकेर फर्कनासाथ स्थानीय हाइस्कूलमा नेपाली र संस्कृत विषय पढाउने शिक्षकमा मलाई अनुरोध गरियो पनि । यसरी म शिक्षण कार्यतर्फ लागेको हुँ ।

फलस्वरूप २०१८ साल फागुनमा पद्मोदय हाइस्कूल, तानसेनमा नेपाली र संस्कृत विषय पढाउने हेड पण्डितका रूपमा नियुक्ति लिएर पढाउन थालें पनि । त्यसै स्कूलमा प्रातः समयमा त्रिभुवन कलेज सञ्चालन हुने गरेको थियो । त्यहाँ पनि बी.ए. तहमा नेपाली विषय पढाउने शिक्षक आवश्यक परेकोले बिहानी कक्षामा आंशिक शिक्षकका रूपमा सेवा दिन थालें । बिहान

कलेजमा र दिउसो स्कूलमा पढाउँदै थिएँ । कलेजमा २०२१ आषाढ १ गतेदेखि स्थायी नियुक्ति दिइयो । उच्च शिक्षामा नयाँ शिक्षा योजना लागू भएअनुसार त्रिभुवन कलेज पाल्पा पनि त्रि.वि. कै त्रिभुवन क्याम्पसमा परिणत भयो, मैले स्कूलबाट बिदा लिएँ । कलेजका शिक्षकहरू त्रि.वि. शिक्षक भए । यसपछि भने सरकारी जागिरतर्फ जानेकुरा रहेन । म पनि अन्तमा त्रि.वि.को प्राध्यापकसम्म भई २०५९ सालमा सेवा निवृत्त भएँ ।

**४. हजुरले कुन कुन विद्यालय वा महाविद्यालयहरूमा प्राध्यापन गर्नुभयो ? कति वर्ष पढाएर सेवा निवृत्त हुनुभयो ?**

❑ मैले आरम्भिक शिक्षा पाल्पाको हुँगी संस्कृत पाठशालाबाट प्राप्त गरेको हुँ । त्यसपछि अठार वर्षको उमेरमा काठमाडौं गएर रानी पोखरी संस्कृत प्रधान पाठशालाबाट पूर्वमध्यमा र राजकीय संस्कृत महाविद्यालयबाट उत्तरमध्यमा सम्म अध्ययन पूरा गरी बनारस गएर विरला संस्कृत महाविद्यालयमा अध्ययन गरी नव्य व्याकरण विषयमा आचार्य परीक्षा पूरा गरेको हुँ ।

आचार्य परीक्षा पूरा गर्नासाथ त्रिभुवन कलेज पाल्पामा २०१९ सालमा पहिले अस्थायी आंशिक शिक्षक भएर पढाउन शुरू गरें । २०२१ आषाढ १ गते देखि कलेजको लेक्चरर पदमा स्थायी नियुक्ति प्राप्त गरें र २०३० सालमा त्यही त्रिभुवन क्याम्पस पाल्पामा त्रि.वि. उपप्राध्यापकका रूपमा नियुक्त भई २०३५ सम्म प्राध्यापन कार्य गरें । २०३५ सालमा पाल्पा क्याम्पसबाट सरूवा भई नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर,काठमाडौंमा सहप्राध्यापक र प्राध्यापक हुँदै सेवानिवृत्त नहुँदासम्म करीब ४०/४१ वर्ष प्राध्यापन सेवा गरेको हुँ ।

**५. हजुरले यतिका वर्ष अध्यापन गर्दा केही कृति वा रचनाहरू प्रकाशित छन् कि ? भएमा ती सबैको जानकारी पाऊँ ।**

❑ मेरो पहिलो कृति सहलेखनमा २०३० सालमा पाल्पाबाट 'नेपाल परिचय भाग १' प्रकाशित भयो । काठमाडौं आएपछि नेपाली निबन्ध परिचय (२०४०), अवलोकन र विवेचन (२०४४), पौराणिक बालकथा (२०४४), सरल निबन्ध परिचय (२०४८), केही भाषा केही साहित्य (सहलेखन २०४९), केही कथा-उपन्यास, केही कविता-काव्य (सहलेखन २०४९), एक भाषा अनेक साहित्य (सहलेखन २०५०), संस्कृत साहित्यको रूपरेखा (२०५३) र तीतामीठा कुरा (नीति काव्य, सहलेखन २०६३) आदि प्रकाशित भए ।

सेवा निवृत्त भएपछि प्रकाशित केही कृतिहरू हुन् - मेरो अमेरिका यात्रा (यात्रा निबन्ध २०६३), स्मृतिविम्ब (कवितासंग्रह २०६७), नीति विचार

(नीतिकाव्य, सहलेखन २०६७), उमा (शोककाव्य २०६७), डा. शास्त्रदत्त पन्तका केही साहित्यिक कृतिहरू (२०७०), आरोहण (महाकाव्य, सहलेखन २०७४), पर्यवेक्षण (समालोचनासङ्ग्रह २०७५), महिमा (खण्डकाव्य २०७६) र खण्डकाव्य त्रयोदश (सहलेखन २०७७) आदि ।

**६. हजुरले आजसम्म प्राप्त गरेका सम्मान, पुरस्कार वा अभिनन्दनहरू कुन कुन संस्थाबाट पाउनुभयो ? त्यो पनि बताइदिनुहोस् ।**

❑ मैले लगभग तीन दर्जन संघ-सस्थाबाट पदक, सम्मान, पुरस्कार र अभिनन्दनहरू प्राप्त गरेको छु । केही तल दिइएका छन् -

- सर्वप्रथम वा.सं.वि. बाट व्याकरण आचार्यमा सर्वप्रथम भए बापत वि.वि. स्वर्णपदक (२०१९)
- नेपालबाट महेन्द्रविद्याभूषण (२०२०)
- राष्ट्रिय शिक्षा समितिबाट शिक्षापदक (२०३४)
- त्रि.वि. बाट दीर्घसेवा पदक (२०५४)
- जनमत साहित्यिक मासिकबाट दीपा जनमत पुरस्कार (२०५४)
- साहित्य सन्ध्या सम्मान (२०६४)
- महाकवि देवकोटा शताब्दी सम्मान (२०६६)
- भानुभक्त पुरस्कार (२०७१)
- नेपाल सरकारबाट सुप्रबल जनसेवा श्री विभूषण (२०७०)
- आर पी शर्मा तन्नेरी शिक्षा पुरस्कार (२०७१)
- वैजयन्ती स्रष्टा सम्मान (२०७०)
- शमी साहित्य साधना सम्मान तथा पुरस्कार (२०७४)
- नेपाल सरकारबाट राष्ट्रिय प्रतिभा पुरस्कार २०७७ रू. एक लाख नगदसहित सम्मान पत्र (२०७८)
- नूरगङ्गा प्रतिभा पुरस्कार गुठीबाट सम्मान (२०७७)
- साहित्य संबर्द्धन अभिनन्दन (२०७८)
- दायित्व वाङ्मय-प्रतिष्ठानबाट चौरासी पूजा अभिनन्दन (२०७८) आदि ।

**७. गुरु ! हजुरले संस्कृत व्याकरण विषयमा आचार्यतहसम्म पढेर पनि नेपाली साहित्यको क्षेत्रमा सेवा गर्न लाग्नुभयो, संस्कृत विधालाई अझै पनि गेहे गेहे जने जनेसम्म पुर्‍याउन कसरी सकिएला ? केही उपायहरू भनिदिनुसहोस् ।**

❑ परिस्थितिले नेपाली साहित्यको क्षेत्रमा सेवारत हुनुपरे पनि मेरो संस्कृत भाषा तथा साहित्यप्रतिको आस्थामा कमी हुन पुगेको छैन । नेपाली भाषामा पनि 'संस्कृत साहित्यको रूपरेखा' भन्ने कृति प्रकाशनमा ल्याएर संस्कृत वाङ्मयको महत्त्व स्थापित गर्ने प्रयास गरेको छु ।

जहाँसम्म संस्कृत विधालाई घर-घरमा र जन-जनमा पुर्‍याउने प्रश्न छ, त्यसका लागि जनस्तरमा संस्कृत विद्याको महत्त्व र उपयोगिताबारे जन-चेतना जगाउनु पर्दछ र विद्यालय तहका हरेक वर्षका पाठ्यवस्तुमा प्रतिकक्षा ५० अङ्क भारको अनिवार्य संस्कृत पाठ्यक्रम बनाएर लागू गर्नुपर्छ । चार दशकभन्दा पहिले एस.एल.सी. पाठ्यक्रममा नौ दश कक्षामा ५० अङ्कको अनिवार्य संस्कृत राखिएको थियो, अहिले भने संस्कृत विषय राखिएको छैन ।

**८. अहिले नेपाली समाजका हरेक क्षेत्रमा पाश्चात्य रहन-सहनको प्रभाव बढ्दो रूपमा देखिएको छ । यस्तो स्थितिमा हाम्रा प्राचीन धर्म, संस्कृति, सभ्यता र आचारविचारलाई जोगाइराख्न कसरी सकिएला ?**

❑ सूचना सञ्चार र यातायातको क्रमिक विकास र बसाइँ सराइले गर्दा नेपाली समाजमा पाश्चात्य प्रभाव बढ्दै गएको छ । पश्चिमी ढंगको शिक्षा र वातावरणले हाम्रो आध्यात्मिक संस्कृति र सभ्यता माथि आक्रमण गरेको छ । यस खालको विदेशी प्रभावबाट जोगाउन हामीले आर्यसंस्कृति प्रति जनचेतना अभिवृद्धि गर्नुपर्छ र जनस्तरलाई शुद्ध आचरण सात्विक खानपान र आचार-विचारमा प्रोत्साहित गराउनुपर्छ । प्राचीन धर्मप्रति आस्था जगाउने र आर्यसंस्कृतिको उपादेयताबारे अवगत गराउँदै शुद्ध सात्विक आचार-विचारप्रति सजग बनाउने अभियान चलाउनु पनि हितकर हुने प्रतीत हुन्छ ।

**९. गुरु ! हजुरका विचारमा जीवन के हो र जीवनदृष्टि कस्तो हुनुपर्छ ? कृपया जानकारी पाऊँ ।**

❑ दार्शनिक प्रश्न पर्‍यो । जीवनलाई हेर्ने र सञ्चालन गर्ने विभिन्न दृष्टिहरू छन् । मूलतः दुई दृष्टि छन् - भौतिक र आध्यात्मिक । भौतिक दृष्टिमा जीवन जति रहन्छ सुखमय बनाउनुपर्दछ । यसैगरी आध्यात्मिक दृष्टिमा

जीवन आत्मज्ञानपरक, परोपकारमय र सुखनिरपेक्ष सेवामुखी हुनुपर्दछ । नाटककार बालकृष्ण समले राम्रो उदाहरण दिएका छन् - ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ ।

जन्मदेखि मृत्युसम्म भौतिक शरीरले उपभोग गर्ने समयावधिलाई मोटामोटी रूपमा जीवन भनिन्छ । त्यो अवधि छोटो पनि हुनसक्छ ८-१० वर्षको अथवा लामो पनि हुनसक्छ ८०-१०० वर्षको । त्यस जीवनलाई सञ्चालन गर्ने प्रक्रियाहरू नै परम्परागत आचरण र शिक्षा-उपदेशहरू हुन् । यस्ता शिक्षाहरू नैतिक, उद्‌देश्यमूलक शुद्ध आचरणपरक भए भने जीवन सुखी बन्दछ । जीवनलाई सुखमय बनाउन भौतिक विकास हुनुपर्छ तर त्यसमा आध्यात्मिक मान्यताले मार्ग निर्देशन गरेको हुनुपर्छ । दुबैको संयोजन भयो भने जीवन सुखी हुन्छ । नाटककार समले भनेका छन् - ज्ञान-विज्ञानको हात जोड्नुपर्दछ कर्ममा ।

**१०. नेपाली साहित्यका वर्तमान गतिविधिहरूप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

❑ वर्तमान समयमा नेपाली साहित्यले आफ्नो गतिविधिलाई निरन्तर क्रियाशील र विकसित गर्दै लगेको छ । नयाँ-नयाँ साहित्यिक पत्रिका थपिदै छन् । पुरानोले पनि आफ्नो निरन्तरता कायमै राखेका छन् र प्रज्ञा-प्रतिष्ठान लगायत विभिन्न संस्था नेपाली साहित्यको संवृद्धिमा क्रियाशील छन् । निजी संस्थाहरूले पनि पुरस्कारको व्यवस्था गरेर नेपाली साहित्यको स्तरीय लेखनलाई प्रोत्साहित गरेका छन् । राज्यको तर्फबाट समेत वार्षिक रूपले राष्ट्रिय प्रतिभा पुरस्कार तथा प्रादेशिक प्रतिभा पुरस्कारको व्यवस्था मिलाएर नेपाली साहित्यको संवर्द्धनमा योगदान पुऱ्याउँदै आएको छ । यस स्थितिमा नेपाली साहित्यको वर्तमान गतिविधिमा त्यस्तो असन्तुष्ट भइहाल्ने स्थिति छैन । तर एउटा प्रश्न भने छ, त्यो के भने नेपाली साहित्यका विधागत लेखनमा जसरी संख्यात्मक विकास भएको छ त्यसरी गुणात्मक विकास हुन सकेको छैन । गुणस्तरीय कृतिहरू त्यसरी संख्यात्मक रूपमा जन्मिएका छैनन् ।

**११. नेपाली व्याकरण विषयमा केही वर्ष यता फरक मतहरू पनि देखापरेका छन् । यसले गर्दा लेखकहरूमा द्विविधा पनि उत्पन्न गराएको देखिन्छ, यसमा हजुरको के दृष्टिकोण छ ? जान्न पाऊँ ।**

❑ नेपाली व्याकरण विषयमा खास गरी वर्णविन्यासमा दुई भेद देखिएका छन् - (१) मूल शब्द जुन स्रोतमा जसरी लेखिन्छ त्यसरी नै लेख्ने । आगन्तुक तत्सम शब्द पनि स्रोतअनुसार लेख्ने । जस्तै- शहर, खुशी, शुरू आदि । (२) संस्कृत तत्सम शब्द मात्र मूलअनुसार लेख्ने र आगन्तुक

तत्सम शब्दलाई उच्चारण अनुकूल नेपालीकरण गर्ने । जस्तै - सहर, खुसी, सुरू आदि । गरिब, महिना, तरिका, हजुर आदि ।

दोस्रो मत अहिले प्रचलनमा रहको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानको नेपाली बृहत् शब्दकोश (२०४०) ले यसरी नै शब्दहरू राखेको छ । कक्षा ११ को नेपाली कितावमा यही स्थिति छ । तर अहिले वैकल्पिक प्रयोगको मत पनि आएको छ - शहर, सहर आदि । समयक्रममा नेपाली व्याकरणको स्थिरीकरण हुँदै जानेछ । भाषाले पनि समय अनुसार परिवर्तन खोजेको हुन्छ । भानुभक्तको समयको नेपाली भाषामा र अहिलेको नेपाली भाषामा पनि परिवर्तन देखिएकै छ ।

ooo


**व्यावसायिक कारोबार गर्ने करदाताहरूलाई सूचना !**

- ☐ PAN लिएर मात्र व्यवसायिक कारोबार गरौं (सरकारी कार्यालयहरूले समेत) WPAN लिएर करकट्टी विवरण ETDS गर्नु पर्नेछ ।
- ☐ कारोबार गर्न छाडेमा PAN स्थगन गरौं । (PAN स्थगन नभएमा कारोबार गर्न छाडेको भए पनि कर दायित्वबाट उन्मुक्ति पाइने छैन ।)
- ☐ मदिरा तथा सुर्तिजन्य कारोबार गर्दा अन्त.शुल्क इजाजतपत्र लिएर मात्र कारोबार गरौं ।(नवीकरण प्रत्येक आ.व.को श्रावण महिनाभित्र गरौं ।)
- ☐ कारोबार भए वा नभए पनि नियमानुसार आय विवरण, मु.अ.कर विवरण र अन्त शुल्क विवरण पेश गर्ने गरौं ।
- ☐ प्रत्येक आ.व. समाप्त भएको ३ महिनाभित्र नियमानुसार आय विवरण र सो बमोजिमको कर दाखिला गरौं ।

**"करकानूनको पालना गर्नु हामी सबैको दायित्व हो"**

**करदाता सेवा कार्यालय**

तम्घास, गुल्मी

फोन : ०७९-५२१०१९, इमेल : tso_tamghas@ird.gov.np

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# सरस्वती वन्दना

✍ **मुकुन्द शर्मा चालिसे**
**काठमाडौं**

सरस्वती ! सुन्दर कर्मवाली ! म शुक्लकर्मा हुन तम्तयार
पाई तिमीबाट सहर्ष ताली समृद्धिमा जान गरूँ हतार ।।१।।

साहित्य हौ, शिल्पकला तिमी हौ नवैलिने साधुपदाधिकार
सङ्गीत हौ, मिष्ट गला तिमी हौ नयाँ नयाँ सिर्जनकी जुहार ।।२।।

परा तिमी हौ अपरा तिमी हौ छचल्किएकी रचनानुसार
धुरा तिमी हौ, मधुरा तिमी हौ मभित्र आफ्नै कविता हजार ।।३।।

जनस्थलीमा विजनस्थलीमा तिमीसँगै सिर्जन सत्यसार
सुमङ्गलीमा अनि जङ्गलीमा पसार मेरा सृजना पसार ।।४।।

असाध्य गोरी शशिकै समान शरीरमा शुक्ल सबै सिँगार
हटाइदेऊ तमका घुरान अगाडिको मार्ग खुलस्त पार ।।५।।

सौन्दर्य देखूँ अनि सत्य गाऊँ कल्याण लेखूँ म अनेक बार
सदैव तिम्रै कविता बनाऊँ छरूँ सदा कालजयी विचार ।।६।।

डुँगा चढैं, छाल छचल्किएमा तिमी मलाई बन कर्णधार
बतासिएमा कि हतासिएमा उतार पल्लो तटमा उतार ।।७।।

बनेर मानौं मनभित्र पानी पखालिदेऊ जति छन् विकार
हे ज्ञानकी ज्योति पवित्र वाणी ! विनीत मेरो सुन यो पुकार ।।८।।

ooo

**पुस्तकालयमा गई पत्र–पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# परिवर्तन

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल-१२, नवलपरासी**

ईश्वरीय सत्ता स्वीकार गर्नु आत्मबल कमजोर हुनु हो । आफ्नो पुरुषार्थमा विश्वास नगर्नु हो । सामर्थ्यवान्ले कमजोरहरूलाई दबाउने अस्त्र नै धर्म हो । धर्मले समाजमा अन्धविश्वास र रूढीवादलाई प्रोत्साहित गर्दछ । यसैले ईश्वरीय आराधनामा लागेर अन्धविश्वास अँगाल्नु मूर्ख्याइँ हो भन्ने मेरो विचार छ ।" उनले भने ।

"ए ! रघुवीरजी मुखमा जे आयो त्यही नबोल्नुहोस् न । समाजलाई मर्यादामा राखी सुकर्मतर्फ अभिमुख गराउने भनेकै धर्म हो । हरेक समाजलाई बाँध्ने अनुशासनको डोरी धर्म हो । धर्मको भयले मानिसले समाजमा कुकृत्य गर्न हिच्किचाउँछ । हरेक मानवसमाजको आआफ्नै मूल्य र मान्यताअनुरूपको धर्म छ । धर्म नाश भयो भने समाज रसातलतिर जान्छ । यसैले सत्य, न्याय र सम्पूर्ण प्राणीको हितमा आधारित धार्मिक विचार र कार्यकलाप सबैले स्वीकार गर्नुपर्दछ ।" आइतबहादुरले भने ।

"आत्मबल कमजोर भएकाले होइन सकारात्मक विचार भएका व्यक्तिले ईश्वरीय सत्ता स्वीकार गर्दछ ।" उनले थपे ।

"अँहँ, म तपाईंको विचारप्रति सहमत छैन । यस्तै व्यक्तिले गर्दा समाज अधोगतितर्फ लाग्दै छ । समाजमा यस्तै व्यक्तिले अन्धविश्वास फैलाइरहेछन् । धार्मिक आस्था राख्नेहरू रूढीवादका पक्षपोषक हुन् ।" रघुवीरले भने ।

समय व्यतीत हुँदै गयो ।

रघुवीर पनि प्रौढावस्थाबाट वृद्धावस्थामा पुगे । शरीर बलहीन भयो । उनलाई गाउँघर, छरछिमेकमा हिंड्दा पनि लौराको सहारा चाहिने भयो । दुई पाइला चालेपछि सास फुलेर टक्क रोकिएर आकाशतिर हेर्दै खुइय्य सास फाल्न थाले ।

उनका बाबुले लगाएको चौतारीको वरले पनि हाँगाबाट जरा निकाल्न लागेको थियो । नजिकैको गाउँ सानो बजारमा परिणत हुँदै थियो । कैशोर्यमा उनी साथीहरूसँग बसेर चियाचमेना गर्ने सानो बजार अहिले देशकै ठूला शहरमध्येमा गनिन्थ्यो । हिजो जनाधिकार स्थापनाको लागि घरबार त्यागियो भनेकाहरूका ठूलाठूला शहरमा आलिशान महल थिए । गाउँका सोझा जनताको जीवन झनै कष्टकर भइरहेको थियो । हिजो भोकभोकै जिन्दावाद र मुर्दावादको नारा लगाउनेहरू जहानको पेट पाल्नकै लागि कतिपय भारतका गल्लीगल्लीमा जागे रहो भनी चिच्याउँदै छन् । कतिपय अरबका सुदूर जङ्गलमा भेडाका बथानसँगै

हिंडिरहेछन् । जनताको सरकारले विदेशमा मजुरी गर्न गएकाहरूसँग पनि कसेर कर लिन थाल्यो । निकै परिवर्तन भएको अनुभूति गरे ।

अचेल उनी साँझबिहान पाञ्चायन पुज्छन् । ललाटमा त्रिपुण्डक, कानमा चन्दनलेपन, गलामा रुद्राक्ष धारण गर्दछन् । कसैलाई देख्नेबित्तिकै नारायण ! नारायण !! शब्दले अभिवादन गरिहाल्छन् । दिउँसोको समय दुई वर्ष पहिले भागवत सप्ताह लगाउँदा निर्माण गरेको मन्दिरमा बसी ईश्वरीय संकीर्तन गरिरहन्छन् ।

देश र रघुवीरमा आएको परिवर्तनको कारण आइतबहादुरले बुझ्नै सकेनन् ॥

ooo

# फ्यूज

✍ **मित्र 'उराठी' गौतम**
**अमरपुर, गुल्मी, हाल : तिलोत्तमा न.पा.-२, रूपन्देही**

आलिशान महल
सौन्दर्यले भरिपूर्ण
रङ्गिचङ्गी बल्बहरू
मनोहारी झूमरहरू
सप्तरङ्गी इन्द्रेणीसदृश
सबै प्रकाशको कमाल
रातको प्रहर
साँच्चै सुन्दर
उत्सवमय नाचगान
उल्लास, उमङ्ग
स्वर्गीय आनन्द
एक्कासि !
बिजुलीको फ्यूज उड्दा
झ्याप्प अन्धकार !
त्यत्रो भव्यता
त्यो स्वर्गीय आनन्द
एक पलमै ठप्प
चौतर्फी चकमन्नता ।
हो यस्तै
यो मनुष्य देह पनि
सोह्रशृङ्गारमा सजिएर
कति सुन्दर !
कस्तो विलासिता !
भोग, विलास
माया, मोह, अहंता
कत्रो महत्त्वाकांक्षा
लाग्छ अजम्मरी हुँ

तर
हेर्दाहेर्दै, चल्दाचल्दै
कति बेला चुँडिन्छ
भित्रको फ्यूज तार
हो देख्नै नसकिने
सूक्ष्म तन्तु
अनि सब बेकार
यो सुन्दर काया
क्षणभरमै
चेतनाविहीन पिण्ड मात्र
निर्देशक कहाँ छ कहाँ
प्राणी अभिनयको पात्र

ooo

# पश्चिमी जीवनशैली

✍ **विष्णुहरि पौडेल**
**कीर्तिपुर न.पा.-२, मैत्रीनगर, आदर्शमार्ग, काठमाडौं**

घुमें मैले धेरै मुलुक बुझियो चाल चलन
विदेशी मान्छेका,महल,लत, छोटा पहिरन ।
रबाफी छन् धेरै धन र सुविधाको तुजुक छ
परापृच्छा,आध्यात्मिक जगतदेखिन् विमुख छ ।१।

इसाई पाराका सुट र बुट,टाई सफरमा
कुरी ढाक्ने छोटो लघु वसन गञ्जी छ हरमा।
महाठण्डी,वाता-नुकुलित फलेके घर धुरी
कमारो झैं गर्छन् श्रम जिउन,तिन्कै चुरिफुरी।२।

कुनै खैरे, काले,कति त कुहिरे छन् धुरमुसे
भुँडे,मोटे,ढब्बे,अधिकतर च्याँसे अनि झुसे ।
खसी पाए खान्छन्, बिफ, सुँगुर, टर्की र कुखुरा
समुद्री हावाको डर छ र रचे वास बुकुरा ।३।

हिजाबी,पंजाबी चिनिन पनि गाह्रो कतिपय
जनै,टुप्पी,टोपी,परिचय दिंदा जान्छ समय ।
त्यहाँ द्यौता छैनन्,जप,तप, कहाँ यज्ञ, हवन
कहाँ भेट्ने पीताम्बर,मठ,-चिता राम-भजन ।४।

सबै रक्सी खाने,युवक युवती के हजुरबा
चुरोटे धेरै छन् म्युजिक क्लब, पिर्केपिङ, जुवा ।
कुमारी पाइन्नन् वय कुरकुरेमै लभ परी
बुबा-आमा त्याग्छन् प्रिय-प्रणयिनीकै मनपरी ।५।

चुलो कस्ले बालोस् अफिसतिर छन् भोजन गृह
अनौठा नास्ता छन् बरगर पिजा बन्दछ प्रिय ।
स्वदेशी खानाको तलतल हुने भेटिन कहीं
भुजा,च्यूरा, रोटी, भुटुन, चटनी, पायस, दही ।६।

कता होला खोल्ने चुकुल पिर शौचालय घर
अनेकौं चौबाटा न छ पदिक मान्छे वर-पर ।

कुदेका छन् गाडी सडक कसरी काट्नु सकस
नजाने अंग्रेजी परिचित हुनै लाग्छ दकस ।७।

कतै तिर्खा लागे सडक तटमा छन् पसल त
न छन् बेच्ने मान्छे मिसिन छ नबुझ्ने हबुगत ।
नसुझ्दामा जुक्ती अकिल पसिना झर्छ खलल
स्वदेशी माटो नै स्मृति पटलमा खुल्छ झलल ।८।

धनी थोरै नै छन् गरिबहरू गर्छन् मजदुरी
सधिन्छन् घोडा झैं कर र महगीको मजबुरी ।
मिले हप्ते छुट्टी क्लबतिर कुदे रङ्गरसमा
सके पैसा यस्तै लत छ कुहिरेका मगजमा ।९।

विदेशी कर्रा छन्,धनसित छ तिन्को मतलब
अघाएँ हेरेरै अरू मुलुक भो डुल्दिन अब ।
धरा हाम्रो राम्रो प्रकृति हरियो सुन्दर मन
म नेपाली डाँफे प्रिय छ हिम-फेदी रनवन।१०।

ooo


# सूचना !

**नगरको सौन्दर्यलाई प्रभावकारी बनाउन देहायको कार्य गर्नु गराउनुहुन नगरबासीहरूमा सूचित गरिन्छ ।**

- नगरपालिकाका प्रत्येक घरमा संभव भएसम्म कम्तीमा दुईवटा फलफूल तथा सौन्दर्यीकरणका बिरुवा रोपौं ।
- सडक पेटीमा व्यापारका सामग्री नराखौं ।
- सार्वजनिक सडकमा निर्माण सामग्री नराखौं ।
- नगरका सडकहरू रिपीच हुने भएकोले छत वा अन्य ठाउँको पानी सडकमा नफालौं ।
- नगरपालिकाभित्रका सबै कार्यालयहरूले कार्यालय परिसर र नागरिकले आफ्नो घर वरिपरि अनिवार्य सरसफाइ गरौं ।
- घरघरमा दुईवटा बिरुवा रोपण गरौं
- फोहोरजन्य बस्तुहरू भरसक आफैले नै विस्थापन गरौं । विस्तापन गर्न नसक्ने फोहोरलाई फोहोर उठाउने गाडीमा सुरक्षित लोड गरौं ।
- फोहोर व्यवस्थापन कार्ड नबनाएका व्यक्तिहरूले तुरुन्त नगर विकास तथा वातावरण संस्थामा गई कार्ड बनाऔं ।
- सडक पेटीमा सवारी साधन (बस,ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगरौं ।
- मुख्य बजारक्षेत्रभित्र सामग्री अनलोड गर्दा विहान ९:३० बजेसम्म र बेलुका ४:०० बजेपछि गरौं ।
- हाम्रो शहर सुन्दर शहर बनाउन नागरिक दायित्व पूरा गरौं । उपयुक्त सूचनाको पालना नगरेमा कानुनअनुसार जरिमाना गरिने छ ।

# रेसुङ्गा नगरपालिका, गुल्मी

# रतनगंजको रेक्सावाला

✍ **वासु जमरकट्टेल**
**शिवराज-८, लक्ष्मणपुर, कपिलवस्तु**

काँधमा भिरेको मैलोमैलो गम्छाले निधारबाट तप्केका पसिना पुछ्दै ऊ भन्दै थियो,"हजुर मलाई त यो ठाउँमा बस्न मनै छैन । बोर्डर त इज्जतिलो मान्छे बस्ने ठाउँ नै होइन हजुर । के गर्ने यहीँ जन्म भयो, राम्रो नराम्रो यहीँ गरियो । मान्नुहोस् हजुर राम्रो र सिधा कारोवार गरेर कमाउने र रमाइलो मान्ने यो ठाउँमा कोही छैन" ।

मान्छे कालोकालो, पातलो अग्लो छ । केही दिनदेखि नकाटिएका दाडी, जुङ्गाले मुख छोपेको छ । टायरका चप्पल, उल्टाएर हाफ बाँधेको लुङ्गी, पसिनाले लछ्याप्पै भिजेको डुप्लिकेट डोराको बन्डी लगाएको छ । देश दुनिया बुझ्नेजस्तै, कुरा बडा गम्भीर छन् उसका । ऊ एकोहोरो आफ्नै सुरमा बोलिरहेछ ।

"किन यसो भन्दैछौ हो भाइ" ? वडो उत्सुक हुँदै चन्द्रकान्तले ऊसँग सोध्यो ।

उसले चन्द्रकान्तको कुरातिर ध्यनै नदिई आफ्ना कुरा पोख्दै गयो, "हजुर दिनभरि यताको माल उता, उताको माल यता, नुनलाई सुन र सुनलाई नुन जे भन्दा फाइदा हुन्छ त्यही गर्छन् यहाँका मान्छेहरू । सरकारी करमचारीहरू पनि कहिले बलुवालाई गिट्टी त कहिले गिट्टीलाई बलुवाको भाउमा कारोवार चलाउँछन् । मात्र नाफाको कारोवार, कुनै न कुनै तरिकाले ठग्ने वा छल्नेभन्दा अर्को हिसाबकिताब दिनभरि हुँदै हुँदैन हजुर" ।

"ऐ भैया ! यता सुन त म केही सोध्छु" चन्द्रकान्तले अरू जोड गरेर बोलायो । तर उसले सुन्दै सुनेन । खाइलाग्दो मान्छे भेटेकाले उसको कुरा सुन्नुभन्दा आफ्ना कुरा ओकल्न आतुर थियो ऊ ।

उसले पुनः बडेमनाको झोलाबोकेर दसगजा पार गर्दैगरेको एउटा फुच्चेलाई देखाउँदै भन्यो, "ऊ त्यो केटा छ नि हजुर ! त्यो मेरै गाउँको मक्बुल मुसलमानको लड्का हो । बहुतै फरवाड छ । सानैमा धेरै धन्दा सिकिसकेको छ हजुर । मैले मक्बुललाई कति भनें छोरोलाई पढाइमा लगा, तेरो छोरो पढ्नमा तेज होलाजस्तो छ । ऊ भन्छ हजुर, पढेर के गर्छ । काम सिकेको छ कमाइहाल्छ नि । मसँग झगडै पऱ्यो । पैसा नै कमाउने र पेट पाल्नमात्रै त जन्मेका होइनौँ हामी कि कसो हजुर ? यहाँका मान्छेको दिमागमा पैसाबाहेक

अरू केही बसेकै छैन हजुर । पैसा मात्रै देख्ने मान्छेको दिमागमा कसरी नयाँ कुरा घुसाउँन सकिन्छ होला हजुर" ? उसले प्रश्न गऱ्यो ।

चन्द्रकान्तले उसको प्रश्नको जवाफ दिन खोज्यो । उसले मुख खोल्न नपाउँदै उसले आफ्नै कुरा सुरू गरिहाल्यो, "चोरी चकारी के जानेको छैन ! जान्नुहोस् हजुर भोलिको यो ठाउँको डन यही केटो हो । हप्ता असुली मारकाट भोलिका अखवारका समाचारमा आउने यही हो हजुर । एउटा कट्टुवा किनेको छ । लडभिडमा अगाडि नै छ । उस्तै ग्याङ बनाएको छ" । उसले अलि प्रसङ्ग बदल्दै भन्यो, "यो ठाउँ कहिले सुध्रने होला हजुर । फुच्चे नै भए पनि यो केटाले हजुर यो बजारका मै हुँ भन्ने सेठको लागि काम गर्छ । एकैक्षण हेर्नुहोस् हजुर त्यो केटाले यो माल कसरी उसपार लैजान्छ । यसले त हजुर पुलिस र भन्सारका मान्छेलाई पनि एक पैसा दिँदैन" ।

रेक्सावालले रेक्सा रोक्यो । रेक्सा रोकेपछि चन्द्रकान्तले बडो ध्यानपूर्वक त्यो केटालाई दृष्टिपात गऱ्यो । नभन्दै बडो निपुण तरिकाले उसले माल पार गरायो ।

नेपाल-भारत सीमाक्षेत्रका अरू बजार जस्तै रतनगंज पनि व्यस्त बजार हो । एक नम्बरी भन्दा दुई नम्बरी कारोबारको लागि चर्चित यस बजार र आसपासमा जन्मेको मान्छे गर्भदेखि नै दुई नम्बर धन्दा र पुलिस प्रशासनलाई मिलाउने काम सिकेर आएको हुन्छ भन्ने आम भनाइ नै छ ।

चन्द्रकान्तले पनि यो बजारको बारेमा अखबारमा थुप्रै समाचार पढेको थियो । मान्छेको मुखबाटै पनि यो बजारका रमाइला कहानी सुनेकै थियो । यताउता कतैका पुलिस प्रशासनको केही चल्थेन रे ! जमनामा नेपाल-भारत दुबैतिर नामचलेका डनहरूको हेडक्वार्टर यही ठाउँ मानिन्थ्यो रे ! दाउददेखि छोटे राजनका चेलाचपेटाहरू यही ठाउँलाई आधार बनाएर आफ्ना भूमिगत गतिविधि सञ्चालन गर्थे भन्ने कुरा उसलाई राम्रैसँग थाहा छ ।

चन्द्रकान्तले आफ्नो नजिक आउँदै गरेको उही केटोलाई संकेत गर्दै सोध्यो, "ऐ भाइ ! त्यो केटा हैदर वेगको भाइभतिजा त पर्दैन ?" नाई हजुर । यो त हैदर वेगको पनि दादा बन्ला जस्तो छ । हैदरसँग हामीले काम गरेको हो । हैदर त मेरै दोस्त नै थियो हजुर । ऊ यस्तो थिएन हजुर । उसले त मेरै कति लातमुक्का खाएको थियो हजुर । यो त हजुर आजभोलि नै हामीलाई चुतिया बनाउँछ । अँस्ति मात्रै धन्दै मलाई नै फँसाइ छोडेको हजुर । यसको काम गर्ने केटा को हुन् ? को हुन् ? हामीलाई त के यताउता कतैका पुलिसलाई थाहै छैन हजुर" उसले भन्यो ।

उसका कुरा सुनेर उसलाई कसरी चुतिया बनाएछ जान्ने उत्सुकताले चन्द्रकान्तले सोध्यो, "कसरी चुतिया बनायो त उसले तिमीलाई" ?

रेक्सावालाले मुख खोल्न चाहेन । चन्द्रकान्तले पुनः जोड गरेपछि उसले भन्यो, हजुर कसैले काम गरेर खाएको कुरा गर्नु हाम्रो धरमले त दिँदैन ! कसरी भनूँ ? चन्द्रकान्तले पुनः कर गरेपछि मात्रै उसले मुख खोल्यो, "हजुर एउटा नपत्याउँदो फुच्चे मेरो रेक्सामा चढी गयो । सानो झोला लिएको थियो । कहाँ जान्छस् भनी सोध्दा उसपार बुबा (फुपू) कहाँ जाने हो भन्यो । त्यहीं दिन उसपार एसएसविको तगडा चेकिङ रहेछ । उसको झोलामा गाँजा भेटिहाल्यो । उसलाई त छोडेन म बडो अनुनयविनयले हाम्रोतिरका थानेदार सापको सिफारिसमा छुट्न सकें । पछि इन्क्वरीले त्यो फुच्चेसँग झोला त्यही केटोले पठाएको हो भन्ने थाहा भयो । तर के गर्ने हजुर पुलिसले कतिप्रयास गर्दा पनि प्रमाण जोड्न नसकी उसलाई केही गर्न सकेन" ।

चन्द्रकान्त नाम चलेको लेखक हो । ऊ रतनगंज र हैदर वेगको विषयमा केही लेख्न चाहन्थ्यो । हैदर वेग रतनगँजको मात्रै नभई उतायता दुबैतिरको नाम चलेको डन थियो । उसको नाम सुनेपछि मै हुँ भन्नेहरू पनि तर्सन्थे । कुनै चलचित्रको नायक जस्तो सानातिना मान्छेहरू उसको लागि ज्यान दिन्थे रे !

हैदरका प्रशस्तै रोचक काहनी मान्छेको मुखबाट चन्द्रकान्तले सुनिसकेको थियो । उसको दाउदसँग कसरी सम्पर्क भयो । उसले कस्ताकस्ता गतिविधि सञ्चालन गर्‍यो । अन्त्यमा छोटे राजन समूहले उसलाई कसरी हत्या गरे जस्ता उसका अन्तरंग कुरा उसैका साथीसँगीहरूको मुखबाट सुनेर आफ्नो अगिल्लो किताबलाई आर्कषक बनाउन चाहन्थ्यो चन्द्रकान्त । यही उद्देश्य लिएर ऊ रतनगंज आएको थियो । यतिवेला उसलाई हैदर वेग मात्रै होइन अर्को पात्र पनि मिल्यो । उसको ध्यान अन्त्य भइसकेको हैदरको कहानीभन्दा यो केटातिर तानियो । रेक्सावालाको कुरा सुनेर उत्सुक हुँदै चन्द्रकान्तले त्यो केटालाई बोलाउन भन्यो ।

पहिला त रेक्सावालाले अन्कनाउँदै भन्यो, "नाई हजुर यो केटा खराब छ मुख छोडिहाल्न पनि बेर लगाउँदैन" । चन्द्रकान्तले करै गरेपछि उसले आफ्नो स्थानीय भाषामा बोलायो, "ऐ अनारूल ! अनारूल हो" ! उसले जवाफ दियो "हँ चाचा के हो" ? रेक्सावालाले भन्यो, "यता आइज त बाबु तँलाई मालिक सावले बोलाउनु भएको छ" । पहिला त ऊ कस्तो मान्छे हो भन्ने सोची आउन अनकनायो । उसले पुनः जोड गरेर बोलाएपछि खल्तीबाट पुकार निकालेर मुखमा फाँको हाल्दै उनीहरू भएतिर आयो ऊ ।

एउटा अपराधी जस्तै चन्द्रकान्तको अगाडि उम्मिएको छ ऊ । चन्द्रकान्त उसलाई हेरिरहेछ । भर्खर ओँठमाथि जुङ्गाको रेखी बस्दैछ । पातलो शरीर कपाल कोरेको छैन । उसपारका सस्ता चप्पल, पुकारले ओँठमा कलेटी परेको छ । झलक्क हेर्दा दाँत खिया लागेको फलाम जस्तै देखिन्छन् । यो केटालाई देखेपछि चन्द्रकान्तलाई रेक्सावालाको कुरामा विश्वास लागेन ।

तीनै जना मौनमौन छन् । केटा पुकार चपाइरहेछ । यस्तैमा पकेटबाट पुकार निकालेर रेक्सावालालाई दिंदै केटोले सोध्यो, "चाचा के हो ? केही काम छ ? साहेपको माल कही पठाउन छ कि" ? रेक्सावालाले भन्यो, "मलाई थाहा छैन किन हो साहेपले तँलाई बोलाउनु भएको छ" । रेक्सावालाको कुराले केटो तर्स्यो । कहिल्यै नदेखेको नयाँ मान्छे हो, आफ्नो धन्दामा दखल दिने त होइन भन्ने लाग्यो उसलाई ।

उसको अनुहारको भाव चन्द्रकान्तले पढ्यो । केही बुझेजस्तै उसले भन्यो, "बाबु तिमी मलाई राम्रो मान्छे लाग्यो । तिमीले मलाई रतनगंजबजार सबै घुमाइदेऊ । हुन्छ" ? केटोले चन्द्रकान्तका कुरा पटक्कै बुझेन र रेक्सावालासँग सोध्यो । रेक्सावालाले उसलाई चन्द्रकान्तले के भन्यो बताइदिएपछि केटो उसँग घुम्न नसक्ने कुरा गरेर आफ्नो बाटो लाग्यो ।

केटो आफ्नो बाटो लागेपछि रेक्सावलाले भन्यो, "यो केटाले नेपाली पटक्कै बुझ्दैन हजुर । यहाँमात्रै दादागिरी देखाउँने हो । अहिलेसम्म बुटवल, नारायणघाट, हेटौंडा कतै पुगेको छैन हजुर" । चन्द्रकान्तले आश्चर्य मान्दै सोध्यो, "तिमीले कसरी जान्यौ त ? तिमी त राम्रो नेपाली बोल्दैछौ" । रेक्सावलाले भन्यो, "मेरो कहानी पनि हैदर वेगको भन्दा कम छैन हजुर । मेरो त दसा बिग्रेर रिक्सा चलाउनुपरेको हो ! नत्र म पनि टाटा सुमोमा चड्ने मान्छे हुँ हजुर" । उसको कुरा सुनेपछि चन्द्रकान्तले सोध्यो, "कसरी यो अवस्थामा आयौ तिमी"? उसले आनकनाउँदै भन्यो, "हजुर म पहिला कपडाको धन्दा गर्थें । लाइन मिलाउँदा मिलाउँदै पनि एकै पटक कसरी कसरी तीन ट्रक कपडा काठमाडौंको पुलिसले झ्याप पारेपछि तीन वर्ष जेल बस्नुपर्‍यो । छुटेपछि दुःख गरेर फेरी खुद्रा मालको कारोबार सुरू गरेँ । त्यो पनि सफल भएन । बीचको इन्डियन दलालले सबै पैसा खाएर भाग्यो । त्यसपछि गाडी तस्करहरूको संगतमा सानोतिनो कारोबार सुरू गरें हजुर । तीन चार वर्षमा दुईवटा गाडी पनि जोडेको थिएँ । फेरी दसा लाग्यो हजुर । पाटनरहरूले ऊ त्यो जङ्गलमा ड्राइभरलाई मारेर ट्रक लुटेछन् । कताबाट लासको आसपासमा खसेको पर्समा मेरो लाइसेन्सको फोटोकपी भेटिएछ । धरोधर्म हजुर मैले त्यस्तो अपराध केही गरेको थिइन, दस वर्ष जेल काटेर आएको एक वर्ष भयो हजुर । परिवार

छोराछोरी एकातिर आफू अर्कोतिर । यो दुई नम्बरी धन्दाभन्दा खराब केही छैन हजुर । सबै, सबैको दुश्मन । अलिकति चहलपहल देखे भने आफूभन्दा अगाडि नजाओस् भनी सबै उसैको खुट्टा काट्न थाल्छन् । यो धन्दामा जम्नुभन्दा मन्त्री माननीय बन्न सजिलो छ हजुर" ।

चन्द्रकान्तले उसको हृदयविदारक कहानी सुनेर दुःख प्रकट गर्दै आफू यहाँ आउनुको कारण उसलाई बतायो । रेक्सावला पनि उसको कुरा सुनेर खुसी हुँदै उसलाई रतनगंज घुमाइदिन राजी भयो ।

रेक्सावला आफ्ना कुरा सुनाउँदै रेक्सा चलाइरहेछ । रतनगंजको भिडभाड । फोहोर सडक, फोहोर नाली, मान्छेभन्दा धेरै झिंगा, त्यतातिर कसैको ध्यानै नगए जस्तो देखिन्छ । मान्छेहरूका आँखा पढ्दा पनि बेचैन, कुनै न कुनै मौकाको खोजीमा अधैर्य भएर भौंतारी रहेजस्ता लाग्ने ।

बोर्डरमा पाइला राख्नै नसकिने मान्छेको भिड छ । कोही कुटुरो बोकेका छन् । कोही घरायसी सामानको झोला बोकेर यताउति गर्दैछन् । पुलिसहरूलाई फुर्सत छैन । मुखमा आमाचक्कर गाली, मान्छेहरूका कुटुरा छामेजस्तो गर्दै दस पाँच असुल्न व्यस्त छन् । चन्द्रकान्त रमाइलो मान्दै चारैतिर नजर लगाइरहेछ । भन्सार कार्यालयको नजिक पुगेपछि रेक्सावालाले देशका नामचलेका उद्योगी व्यापारीको नाम लिंदै भन्न थाल्यो, "यो मान्छे फलानाको एजेण्ट हो, ऊ त्यो फलानाको" सबैको नालिबेली सुनाइदियो उसले ।

तराइको गर्मी । रेक्सावाला असिनापसिना भएको छ । उसले पुलिस चौकी नजिकको छायाँमा रेक्सा रोकेर गम्छाले पसिना पुछ्दै भन्यो, "हजुर अहिले त के कस्तो छ थाहा छैन पहिलेको जमानामा त्यो नाका सिडियो र एसपी सापको नाममा थियो । यो नाकामा डिआइजी सापको मान्छे बस्थ्यो । पल्लोमा एसएसपी सापको हिस्सा थियो । यो चौकीभन्दा माथिको कारोवार मात्र यहाँको थानेदार गर्दथ्यो । यहाँका नाकाका ठेकेदार कसैले कसैलाई टेर्दैनथे । फुलीको त केही मतलब हुन्थेन हजुर । माथिका मान्छेका कारिन्दाले भला सिपाही हुन्थे, एसपीको सरूवा गराउने धाक लगाउँथे" ।

उसका कुराले चन्द्रकान्त दङ्ग पर्‍यो । रेक्सावालाले कुरा गरेका मान्छेहरू सबैलाई राम्रोसँग चिन्दथ्यो ऊ । उसले रतनगंज जस्तो सानो ठाउँमा आएपछि मात्र जान्यो तस्करीको जालो कहाँसम्म कसरी फैलिएको हुँदोरहेछ भन्ने कुरा ।

रेक्सावालाले उसलाई हैदर वेगको घर देखाइदियो । रतनगंजका गल्लीगल्ली घुमाइदियो । हैदर र उसका चेलाचपेटाहरूको रोचक कहानी सुनायो । सुनेका कहानीका पात्रहरू आँखैले देख्न पायो उसले ।

घुम्दा घुम्दै रात पर्‍यो । चन्द्रकान्तलाई साँझको सितल हावामा अरू घुम्ने रहर थियो । तर रेक्सावालाले थाकेको अनुभव मात्रै गरेन, अरू ढिला गरे घरमा पुग्न पनि अप्ठ्यारो हुने कुरा गर्‍यो । चन्द्रकान्तले उसको कुरा स्वीकार्‍यो ।

चन्द्रकान्तले उसलाई दिनभरिको भाडा एकमुष्ठ सात सय रूपैयाँ दियो । उसलाई खाजा खान सय रूपयाँ त केटाकेटीलाई मिठाइ लैजान दुई सय रूपयाँ गरी रेक्सावालाको जम्माजम्मी  कमाइ एक हजार रूपयाँ भयो ।

रेक्सावाला दङ्ग पर्‍यो । जेलबाट छुटेपछि एकमुष्ठ एक हजार रूपैयाँ उसको हातमा परेको आजै हो । बिदा हुने बेलामा चन्द्रकान्तले भन्यो, "तिमी भोलि बिहानै आऊ । अझै मलाई केही दिन यो ठाउँ घुम्नु छ । अनि त्यो केटालाई जसरी भए पनि फकाएर ल्याऊ है" । रेक्सावालाले उसको कुरा स्वीकार्दै भन्यो, "हुन्छ हजुर म जसरी पनि ल्याई छाड्छु । हजुर साप यो ठाउँ ठिक छैन । नौलो मान्छे देखेपछि यताउता दुबैतिरका बदमासहरू पछि लागिहाल्छन् । हजुर रातविरात होटलबाट बाहिर ननिस्कनु होला । कोठा राम्रोसँग बन्द गरेर सुत्नु होला । यति बेला मलाई नै घरमा पुग्न अप्ठ्यारो छ हजुर । दुई चार सय भए पनि लुट्न लोफरहरू बाटो ढुकेर बसेका हुन्छन्" । उसको कुरालाई चन्द्रकान्तले उस्तो ध्यान दिएन ।

रेक्सावाला चन्द्रकान्तलाई नमस्कार गरी खुसी हुँदै आफ्नो बाटो लाग्यो । चन्द्रकान्त होटलको कोठामा पल्टेर आफ्नो भावी उपन्यासको रूपरेखाको कल्पना गर्न थाल्यो ।

चन्द्रकान्तलाई रात बिताउँन अप्ठ्यारो परेन । होटलको कोठा सुविधासम्पन्न थियो । यति सानो ठाउँमा यो सुविधाको कल्पना नै गरेको थिएन उसले । खाना उस्तै छ । होटलका काम गर्ने केटाहरू पनि राम्रै लाग्यो उसलाई ।

उज्यालो भयो । ऊ सधैँजस्तै मर्निङ वाकमा निस्केन । न उसले कुनै किताब निकालेर पढ्न थाल्यो । बरू, उसले स्थानीय एफ.एम.को समाचार सुन्न थाल्यो । उसको ध्यान समाचारतिर पनि खासै थिएन । वस्तवमा ऊ उही रेक्सावालाको पर्खाइमा थियो ।

ऊ तन्द्रामा थियो । समाचारमा रतनगंजको नाम आयो । उसको ध्यान त्यतैतिर तानियो,"...हिंजो राति रतनगंजबाट १६ वर्षे अनारूल मुसलमान र ५५ वर्षे रिक्साचालक वहिद मुसलमान भारतीय अपराधिक गिरोहबाट अपहरित । स्थिति अज्ञात...."।

चन्द्रकान्त दङ्ग पर्‍यो । स्तब्ध पनि भयो ऊ । उसले यो समाचार पत्याउन सकेन । वस्तवमा यो सत्य थियो । उनीहरू दुबै अपहरणमा परेकै हुन् ।

रतनगंज बजारमा उनीहरूको अपहरणको बारेमा चर्चापरिचर्चा हुन थाल्यो । कोही के भन्छन्, कोही के, उनीहरूको अपहरणको बारेमा होटलका कर्मचारीहरूले पनि विभिन्न अड्काल काटे । चन्द्रकान्तलाई कसैका कुनै अड्कलमा चित्त बुझेन ।

ऊ उनीहरूको अपहरणबाट दुखीमात्रै भएन, बेचैन पनि भयो । सम्भव नभए पनि उसले मनमनै उनीहरूको सकुशल फिर्तीको कामना गर्‍यो ।

चन्द्रकान्तले त्यो रिक्सावालालाई भित्रैदेखि सम्झ्यो ।

उसको मस्तिष्कमा रेक्सावालाको उही वाक्य गुञ्जिन थाल्यो, "हजुर मलाई त यो ठाउँमा बस्न मनै छैन । बोडर त इज्जतिलो मान्छे बस्ने ठाउँ नै होइन हजुर । के गर्ने यहीँ जनम भयो, राम्रो नराम्रो यहीँ गरियो । मान्नुहोस् हजुर, राम्रो र सिधा कारोबार गरेर कमाउने र रमाइलो मान्ने यो ठाउँमा कोही छैन" ।

०००


## जिल्लाबासी शिक्षक, अभिभावक, विद्यार्थीहरूमा हार्दिक अनुरोध !

**१. वर्षाको मौसम भएका कारण छाता, रेनकोट लिएर मात्र विद्यार्थीलाई विद्यालय आउने–जाने वातावरण सृजना गरौं ।**

**२. विद्यालय, परिवार वा अन्यत्र जहाँसुकै भएपनि साबुन पानीले हात धोएर मात्र खाना तथा खाजा खान प्रेरित गरौं ।**

**३. संक्रामक रोगको प्रभाव विद्यमान रहेकोले मास्क लगाएर मात्र यात्रा गर्ने/गराउने कार्यलाई निरन्तरता प्रदान गरौं ।**

**४. पत्रु खाना (जङ्क फुड) लाई निरुत्साहित गरी स्वस्थ, स्वच्छ, ताजा एवं पोषणयुक्त खाना/खाजाको लागि उपयुक्त वातावरण सृजना गरौं ।**

# शिक्षा विकास तथा समन्वय इकाइ

तम्घास, गुल्मी

# कविता हुँदैन

✍ **रुद्र झवाली**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

लालित्य माधुर्य र मुर्च्छना होस्
जीवन्त होस् जीवनको कला होस्
सौन्दर्य त्यस्तो यदि भेटिदैन
लेखेर मात्रै कविता हुँदैन

उद्देश्य होस् चिन्तन चेतना होस्
आवेग संवेग र वेदना होस्
संवेदना यो यदि लेखिदैन
पोखी गुनासो कविता हुँदैन

दृष्टान्त होस् दृष्टि र कल्पना होस्
उत्साह ऊर्जा अनि प्रेरणा होस्
सुन्दा कतै च्वास्स छुँदै छुँदैन
के काम त्यस्तो कविता हुँदैन

लेखिन्छ नारा जब तुच्छ गाली
मिल्छन् त्यतै तारिफ वाह ताली
साहित्यमा भाषण काम छैन
लेखेर नारा कविता हुँदैन

आक्रोश ईर्ष्या अनि क्षुद्र भाषा
विद्वेष कुण्ठा मनको निराशा
जुन् काव्यमा लक्ष्य भेटाइँदैन
छादेर कुण्ठा कविता हुँदैन

या गद्यमा या गण सूत्रमा होस्
होस् लक्षणा, बिम्ब र व्यञ्जना होस्
भावार्थ यस्तो यदि पाइदैन
सारांशमा त्यो कविता हुँदैन

होस् काव्य यस्तो कि विकार भागोस्
पढ्दा स्वयम् भित्र मनुष्य जागोस्
जुन् काव्यमा मानवता हुँदैन
लेखेर त्यस्तो कविता हुँदैन

ooo

# सत्य पत्ता लगाउने 'नेति नेति' मार्ग

✍ **डा. बाबुराम झवाली**
**शङ्करनगर, रूपन्देही**

सत्य जान्ने दुई विधि अथवा दुई एप्रोच छन् । एउटा वाया पोजिटिभ, एउटा वाया निगेटिभ । यो पनि हो, त्यो पनि हो को एप्रोच । एउटा केही भए पछि पुग्यो । मूर्तिलाई ईश्वर हो भनेपछि ढुंगो पनि ईश्वर हो । सत्य हो । त्यसमा त्यो सबै कुरा छ, जुन ब्रह्माण्डमा छ ।

**सर्वं खल्वमिदं ब्रह्म_ ।**

कसैलाई सोध्यो कि घर कुन हो ? भित्तो छोएर यो घर हो भने पनि हुन्छ । झ्याल देखाएर यो घर हो भने पनि हुन्छ । सिलिंग, छानो देखाएर त्यो घर हो भने पनि हुन्छ । यो पनि घर हो, त्यो पनि घर हो । यो सबै घर हो । घरको कुनै एउटा वस्तुलाई घर यो हो भने पुग्यो, किनभने त्यसबाट घरको बारेमा थाहा भइहाल्छ । कारखाना कुन हो भनेर सोध्यो भने मेशीनलाई देखाएर यो कारखाना हो भन्न सकिन्छ, कामदार देखाएर कारखाना हो भन्न सकिन्छ । उत्पादन भइरहेका वस्तु देखाएर यो कारखाना हो भन्न सकिन्छ । कुनै एउटा कुरा देखाए पछि अरू कुरा स्वतः आउँछन् ।

गीतामा भनिएको छ नि म यो पनि हो, त्यो पनि हो । यसमा पनि छु, त्यसमा पनि छु । आदित्यमा विष्णु, ज्योतिहरूमा सूर्य, नक्षत्रहरूमा चन्द्रमा, इन्द्रियहरूमा मन, पवित्र गर्नेमा वायु, नदीहरूमा गंगा, शस्त्रधारीमा राम हुँ । यो पनि हो, त्यो पनि हो ।

कुनै एउटा जाने सत्यको नजिक पुगिन्छ । यो वास्तवमा ज्ञानको विपरीत बाटो हो । यो विश्वासको, भक्तिको मार्ग हो । एउटा मानेपछि पुग्यो । त्यसैले यो मान्ने बाटो हो । तर यस बाटोबाट सत्य जान्दा त्रुटिका सम्भावनाहरू पनि छन् । कसैले कोसे ढुङ्गा, माइल स्टोनलाई नै लक्ष्य ठान्न थाल्यो भने ? कुनै बोर्डलाई लक्ष्य मान्यो भने गल्ती हुन गयो ।

अर्को एप्रोच यसको विपरीत छ । यो पनि होइन, त्यो पनि होइन । यस विधिका आविष्कारक र प्रयोगकर्ताको रूपमा महर्षि याज्ञवल्क्य देखापर्छन् ।

वेदाथात आदेशो नेति नेति । न ह्येतस्मादिति नेत्यन्यत्परमस्ति ।अथ नामधेयं सत्यस्य सत्यमिति ॥ बृहदारण्यक २,३.६ ॥

याज्ञवल्क्यले भनेका छन्- अब सत्य जान्नका लागि सर्वोत्कृष्ट उपदेश 'नेति नेति' हो । अन्य कुनै उपदेश यति उत्कृष्ट छैन ।

याज्ञवल्क्यले सबै विधिहरूमा नेति नेति विधिलाई उत्कृष्ट ठानेका छन् । नेति नेति अर्थात् सत्यलाई अर्को तरिकाले जान्ने एप्रोच, विधि ।

यो पनि हो, त्यो पनि हो, आइदर दिस अर द्याटको ठीक विपरीत नेति नेति विधि हो । यो पनि हो, त्यो पनि हो वाया पोजिटिभ विधि हो भने नेति नेति वाया निगेटिभ हो । नेति नेतिको अर्थ हो न इति, न इति । यो होइन, यो होइन । दिस इज नट, दिस इज नट । नाइदर दिस नर द्याट । यो पनि होइन, यो पनि होइन । त्यो पनि होइन ।

यस विधिको प्रयोग कसरी गरिन्छ त्यसको उदाहरण यस प्रकार छ-

**तत्त्वमस्यादिवाक्येन स्वात्मा हि प्रतिपादितः ।**
**नेति नेति श्रुतिर्ब्रूयादनृतं पाञ्चभौतिकम् ॥** अवधूत गीता १.२५॥

ब्रह्म जान्नेले पहिला आफू के होइन त्यो जान्नुपर्छ । त्यसपछि जे बाँकी रहन्छ, त्यो सत्य हो भनी बुझ्नुपर्छ । पाञ्चभौतिक शरीरलाई म मान्नु असत्य हो । त्यो भासित म मात्र हो । वास्तविक म होइन ।

यस ज्ञान विधिको आधार के हो भने जुन कुरा मैले देख्छु त्यो म होइन । जुन कुरा मैले अनुभव गर्न सक्छु त्यो म होइन । मैले अनुभव गरेकोले म भन्ने कुरा फरक हो । गिलास मैले देख्छु, त्यसैले म गिालस होइन । मैले आँखाले देख्छु, त्यसैले आँखा म होइन । यसरी आफूलाई जान्नु पर्छ । यो नेति नेति विधि हो । यस विधिको प्रतिपादन याज्ञवल्क्यले गरेका हुन् ।

उदाहरण- झ्याल घर होइन । भित्ता घर होइन । सीढी पनि घर होइन । छानो पनि घर होइन । यस विधिबाट समग्र घरको जानकारी लिनु नेति नेति विधि हो ।

पात छोएर रुख हो ? होइन । कसैले पातलाई मात्रै रुख ठान्यो भने । पात टिपे रुख लिएर हिंडे. भन्यो भने । पात दिएर रुख बेचें भन्यो भने । हाँगामात्रै पनि रुख होइन, जरा मात्रै पनि होइन, फूल होइन , फल होइन ।

त्यसैले यो ज्ञान मार्ग हो । जान्ने विधि हो, यो मान्ने विधि होइन, जान्ने विधि हो ।

एउटा सुनारले आफ्नो छोरालाई सेफको साँचो दिएर भन्यो- भित्र जाऊ सुन राखेको छ झिकेर ल्याऊ ।

छोरो गयो । एक छिनपछि रित्तै फर्केर आयो ।

छोरो - सुन त भेटिनँ । औंठीहरू छन् । हार छ । गहना छन् । तर सुन छैन ।

सुनार - त्यो सबै सुन हो । जुनसुकै गहना ल्याएको भए हुन्थ्यो ।

एउटा ग्राहक महँगो मूर्ति पसलमा गएर सोध्यो - गणेशजीको मूर्तिको मूल्य कति हो ?

पसलेले रेट बतायो ।

ग्राहक- अर्को मूर्ति मुसाको थियो । उसको रेट सोध्यो ।

पसले - यसको रेट पनि त्यही ? बराबर छ ।

ग्राहक- गणेशजी भगवान् हो । मुसो जनावर । दुबैको एउटै रेट ?

सुनारले भन्यो - हजुर, दुबैको रेट उही । तपाईंले गणेशजी र मुसो देखे पनि मेरो लागि दुबै सुन हो र दुबै मूर्तिको तौल बराबर छ । त्यसैले रेट बराबर हुन्छ । मैले त तौलेर हेर्ने हो ।

हामी बाटोमा हिँड्छौं किनभने आफ्नो ठान्छौं, सोच्छौं यस बाटोमा मेरो हक छ ।

सडक कसको हो ? मेरो पनि हो, तेरो पनि हो, उसको पनि हो । सबैको हो । मेरो हक छ । त्यसैले म अधिकारपूर्वक सडकमा हिँड्छु ।


तर सडक मेरो पनि होइन, यसको पनि उसको पनि होइन, कसैको पनि होइन । किनभने यो सार्वजनिक हो ।

सार्वजनिक भनेको के हो ? सडक मेरो हो भनेर हिंड्न पाइन्छ, सुरक्षा गर्न पाइन्छ । तर अरू कसैलाई रोक्न पाईंदैन । सार्वजनिक बाटोमा कसैलाई तँ न हिँड भन्न पाइन्न । किनभने यो उसको पनि सम्पत्ति हो ।

चिकित्साशास्त्रमा नेति नेतिको विधि प्रयोग गरिन्छ । कुनै मानिसलाई ज्वरो आएको छ भने चिकित्सकले ज्वरोलाई कारण ठान्दैन । ज्वरोको कारण के हो त्यसलाई हेर्छ । अर्थात् संक्रमणको कारणले ज्वरो आएको हो भन्ने बुझ्छ । यस पछि उसले यो पनि होइन, त्यो पनि होइनको विधि प्रयोग गरेर संक्रमण कहाँ छ सो पत्ता लगाई निदान गर्छ ।

नेति नेति विधिलाई याज्ञवल्क्यले प्रमुख विधि किन माने ? यसको कारण हो सत्य जान्नका लागि प्रयोग गरिने विधिहरूको सीमितता । उपनिषद्मा तर्कशास्त्रका निम्नलिखित छवटा विधि वर्णन प्रयोग गरिएको छ–

चित्र १. सत्य पत्ता लगाउने विधि




**१. प्रत्यक्ष**

इन्द्रियहरूबाट प्राप्त ज्ञानलाई प्रत्यक्ष प्रमाण, तथ्यका आधारमा प्राप्त ज्ञान भनिन्छ । कुनै कुरा आँखाले देखेपछि त्यो छ भन्ने प्रमाणित हुन्छ । जस्तै आगो बाल्दा धुँवा निस्केको देखेपछि आगो बलेको ठाउँमा धुँवा निस्कन्छ भन्ने जानकारी प्राप्त हुन्छ । यसै गरी कानले सुनेर, नाकले सुँघेर, हातले छोएर सत्य पत्ता लगाइन्छ ।

**२. अनुमान**

अनुमान विधिको अर्थ अप्रत्यक्ष तर्क हो । जुन कुरा इन्द्रियद्वारा सोझै जान्न सकिंदैन, त्यसलाई दुईवटा प्रत्यक्ष ज्ञानलाई सम्बन्धित गराएर जानिन्छ । धेरै टाढा धुवाँ पुत्ताएको देखेपछि आगो र धुँवाको ज्ञानलाई आपसमा सम्बन्ध गराएर आगो नदेखिए पनि त्यहाँ धुँवा भएकोले आगो बलेको छ भन्ने जानिन्छ ।

**३. उपमान**

उपमान भनेको ज्ञात तथ्यबाट अज्ञात तथ्यको बारेमा जानकारी प्राप्त गर्नु । कहिल्यै बाघ नदेखेको मानिसले बाघ कस्तो हुन्छ भनेर सोधेमा ठीक बिरालो जस्तै तर ठूलो हुन्छ भन्ने जानकारी पाउँछ । यस आधारमा उसले वनमा गएको बेलामा बिरालो जस्तो तर ठूलो जन्तु देखेर यही बाघ हो भनेर चिन्न सक्छ ।

**४. शब्द**

यो ज्ञान प्राप्त गर्ने वर्णनात्मक, विश्लेषणात्मक विधि हो । यस विधिमा श्रुत शब्दको अर्थग्रहणका आधारमा निष्कर्ष प्राप्त गरिन्छ । उदाहरणका लागि, विदेशमा भ्रमण गरेर आएका मानिसले त्यहाँका अग्ला भवन, फराकिला सडकका कुरा गर्दा हामीले पनि ती कुराको अनुमान गर्छौं ।

## ५. अर्थापत्ति

यो एक प्रकारको परिकल्पना हो । कसैले खाएको कहिल्यै देखिदैन तर सदा मोटो ताजा देखिन्छ । यस आधारमा उसले कसैले नदेख्नेगरी खाँदो होला भन्ने अनुमान गर्न सकिन्छ । यस्तो जानकारीको आधार कुनै प्रत्यक्ष वा अप्रत्यक्ष तथ्य हुँदैन केवल सैद्धान्तिक तर्क मात्र हुन्छ ।

## ६. अनुपलब्धि

माथिका तर्कले सिद्ध गर्न नसकेको कुरा छैन भन्ने प्रमाणित हुन्छ । त्यसैले अन्तिम तर्कलाई अनुपलब्धि प्रमाण भनिन्छ । यसको अर्थ हो जसको बारेमा कुरा गर्दै छौं त्यो छैन ।

शरीरी अर्थात् शरीरको मालिक, जसलाई आत्मा शब्द प्रयोग गरिन्छ, लाई यी सबै तर्कको आधारमा जाँच गर्दा कुनैमा पनि मिल्दैन ।

यो शरीरमा छ तर शरीरलाई जस्तै यसलाई प्रत्यक्ष देखाउन सकिंदैन । यसलाई सुँघेर, छोएर, सुनेर, चाखेर यस्तो छ भनी पनि बताउन सकिँदैन । शरीरभित्र रहेकोले यसको अनुमान गर्न पनि मिल्दैन । जुन कुरा छ त्यसको अनुमान के गर्नु ? उपमान गर्नका लागि ठीक त्यस जस्तो अर्को उदाहरण केही छैन । शरीरभित्र रहेर जसले जीवन दिइरहेको छ, त्यसलाई अर्थापत्ति गरी अनुमान गर्न झनै मिल्दैन । यी पाँचवटा तर्कले सिद्ध गर्न नसक्ने भएपछि कुनै कुरा छैन भन्ने तर्कशास्त्रको विधिलाई अनुपलब्धि प्रमाण भनिन्छ ।

कुनै पनि विधिले आत्मा सिद्ध हुँदैन तर आत्मालाई छैन भन्न पनि मिल्दैन । यो अभाव होइन । भावरूप हो । यो छ, त्यसैले जीवन छ । यो नभएमा शरीर भईकन पनि नभए बराबर हुन्छ । अस्तित्व छ तर प्रत्यक्ष गर्न सकिंदैन । देखाउन नसक्नाले नास्तित्व भन्न पनि मिल्दैन । कुनै पनि तर्कविधिले यसलाई सिद्ध गर्न नसकिने हुनाले यसलाई नेति नेति भनिएको हो ।

जसरी घर र घरको मालिक फरक हुन्छ । जसरी श्रम र त्यसको मालिक श्रमिक फरक हुन्छ, त्यसै गरी शरीर र शरीरको मालिक आत्मा फरक हुन्छ । यस फरकलाई स्पष्ट गर्न याज्ञवल्क्यले नेति नेति विधिको प्रतिपादन गरे । वेदान्तमा यस विधिलाई ज्ञानको महत्त्वपूर्ण विधि मानिन्छ ।

ooo

**हाम्रो पुरुषार्थका ९४ अङ्क निस्के ।**

**तपाईंले कुनै अङ्क पढ्न त बिर्सनु भएको छैन ?**

# आदिमहाकविको सम्झना र बैरवाको वैभव

✍ रामप्रसाद पन्त
कठमाडौं

## १. यात्रा बैरवाको, अवलोकन सिन्धुलीगढीको

सबै आतिथ्य, आतिथ्यमात्र हुँदैनन् आतिथेय पनि हुन्छन् ।
यस्तै आतिथेयपूर्ण थियो, यस पटकको यात्रा ।

विशेष आतिथ्यग्रहण गर्न अनुरोध भएको थियो, महिनादिनअघि र मैले आतिथ्य स्वीकार गरेको थिएँ त्यसै बेला । तर आतिथ्यले पूर्णता ग्रहण गरेको थियो– २०७७ साल चैत्र २७ गते ।

सन्दर्भ थियो – आदिमहाकवि उदयानन्द अर्ज्याल (१८१२-१८९४) को स्मृतिमा आयोजना गरिएको साहित्यिक कुम्भमेलाको । र, प्रमुख आयोजक थियो– उदयानन्द स्मारक प्रतिष्ठान ।

म बिहान सात बजे घरबाट निस्केर चाबहिल चोक निस्केको थिएँ र प्रतिष्ठानको सौजन्यमा आएको गाडीमा चढेर गौशाला पुगेको थिएँ । सरिता अर्याल, आयोजक संस्थाकी संयोजक । कार्यक्रमका लागि चाहिने सम्पूर्ण सामानहरूको बन्दोबस्त मिलाउने जिम्मेवारी छ उहाँको काँधमाथि । त्यसै भएर पनि उहाँको घरमा थुपारिएका सामानहरू गाडीमा चढाउनु छ र उदयानन्द अर्ज्यालको जन्मस्थान सप्तरीको बैरवा पुऱ्याउनुछ ।

यसै बीचमा एक राउन्ड चिया किन नखाने ? चिया पनि खाइयो, कुकिज पनि खाइयो, सामान पनि गाडीमा चढाइयो र कार्यक्रमको फेहरिस्त पनि बनाइयो ।

हामीसँग दुईवटा कार छन् र एउटा बस छ । चिल्लो कालो मोटरकारभित्र विराजमान हुनका लागि सरिताजीको आग्रह छ मलाई तर स्वीकार्य छैन मलाई त्यो कार । कार चढेर कति जनाको कुरा सुन्ने ? कति जनालाई सुनाउने ? र उल्लास र उमङ्गमा रमाउने ? यात्राको मजा तीनचार जनामा कहाँ छ ? यात्रा त २२ सिटे बसभित्र १४ जनाले यात्रा गर्नुमा पो छ त !

एउटा कारमा नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङसहित चार जना, अर्को कारमा ऋषभदेव घिमिरेसहित चार जना र बाईस सिटे बसमा सरिता अर्यालसहित चौध जना । जम्मा २२ जनाको यात्रा शुरू भयो,ठिक आठ बजे गौशालास्थित पिङ्गलास्थानबाट ।

हामी चढेका वाहनहरू कोटेश्वरबाट भक्तपुर अभिमुख हुनेबित्तिकै शैक्षिक भ्रमणमा जिरी जान लागेको पाटन संयुक्त क्याम्पसको बस अगाडि लाग्यो । त्यस यात्रालाई 'साहित्यिक यात्रा सप्तरी बैरवा' लेखिएको हाम्रो बसले पिछा गऱ्यो । अघि पछि हुने प्रतिस्पर्धामा रहेका यी दुई बसले धुलीखेलको अरनिको चोकसम्म यात्राको पहिचान गराइरहे । त्यसपछि भने एउटा बस कोदारी राजमार्गतिर, अर्को बस बिपीराजमार्गतिर । हाम्रा दुईवटा कार भने कहाँ पुगे, अत्तोपत्तो छैन ।

हामीसँग सिट फालाफाल छन् । यात्राको योजनामा परेका श्रीओम श्रेष्ठ रोदन, विधान आचार्य, कलाधर काफ्ले, भागवत ढकालहरू आउन सकेनन् । डा. कुलप्रसाद कोइराला र सीताराम अधिकारीले पनि अन्तिम समयमा उपस्थिति जनाउन नसक्ने जानकारी गराए । अन्यथा सिट भरिन्थे । यस कारण पनि यस यात्राले विशेष महत्त्व पाएको छ, अर्थात् पुरुषको सङ्ख्याभन्दा महिलाको सङ्ख्याले आधिक्यता पाएको छ ।

म देख्दै छु, मैले यात्रा गरिरहेको बसमा शैलेन्दुप्रकाश नेपाल, केदार न्यौपाने, भावकेशर बराल, मनोज अर्याल, सन्तोष अर्याल र मसमेत गरी छ जना पुरुष वर्गका मानिस छौँ । बाँकी सरिता अर्याल, भोजकुमारी अर्याल, सुधा न्यौपाने, गीता रेग्मी, प्रभा बराल, निशा केसी, तारा केसी र गीता मैनाली महिलावर्गका । चालक भोला रेग्मी भने पुरुष वर्गमै परे ।

अरू दुईवटा कारमा यात्रा गर्नेहरूमा चालकबाहेक डा. जगमान गुरुङ, दीपेन्द्रसिंह बस्नेत, ज्योति अर्याल, ऋषभदेव घिमिरे, राजेन्द्र केसी र बद्रीविनोद प्रतीक छन् । तिनीहरू हामीभन्दा कति अगाडि गुड्दै छन्, चेक हुँदै छ सरिताजीबाट ।

धेरै दिदीबहिनीहरूसँग यात्रा गर्दा हुने आनन्दानुभूतिको पुनारावृत्ति गर्दै छु म यस बेला पनि । दिदीबहिनीहरूको झोला पुरुषहरूको जस्तो सुख्खा र निरस हुँदैन । ती झोलाहरू षट्रसले नै परिपूरित हुन्छन् । तपाईं गुलियो खानुहुन्छ कि अमिलो, तीतो खानुहुन्छ कि पीरो, नुनिलो खानुहुन्छ कि टर्रो, मनचिन्ते हुन्छन् दिदीबहिनीका झोलाहरू ।

मैले त्यो अनुभव गरेँ, अरू साथीहरूले पनि त्यही अनुभव गरेहोलान् ! पालैपालो गरी हाम्रा हातहातमा आए– गाजरका टुक्रा, केराउका कोसा, रेड एप्पल भनिने गोलभेडाका दाना, केराका कोसा र अङ्गुरका झुप्पाहरू । ए बाबा ! कति निस्कन्छ झोलाबाट ! कति अट्छ झोलामा । फरक स्वाद, फरक अनुभूति । बिचरा ती अभागाहरू कारमा गुडेर के खान पाए होलान् ?

उनीहरू हामीभन्दा अगाडि छन् तर जति अगाडि भए पनि उनीहरू भकुन्डेबेसी भन्दा अघि बढ्ने छैनन् । किनभने कागजको बट्टामा खाजा छ,त्यो हामीसँग छ ।

अर्कोतिर म्याङ्गो फ्रुटीको क्यारी नै छ, त्यो पनि हामीसँग छ । आफ्नो भागमा परेका ती बट्टाहरू हामीले रित्याइसकेका छौँ । उनीहरूको भाग सुरक्षित छ । पेटपूजाका ती सामग्रीहरू उनीहरूलाई थम्याउनु छ र पुनः अगाडि बढ्नुछ ।

भनेअनुसार हाम्रो योजना पूरा भएको छ । हाम्रो पुनर्मिलन भएको छ भकुन्डेबेसी बजारमा । सरिताजीले जानकारी गराउनुभएको छ – अब हामी मूलकोटको क्वालिटी होटलमा भेट्ने छौँ ।

यात्राले निरन्तरता पाएको छ । सरिताजीको मोबाइल ब्यागमा बस्न मानिरहेको छैन । बच्चाजस्तो हातमै खेल्न लालायित छ मोबाइल । नेपालथोक अभिमुख हुँदै गर्दा सरिताजीको डा. जगमान गुरुङसँग संवाद हुन्छ । गुरुङ पर्नुभयो– सक्कली ब्राह्मण, अध्यात्मचिन्तक । धार्मिक आचरण र मानवोपयोगी संस्कारलाई आत्मना स्वीकार गरेर दुर्लभ मानवजीवनलाई सदुपयोग गर्नुपर्छ भन्ने चेतनशील मानिस । उहाँले बाटै छेउ बसेका कुशेश्वरमहादेवसँग साक्षात्कार गरेविना जान कहाँ मान्नुहुन्थ्यो ? उहाँले भन्नुभएछ– आउनुस् कुशेश्वरमा भेटौँला ।

हामी कुशेश्वर पुग्दा गुरुङ, दर्शन गरिसकेर पीपलको चौतारोमा ध्यानमग्न हुनुहुन्थ्यो । कुशेश्वर महादेवको दर्शनपछि हामीले डा. गुरुङलाई घेरेर बस्यौँ । धेरैका मोबाइलभित्र पस्यौँ हामी सबै । गुरुङले आफूभित्रको ज्ञान बाँड्नुभयो – 'काठमाडौँ वरिपरिका चौसठ्ठी शिवलिङ्गमध्येको आदिशिवलिङ्ग कुशेश्वर । नेमुनिले तपस्या गरेको ऐतिहासिक स्थल । यस्तो ठाउँमा आएर हामी पवित्र भयौँ ।'

त्यसै बेला शैलेन्दु सरले कुशेश्वर नाम रहनुको सम्भाव्यता सुनाउनुभयो– 'कौशिक ऋषिले तपस्या गरेको स्थल भएकोले कौशिकेश्वर र त्यसैको अपभ्रंश शब्द कुशेश्वर ।'

कुशेश्वर मन्दिरद्वारमा कुशेश्वर महादेवको प्रसादस्वरूप बेलफलहरू बिक्रीमा राखिएका थिए । ती बेलहरू कसैले खान भ्यायौँ, कसैले झोलामा थन्क्यायौँ र आ–आफ्ना सवारीसाधनमा चढिहाल्यौँ ।

अब भने सरिताजीको फोनसम्पर्क मूलकोटको होटलमालिकसँग भएको छ – 'खाना मैले भनेजस्तै हुनुपर्छ, कुनै कुरामा सम्झौता हुन सक्तैन । अतिथिहरूबाट असन्तुष्टिका शब्दहरू सुन्ने अवसर दिन पाइन्न ।'

साच्चिकै क्वालिटी होटलको खाना क्वालिटीयुक्त नै रहेछ । शाकाहारीलाई त्यसै अनुसारको खाना र मांसाहारीलाई आहार सुहाउँदो खाना । जगमान गुरुङजस्ता शाकाहारी ब्राह्मणका लागि बेग्लै टेबुल, मजस्ता सर्वाहारी शूद्रका लागि बेग्लै । मसँगै बसेर मांसाहार गर्ने साथीहरूले 'मलाई शूद्रको श्रेणीमा राख्यो' भनेर चित्त नदुखाउनुहोला है !

होटलमा थपीथपी भात जहाँ पनि पाइन्छ तर खानलायकको भात पाइन्न । त्यहाँ भने खानलायकको भात थियो । तरकारी, अचार, साग, गुन्द्रुक, तारेको आलु, पापड सबै थियो । सबैभन्दा अनौठो त थपीथपी दही थियो, थपीथपी घ्यु थियो र थपीथपी मासु थियो । यो सबै हुनुमा सरिताजीको फोनको कमाल थियो ।

एउटा कार प्राविधिक कारणले पछि परेछ, आइपुगेन । उनीहरूलाई पर्खेर, आफ्नै आँखाअगाडि खुवाएर हिँडाउने जिम्मेवारी छ सरिताजीलाई । त्यसै भएर पर्खेर बस्नुपर्ने भयो सरिताजीले त्यहीँ । कारमा सिट खाली छँदै छन् केको पीर ? कारले बसलाई भेट्टाइहाल्छ नि ! हामी पर्खेर किन बसिराख्ने ?

कारले ढिलो गरेको फाइदा त हामीले पो मज्जाले लियौँ । बसमा चढेर खुर्कोटबाट उकालो लागिसकेपछि हामीले एउटा योजना बनायौँ – कैयौँ पटक यो बाटो हिँडियो, सिन्धुलीगढी प्रवेश गर्ने मौका मिलेन । पर्खने निहुँमा प्राप्त भएको यो मौकालाई किन सदुपयोग नगर्ने ?

जगमान गुरुङ आरूढ कारले गढीभञ्ज्याङ नेटो काटिसक्यो, काटोस् । हाम्रो बस गढीको गेटबाट छिर्‍यो र धुइँपताल गुड्न थाल्यो तेर्सो बाटो । अचम्म लाग्यो मलाई । म त अन्धकारमा पो रहेछु । सोचेको थिएँ, गेटबाट छिरेपछि गढीतिर उकालो लागिएला ! तर होइन रहेछ । हामी करिब डेढ किलोमिटरजति गुड्यौँ र गढीको अर्को गेटमा पुग्यौँ ।

एकातिर सानो गढी, अर्कोतिर ठूलो गढी । कुन गढी जाने ?

दुबै गढी जाने ।

पहिले नजिकैको सानो गढी ।

सानो गढीको प्रवेशद्वारमै एउटा परिचय बोर्ड ठडिएको थियो । त्यस बोर्डले परिचय दिँदै थियो – यहाँबाट उत्तरपट्टि अलिकति तल सिद्धबाबाको मन्दिर छ । जहाँ श्रीहर्ष पन्त, वंशराज पाण्डे र बसु गुरुङ नेतृत्वको गोर्खाली फौजले १८२४ कार्तिक २८ का दिन अनेक हत्कण्डा प्रयोग गरी कप्तान किनलकको नेतृत्वमा आएको अँग्रेज फौजलाई परास्त गरेपछि पूजा–अर्चना गरिएका आस्थाका देवता सिद्धबाबा ।

हामी विलम्ब नगरी सिँढीसिँढी उक्लिदै सानो गढीमा पुग्यौँ । जहाँ चारैतिरबाट पर्खाल उठाई गोलाकार मण्डप बनाइएको थियो र पर्खालमा फौजले बन्दुक तेर्स्याइ बैरीको निगरानी गर्ने प्वालहरू निर्माण गरिएको थियो । मण्डपको एक छेउमा नेपाली राष्ट्रिय झण्डा फर्फराइरहेको थियो ।

हामी ओर्लियौँ पुनः पूर्वस्थानमा र करिब एक किलोमिटर पर अवस्थित ठूलो गढीतर्फ लम्कियौँ । सानो र ठूलो गढीको बीचमा तत्कालीन समयका कारागार, अदालत र ब्यारेकका अवशेषहरू देखिन्थे । हामीले बीचैमा भेट्यौँ– ३९ करोडको लागतमा पुनर्निर्माण हुँदै गरेको सिन्धुलीगढी दरबार ।

ठूलो गढीको प्रवेशद्वारमा ठडिएको सूचना बोर्डले जनाउ दिन्थ्यो– तत्कालीन अवस्थामा पूर्वी क्षेत्रको प्रशासनिक इकाइको रूपमा रहेको यस दरबारको निर्माण बम वीरविक्रम राणा (जङ्गका भतिज) ले बनाएका रहेछन् । २०२० सालमा सिन्धुलीको सदरमुकाम सिन्धुलीगढीबाट सिन्धुलीमाडी सरेपछि यो दरबार संरक्षणविहीन हुन पुग्यो । यस दरबारको पुनर्निर्माणपश्चात् सङ्ग्रहालयको रूपमा विकसित गरिनेछ ।

प्रवेशद्वारको एकतर्फ उच्च मण्डपमा पृथ्वीनारायण शाहको शरीरअनुसारको ढलौट मूर्ति प्रतिस्थापन गरिएको थियो । त्यस मूर्तिसँग टाँसिएर साइज साइजका फोटो लिँदा हामीलाई निकै समय लाग्यो । बादल भरिएको कालिमामय आकाशबाट ठूलाठूला पानीका थोप्ला खस्न थाले । लौ अब सैकडौँ सिँढी उक्लेर ठूलो गढीमा कसरी पुगिने हो ? ठूलो पानी पर्‍यो र चुटिन थालियो भने कहाँ ओतिने ? त्यो सुविधा यहाँ छैन ।

महिला वर्गले आँट गर्न सकेनन् । शैलेन्दु, केदार, भावकेशर र म साहस बोकेर उक्लियौँ । गढीको परिधि सानो गढीको भन्दा ठूलो, करिब १५ फिट गहिरो एउटा क्षतिग्रस्त इनार, बाँकी उस्तै । पानी परिरहेकै थियो, तथापि पुगिसकेपछि फोटो त लिनै पर्‍यो । दुईचार फोटो पटापट खिच्यौँ र ओर्लिइहाल्यौँ ।

भावकेशर र शैलेन्दुका बीचमा सिँढीको सङ्ख्याबारे बहस भयो । भावकेशरको गणनामा सिँढीको सङ्ख्या ३२० भएछ, शैलेन्दुको गणनामा ३६० । यति फरक कसरी भयो ? गन्नुपर्ने थियो– नियात्राकार भनी टोपलिएकोले, तर मैले त्यसलाई गौण विषय बनाएँ । गणना गरेको भए निर्णय निस्कन्थ्यो । जुन अनिर्णयको बन्दी भएरै रह्‍यो ।

पुनर्निर्माणको क्रममा रहेको सङ्ग्रहालय मुनि नेपाली सेनाले एउटा स्मारक बनाएको रहेछ । सङ्गमर्मरमा कुँदिएका अक्षरहरूले जनाउ दिन्थे– कप्तान किनलकको नेतृत्वमा लड्न आएको २४०० बन्दुकधारी अँग्रेज फौजले वि.सं. १८२४ आश्विन १५ गते गोर्खाली सेनासँग युद्धघोष गर्‍यो । काजी श्रीहर्ष पन्त र सरदार वंश गुरुङ नेतृत्वको फौजले ढुङ्ग्रेबासतर्फबाट र काजी वंशराज पाण्डे र खजाञ्ची वीरभद्र उपाध्याय नेतृत्वको फौजले पौवागढीतर्फबाट चेपुवामा पारी खुकुरी, खुँडा, धनुकाँड, घुयँत्रो, सिस्नो र अरिङ्गाल प्रयोग गरी १६०० अँग्रेज फौजलाई मारेर करिब पाँच सयको सङ्ख्यामा बन्दुक र केही तोपहरूसमेत हात पार्न सफल भएको थियो ।

हो, वास्तवमा ती वीर सपुतहरूले ज्यानको बाजी लगाएर नलडेको भए र अँग्रेज सेनालाई धुलो नचटाएको भए आज हामी उभिएको धर्ती नेपाल हुने थिएन, हामी नेपाली हुने थिएनौँ ।

बस चढेर फर्किंदै गर्दा गढीकै अलिकति तल घोक्सिला घर भएका भावकेशरले बिपी राजमार्गको प्रारम्भिक सर्भे बारे जानकारी गराए– 'पहिलो सर्भेक्षण हुँदा यही पाखो हुँदै बाटो लगेर रातमाटा वा नेपालथोक ओराल्ने योजना थियो । पछि राष्ट्रिय पञ्चायतका तत्कालीन सदस्य मोहनविक्रम थापाले भन्ज्याङबाटै बाटो ओरालेर खुर्कोट झारे ।'

हो, यस्तो हुनेगर्छ । इन्जिनियरले बनाएको योजनामा राजनीतिक दुष्चक्र छिर्नेगर्छ र नहुने काम हुनेगर्छ । यसको भुक्तभोगी म पनि छु । तानसेन-रिडी सडकलाई चण्डीभन्ज्याङबाट ओरालेर कुरूङ खोलैखोला अर्गली निकाल्ने प्रारम्भिक योजना थियो । त्यहाँ पनि राजनीति घुस्यो र झन्डै दश किलोमिटर बढीमात्र होइन, सडकलाई सधैँका लागि धरापमा पारेर बाटो निर्माण गरियो । गुल्मीका जनताका पसिना पनि त्यस बाटोमा निकै बगे ।

यी कुरालाई मनमा खेलाउँदै हामी गढीभन्ज्याङ आयौँ र सेल्फीडाँडातिर ओरालो लाग्यौँ । रोड निर्माण भएपछि नामकरण भएको सेल्फीडाँडा । कुनै वेलाका राँके, ढुङ्ग्रे र पिप्ले भन्ज्याङहरू एकाएक सेल्फीडाँडामा परिणत भए । ती पुरातन महत्त्व बोकेका भन्ज्याङहरूको महिमा अब त्यहीँका गाउँलेहरूले मात्र गाउलान्, अरूले बुझ्न सक्तैनन् । त्यहीँकी भद्रकाली ल्याएर काठमाडौँमा प्रतिस्थापन गरियो, अब अर्कै शिलामा परिणत भएकी त्यहाँकी भद्रकालीको नाम कसले लिन्छ ? शक्तिको अगाडि सबै निरीह ।

गढीमा मन्द्राएपछि त पेट पनि घटेछ । केही भन्नैपरेन मैले । बहिनीहरूको झोला कहाँ खाली भइसकेको छ र ! भुटेको चना त बाँकी नै रहेछ । त्यसपछि तितौरा, अनि किसमिस र कुकिजहरू । पानीका क्यारीहरू हामीसँग छँदै छन्, चिया चाहिँ तल झरेर खाँदै गरौँला ।

शैलेन्दुका जोक त आएकै छैनन् । चालकको सिटसँगै बसेका शैलेन्दु कतिखेर फर्कन्छन् भनी सोच्दासोच्दै छड्के परिहाले । पहिलो चुट्किला डाक्टरको, दोस्रो इन्जिनियरको, तेस्रो बूढाबूढीको र चौथो मास्टरको । यसैगरी आए जोक्सहरू – माना, पाथी र मुरीका । हामीलाई चियाडाँडा ओर्लेर सिन्धुलीमाडी पुग्न कत्ति बेर लागेन । अघिल्लो डा. जगमान गुरुङ नियन्त्रित कारले उडान भर्‍यो– एकै चोटि बैरवामा अवतरण गर्नेगरी । पछिल्लो कारले भेट्यो हामीलाई भिमानमा । हाम्रो सल्लाह रह्यो– बर्दीबासमा चिया खाने र पत्ताछोड कुद्ने ।

तर राम्रो चियापसलको खोजीमा अघि लागेका कारआरोहीहरू बर्दीबासमा रोकिएनन् । रातुखोला नाघेर धनुषा छिरे र एउटा होटल अगाडि रोकिए । हामी पनि पिछा गर्दै त्यहीँ पुग्यौँ ।

तराई झरेपछि चियाका गिलासहरू लिलीपुटका नरजस्ता हुन्छन् । कागजका त्यस्तै गिलासमा चिया आयो– कालो खानेलाई कालो, सेतो खानेलाई सेतो र चिनीविनाको खानेलाई सोहीअनुसारको ।

राजमार्ग अधीनस्थ क्षेत्रमा उभिएको एउटा मेवावृक्षमा फल लागेको मात्र होइन, पाक्ने सुरसार पनि गर्दै रहेछ । ऋषभ र राजेन्द्रलाई देखिसक्नुभएन । अनेक उपाय लगाएर मेवा झारीछाडे र पसले साहुनीको सहयोगमा मेवा ताछेर टुक्राटुक्रा पारी सबैलाई चखाए । यात्राको यो परिदृश्य पनि कम रोचक रहेन ।

बर्दीबास-बरमझिया २०० किलोमिटर । समय तीन घण्टा । घडीमा पाँच बजेको छ । आठ बजेसम्म पुग्न सकिने आशा पलायो हाम्रो । अब हामीलाई कतै रोकिनु छैन, केही खानु छैन र कतै जानु पनि छैन – सिधै बैरवास्थित बडवाको बङ्गालामा ।

दिनभर निस्फिक्री कुद्न नसकेको गाडी कुद्यो महापथमा तर होसियार छन् भोला रेग्मी, अनियन्त्रित कुदाउँदैनन् ।

बरमझियाको पेडाबजार नाघ्नेबित्तिकै आउँदो रहेछ बैरवा । महापथ छाडेर एक किलोमिटर जति उत्तर लागेपछि उदयानन्द अर्ज्यालका पिता विश्वेश्वरले पाएको हजारौँ बिघा कुशबिर्ता । त्यसैमध्येको एउटा अंश, जहाँ दीपक उपाध्याय अर्यालको बङ्गला ठडिएको छ । हामी बसबाट ओर्लिन्छौँ सवा आठ बजे राति त्यसै बङ्गलाको गेटअगाडि ।

घरको प्राङ्गणमा पाल टाँगिएको छ । प्लाष्टिक कुर्सीहरू गोलाकार गरी राखिएका छन् । तर अहिले भने हामीहरू लामबद्ध उभिएका छौँ । दीपक अर्याल टीका लगाउँदै जानुभएको छ र उहाँका कान्छा काका भरत शर्मा अर्यालले खादा ओढाउँदै जानुभएको छ । पानी र चिया खुवाउने कार्यमा तल्लीन छिन्, त्यसै घरकी चेली अर्थात् दीपक अर्यालकी बहिनी रञ्जु रिजाल ।

टीका र खादासँगै परिचयको क्रम पनि अगाडि बढेको छ । सुनेर मलाई यस्तो अनुभूति हुँदै छ, काठमाडौँबाट जानेमध्येमा उदयानन्द अर्ज्यालको वंशसँग नजोडिएका हामी तीनचार जना मात्र पो रहेछौँ कि क्या हो ?

एकासी वर्षीय भरत शर्मा पञ्चायत कालका जल्दाबल्दा मानिस । लगातार छ पटक प्रधानपञ्च भएका रे बैरवा गाउँपञ्चायतको ! यसको अर्थ तीस बर्से पञ्चायतकालीन अवधिभर ।

उतापट्टिबाट भोजन तयारी भएको सूचना प्राप्त भएको छ । हामी भोकाएका पनि छौँ र थाकेका पनि छौँ । त्यसैले पनि ढिलो गर्नु उपयुक्त छैन । बाँकी कुरा भोलि बिहान गरौँला ।

दीपक उपाध्यायले भोजनको औचित्यबारे जानकारी गराउनुहुन्छ– 'भोजनका सबै परिकारहरू आर्ग्यानिक हुन् । ढुक्क भएर खानुहोला । पेट दुख्ने समस्या आउने छैन ।'

हामीले पनि शङ्काको नजरले हेरेनौँ । बास्नादार भात, मिश्रित कालो दाल, लौकाको झोलिलो तरकारी, कटहरको सुख्खा तरकारी, मुला र टमाटरको अचार, फ्रुटसलाद र पापड । खानापछि जेरी र दही खाएर तृप्त भयौँ हामी ।

त्यसपछि हामी बरमझियाको बजार नाघेर फर्कियौँ पुनः कन्चनपुर र दुईवटा लजमा बाँडियौँ । बेल्टार सुष्मा होटल एण्ड लजमा अन्य अतिथिहरू र मनकामना लजमा शैलेन्दु सर र म ।

## २. उदयानन्दको विद्वत्ता र कार्यक्रमको भव्यता

आज २०७७साल चैत्र महिनाको २८ गते ।

उदयानन्द अर्ज्याल स्मारक प्रतिष्ठानको निम्तामा सप्तरीको बैरवा पुगेका हामी चौध जना सदस्यहरू कन्चनपुरको बेल्टार र मनकामना लजबाट बाहिर निस्केका छौँ ।

अर्याल परिवारका सदस्यहरूसहित हाम्रो प्रथम यात्रा लक्ष्मीनारायण मन्दिरको दर्शन अवलोकनका लागि अघि बढ्छ । आदिमहाकवि उदयानन्दका पिता विश्वेश्वरलाई सेन राज्यबाट कुशबिर्ता उपलब्ध भएको १२ सय बिघामा उदयानन्दले कति थपेहोलान्, त्यसको के हिसाबकिताब भयो होला र ! कसैले १८ सय बिघा भन्दा रहेछन् त कसैले २२ सय बिघा । अहिले पनि उहाँका वंशजहरू केहीले आफ्नो पैतृक भूमि छाडेका छैनन्, धेरैले बेचेर कोशी तरिसके । बिरानो भयो बैरवा ।

उदयानन्दका छैठौँ पुस्ता भरत शर्माले पञ्चायत कालमा छ पटक अकण्टक प्रधानपञ्च खाए । यसै गरी उदयानन्दको सबै वंशवृक्ष त्यही बैरवामा फैलिएको भए पूरै सप्तरी जिल्ला के अर्याल परिवारकै सम्प्रभुताभित्र पर्दैनथ्यो होला र ! यति हुँदाहुँदै पनि अर्याल परिवारको सहयोगबाट लक्ष्मीनारायण मन्दिर निर्माण भएको रहेछ । लक्ष्मीनारायण मावि सञ्चालन भएको रहेछ । पोखरी र वाटिकाहरू पनि बनाइएका रहेछन् ।

हामी उदयानन्दको पौरखगाथाले भरिएको त्यस पुण्यभूमिमा निर्माणाधीन लक्ष्मीनारायण मन्दिरमा गएर भगवान्को दर्शन गर्‍यौँ । नारायण मूर्तिको विशेषता

के रहेछ भने अरू नारायण मूर्तिहरूमा– माथि फर्केका दुई हातमा शङ्ख र चक्र अनि तल फर्केका दुई हातमा गदा र पद्म हुन्थे तर त्यहाँ भने उल्टो रहेछ । दीपक उपाध्यायले मन्दिर निर्माणबारे प्रतिबद्धता जनाए – 'मन्दिर निर्माणका लागि पैसा सङ्कलन भइसकेको छ । अर्याल वंशकै सक्रियतामा निर्माण सम्पन्न गरिनेछ ।'

त्यसपछि कङ्कालिनी माताको दर्शन गर्न भारदह पुग्यौँ हामी । राजमार्गबाटै देखिने गरेको तर दशकौँदेखि दर्शन गर्ने अभिलाषा पूरा नभएको कङ्कालिनी माताको पाँच छाने मन्दिरको प्राङ्गणमा विराटनगरबाट आएको एक बस साहित्यिक टोली भेटियो । त्यो टोली पनि आदिमहाकविप्रति श्रद्धाभाव राख्नकै लागि आएको थियो । हामीबीच प्रेमपूर्ण मिलन भयो । उनीहरूसँगै हामी कङ्कालिनी माताको चरणमा नतमस्तक भयौँ ।

हामीले त्यहीँ पुगेपछि मात्र थाहा पायौँ– कङ्कालिनी माताको प्राणप्रतिष्ठा पनि तन्त्रविधिअनुसार उदयानन्दबाटै भएको रहेछ । वर्तमान मन्दिर पछि बन्यो र विधिवत् पूजाअर्चनाको व्यवस्था गरियो ।

कोशी नदीको जल सेचन नगरेका केही सहभागीहरू पनि रहेछन् हामीहरूसँग । उनीहरूलाई पनि त्यस अवसरबाट वञ्चित गराउनुभएन । त्यसै भएर हामी सप्तकोशी किनार पुग्यौँ । कोशी व्यारेजका बाउन्नवटै ढोकाको पानी बाँडफाँडबारे अमिलो मन बनाएर अवलोकन गर्‍यौँ । डुबान क्षेत्र हेर्‍यौँ र विलम्ब नगरेर फर्कियौँ । हिजोको जस्तै दीपक उपाध्यायकै घरआँगनमा तयार भएको भोजनले हामीलाई पर्खेर बसेको रहेछ । हामीले अविलम्ब भोको पेट भर्‍यौँ र कार्यक्रमस्थल पुग्यौँ, एघार बजे ।

अर्याल कुलदीपकहरूबाटै अनुदान प्राप्त भएर २०१५ सालमा निर्माण गरिएको लक्ष्मीनारायण माविको प्राङ्गणमा पाल टाँगेर मञ्च निर्माण गरिएको थियो । मञ्चमा ब्यानर टाँगिएको थियो– 'आदिमहाकवि उदयानन्द अर्ज्याल : बहुआयामिक व्यक्तित्व परिचर्चा ।' र, आयोजक संस्थाहरू थिए–नेपाल प्रज्ञा–प्रतिष्ठान, उदयानन्द स्मारक प्रतिष्ठान र लक्ष्मीनारायण गुठी ।

कार्यक्रमको थालनी एघार बजे भनिएको भए पनि साढेएघारमा शुरू हुनुलाई समयको सचेतना नै हो भन्ने बुझेँ मैले । उद्घोषक सरिता अर्याल र शिवनारायण सिङ्गल ।

मञ्च सजाउने काम भयो, संस्थाका सचिव केदार न्यौपानेको सभापतित्वमा । त्यति बृहत् साहित्यिक महाकुम्भमा अध्यक्ष प्रकाश अर्याल र उपाध्यक्ष ज्ञानमणि नेपाल दुबैको अनुपस्थिति अशोभनीय देखियो । प्रमुखअतिथि जगमान गुरुङ र विशिष्टअतिथि १ नम्बर प्रदेशका सामाजिक विकासमन्त्री नवलकिशोर शाह

मञ्चमा विराजमान भए । कन्चनपुर नगरपालिकाका मेयर वसन्तकुमार मिश्रा, सप्तरीका प्रमुख जिल्ला अधिकारी फणीन्द्र पोखरेल, सम्बन्धित वडाअध्यक्ष करिम सेठ, समाजसेवी बाबुराम अधिकारीलगायत दीपेन्द्रविक्रम थापा, शिवहरि भट्टराई, भरतराज शर्मा, अश्विनीकुमार अर्याल, बालचन्द्र अर्याल, शशिप्रसाद बजगाईं रामप्रसाद दहाल, टङ्क न्यौपाने, विवश पोखरेल, दधिराज सुवेदी, कुन्ता शर्मा, मधु पोखरेल, बद्रीविनोद प्रतीक, बम देवान र यो पङ्क्तिकार भएपछि मञ्च भरिइहाल्यो । काठमाडौँबाट सहभागिता जनाएका साहित्यकार र अन्य व्यक्तित्वहरूलाई यथास्थानमा आशनग्रहण गराउँदा अरू दशपन्ध्र मिनेट खर्च भयो होला ! क्षेत्रीय स्तरमा गरिने यस प्रकारका कार्यक्रमहरूको यो बाध्यात्मक रोग पनि हो ।

त्यसपछि भरत शर्माले लठ्ठीको भरमा उभिएर ऐतिहासिक पृष्ठभूमि कोट्याउँदै स्वागत भाषण गर्नुभयो– 'सेन राज्यको सैनिक छाउनी थियो यस ठाउँमा । भोटसँग लडाइँ गर्न गयो यहीँबाट सैनिक टुकडी र जित्यो पनि । विश्वेश्वर अर्ज्याललाई सन्तान नभएपछि विरक्तिएर चारधाम हिँडे । बास बसेको ठाउँमा राति उनलाई सपना भयो– 'तिमीलाई एउटा प्रतापी पुत्रलाभ हुन्छ, फर्क ।' विश्वेश्वरलाई झट्ट पत्यार लागेन तर उनलाई तीन रातसम्म त्यही सपना दोहोरिइरहेपछि फर्के । हुन पनि सातै महिनामा उनलाई पुत्रलाभ भयो । ती पुत्र थिए– उदयानन्द अर्ज्याल । जसको गौरवगाथा बखान गर्न हामी यहाँ भेला भएका छौँ । तिनैको नाममा श्रद्धापुष्प अर्पण गर्न पाल्नुभएका यहाँहरू सबैलाई मेरो व्यक्तिगत एवम् संस्थाको तर्फबाट स्वागत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।'

मन्त्रीजीलाई हिँड्ने हतार भइसक्यो । सिडिओ पनि छटपटाउन थालिसके । बोल्न दिन परिहाल्यो । कविता पाठकै लागि प्लेन चढेर सप्तरी पुगेकी भगवती बस्नेतको झन् प्लेन छुट्ने डर । उनलाई पनि कविता वाचनका लागि समय दिनुपर्‍यो ।

त्यसपछि शुभकामना दिनेहरूको लाम लाग्यो– गण्डकी प्रदेशबाट बद्रीविनोद प्रतीक, १ नं. प्रदेशबाट टंक न्यौपाने, दुई नम्बर प्रदेशबाट .... र वाग्मती प्रदेशबाट रामप्रसाद पन्त ।

मेरो भनाइको निष्कर्ष थियो– 'आदिकवि भानुभक्तभन्दा एक दशकअघि नै 'पृथ्वीन्द्रोदय' जस्तो उत्कृष्ट महाकाव्य रचना गरिसकेका र अन्य पाँचछवटा कृतिहरू दिइसकेका उदयानन्दको चर्चा हुन नसक्नु दुःखद कुरा हो । यसलाई वंशजको उदासीनता र राज्यको बेवास्ता भन्न सकिन्छ । उदयानन्दको कृतिगाथाबाट म त अपरिचित छु भने सर्वसाधारणलाई कति थाहा होला ! उदयानन्दको नाम गुमनाम हुनुमा नेपाली साहित्य जगत्कै लागि लज्जास्पद कुरा

हो । अब पनि यस्तै स्थिति रहिरहनुभएन । अब हामी जाग्नुपर्‍यो । पहिले जे भयो भयो, अब गम्भीर हुनुपर्‍यो र उदयानन्दको स्मृतिमा केही गर्ने प्रण गर्नुपर्‍यो । यी कुरा सुन्नुपर्ने राजनीतिकर्मी र प्रशासकहरूले हो, तर मन्त्रीजी गइसक्नुभयो । सिडिओसाप पनि हिँडिसक्नुभयो । मेयर साप हुनुहुन्छ । उहाँले चाहनुभयो भने पनि केही गर्न सक्नुहुन्छ । राजमार्गबाट बैरवा पस्ने चोकलाई उदयानन्द चोक घोषणा गर्नुपर्‍यो र यस मार्गलाई उदयानन्द मार्ग नामकरण गर्नुपर्‍यो । सकिन्छ भने राजमार्ग बीचमा उदयानन्दको सालिक ठड्याउनुपर्‍यो ।'

मेरो भनाइलाई मपछिका बक्ता मेयर वसन्तकुमार मिश्रा र अर्याल परिवारका नातासम्बन्धी विनोदचन्द्र पोखरेलले पनि समर्थन जनाउनुभयो ।

पुरस्कारको व्यवस्था पनि थियो त्यस कार्यक्रममा । सुनसरीका साहित्यकार शशी बजगाईंलाई २०७६ सालको र काठमाडौँबाट निजी सवारीसाधन प्रयोग गरी बैरवा पुगेका डा. रामप्रसाद दाहाललाई २०७७ सालको 'गोमा–दामोदर स्मृति पुरस्कार' प्रदान गरियो ।

यसपछिको पालो कार्यपत्र प्रस्तुतिको । श्यामसुन्दर यादवको कार्यपत्रमाथि दधिराज सुवेदीको टिप्पणी, डा. शैलेन्दुप्रकाश नेपालको कार्यपत्रमाथि डा. रामप्रसाद दाहालको टिप्पणी ।

प्रमुखअतिथिको रूपमा आसीन डा. जगमान गुरुङले बोल्ने क्रममा एउटा अत्यन्त सान्दर्भिक कुरा उठाउनुभयो । जुन कुराले पहाड र तराई जोड्न कडीको रूपमा काम गर्थ्यो । उहाँले भन्नुभयो – 'जनकपुरदेखि बैरवासम्म साहित्य सर्किट बनाउनुपर्छ र विद्यापति र उदयानन्दलाई आपसमा जोडेर साहित्य तीर्थस्थलको रूपमा विकास गरिनुपर्छ ।'

ताली वर्षियो मञ्च र श्रोतादीर्घाबाट ।

यसपछि दीपक उपाध्याय अर्यालले धन्यवादको क्रममा जे बोल्नुभयो,त्यस बोलीले गुरुङको बोलीसँग तालमेल खान्थ्यो । दीपकको भनाइ थियो– 'समाजसेवामा विशिष्ट योगदान गरेका र आफ्नै लगानीमा २०४७ सालमा उदयानन्द स्मारक गुठी तथा २०६८ मा प्रतिष्ठान स्थापना गरेका मेरा पिता रामेश्वरको सालिक ढालियो । यसमा व्यक्तिगत रिसइबी भन्दा पहाडे र मधेशीबीच सिर्जना गराइएको दुराग्रह थियो । जसले गरे पनि योगदानको सबैले मुक्तकण्ठले प्रशंसा गर्नुपर्छ । विद्यापतिप्रति पनि हाम्रो त्यत्तिकै सम्मान छ, जति सम्मान उदयानन्दप्रति छ ।'

वास्तवमा उदयानन्द अद्भुत प्रतिभाशाली कवि रहेछन् । आजभन्दा साढेदुई सयवर्षअघि सप्तरीको त्यस्तो विकट गाउँमा जन्मेर सानै उमेरमा वाराणसी गई पढेर विभिन्न सात भाषामा ज्ञान आर्जन गर्नु र संस्कृत एवं नेपाली भाषामा काव्य

रचना गर्नु भनेको चानचुने कुरा होइन । यसबाहेक पूर्वी नेपालको प्रशासनिक र परराष्ट्रमन्त्री सरहको जिम्मेवारी वहन गर्नु र पृथ्वीनारायण शाहको सल्लाहकारको रूपमा काम गर्नु पनि असाधारण प्रतिभाको परिचायक हो ।

यसपछि भने सभापति न्यौपानेबाट पहिलो चरणको कार्यक्रमको समाप्ति भयो ।

कविताावाचन सम्बन्धी दोस्रो चरणको सभापतित्व ग्रहण गरिन् – कुन्ता शर्माले । कविताावाचन गरिए होलान् दुई दर्जन बढी । बरमझियाको पेडामिश्रित खाजा र फ्रुटी वितरण भयो कार्यक्रमकै बीचमा । छ घण्टा लामो कार्यक्रम सकियो – साढे पाँच बजे ।

बेलुकाको खाना पनि उही र विश्राम गर्ने स्थान पनि उही ।

## ३. छिन्नमस्ता दर्शन र हाम्रो पुनरागमन

अर्को दिन बिहान छ बजे नै प्रस्थान गर्ने भनेर दीपक उपाध्यायको घरमा ल्याइएको खाजाको कच्चापदार्थ पनि रद्द गरेका हामीहरू आठ बजेमात्र हिँड्न भ्यायौँ । थुपारिएको खाजाको त्यो सामानले गिज्याइरहेको जस्तो लाग्यो मलाई । थकथक लाग्यो, बुद्धिमत्तापूर्ण काम गर्न नसकेकोमा । भोकै पेट भगवतीको दर्शन गर्नुपर्छ भन्नेहरूका लागि भने भोको पेट भगवतीको वरप्रसाद ठहरियो ।

हो, हामी छिन्नमस्ता (सखडा) भगवतीको दर्शन गर्न राजविराज जाने तयारी गर्दै थियौँ र बैरवावासी अर्याल परिवारले पनि हामीलाई साथ दिँदै थियो । सत्रको सङ्ख्यामा थियौँ हामी तीर्थयात्रीहरू ।

हामीले सीधा बाटो रोज्यौँ र महापथ हुँदै भारदह पुग्यौँ । त्यहाँबाट राजमार्गलाई छाडेर दक्षिण-पश्चिम मोडिएपछि एकैछिनमा आउँदो रहेछ हनुमाननगर, अर्थात् सप्तरीको पुरानो सदरमुकाम । त्यहाँ पुगिसकेपछि हनुमान मन्दिर किन नजाने ? गाडी मोडियो गल्लीतिर । बाटै ढाकेर सामान थुपारी बसेका स्थानीवासीहरूलाई बचाउँदै गाडी सङ्कटमोचनद्वार अघि पुगेर रोकियो । मन्दिरभित्र कृष्णमुहारका हनुमान विराजमान हुनुहुँदो रहेछ । कालो अनुहार नै यहाँका पवनपुत्र हनुमानको विशेषता ।

हामी विलम्ब नगरेर गाडीमा बस्यौँ र मूल बजारमा निस्कियौँ । हाम्रो गाडी राजविराज उन्मुख भयो । खेतका फाँटहरूमा मकैका बोट लहलहाइरहेका देखिन्थे भने कतै गहुँ र जौका पौधाहरू पनि सर्सराइरहेका देखिन्थे । ठाउँठाउँमा आँप र लिचीका बोट देखिनु र बाँसका झाङहरू भेटिनु त सप्तरीको विशेषता नै भयो । त्यसमाथि बाटो छेउछाउमा बनाइएका पोखरीहरूले पनि छठको सम्झना गराउँथे ।

भारदहबाट पन्ध्र किलोमिटर पार गरिसकेको अवस्थामा वा राजविराज पुग्न दुई किलोमिटर बाँकी रहेको बेलामा भलही भन्ने स्थानमा गाडीको टायर पड्कियो । चालक, टायर फेर्ने काममा लागे । गर्मीले तातिएका हामी ओत थाप्न सँगैको एउटा घर कम्पाउन्डमा छिर्‍यौँ । लघुसङ्काको चेपमा परेकाहरू युरिनल कक्षको खोजीमा लागे । भित्रबाट एउटा हल्ला आयो, चिया खाने भएमात्र शौचालय छिर्ने अनुमति मिल्छ ।

'कस्तो अमानवीय व्यवहार ! कस्तो स्वार्थप्रेरित सौँच'– मेरो मुखबाट बोली निस्किहाल्यो ।

तर कुरा बेग्लै रहेछ ।

हाम्रो यात्रामा सहभागिता जनाएकी अर्याल परिवारकी नातेदार लता प्याकुरेल र शर्मिला प्याकुरेलका चिरपरिचित व्यक्ति रहेछन् घरमालिक इन्फान आलम । आलमले लतासँग चियाको आतिथ्य स्वीकार गर्न अनुरोध गरेछन् । लताले दुःख नगर्न भनिछन् । अनि पो आलमको तर्फबाट आत्मीय प्रेमको वर्षा भएछ– 'चिया नखाने भए वाथरूम जान मनाही छ ।'

अहो ! कस्तो गलत सोचेँछु मैले । मैले मनमनै आफैप्रति खेद प्रकट गरेँ र आलममाथि अगाध श्रद्धाभाव खन्याएँ ।

राजविराज नगरपालिकामा मेयरको निर्वाचन हुँदा आलम, अनिश अन्सारीको प्रचारमा लागेका रहेछन् तर विजयी भएछन् शम्भु यादव । 'आगामी निर्वाचनमा आफूले वडाअध्यक्षमा उमेदवारी दिने र अनिशलाई मेयरमा विजयी गराउने पूर्वाभ्यास हो' भने कसैले । जेसुकै भए पनि उनले दिएको आतिथ्यको हामीले मुक्तकण्ठले प्रशंसा गर्नुपर्छ भन्ने निष्कर्षमा पुग्यौँ हामी र उनको चियाबिस्कुटको आतिथ्य स्वीकार गर्‍यौँ । त्यही फुर्सदको मौका पारेर कुन्ता शर्मा र सुधा न्यौपानेबीच राजनीतिक बहस भयो । कुन्ता, वाम राजनीतिकी अभियन्ता र सुधा, जन्मजात काँग्रेस, दुम्जाली कोइरालाकी चेली । ओली र विद्यादेखि मञ्जुल र प्रदीपसम्मका कुरा, बिपी र किसुनदेखि देउवा र पौडेलसम्मका कुरा । केही थाहा नपाएका कुरा पनि सुन्यौँ हामीले । बस्, समय काट्न सजिलो भयो ।

तबसम्म टायर पनि बदलिइसकेको थियो । चालकले चिया खाएपछि हामी पुनः अगाडि बढ्यौँ । राजविराज बजारमा कुद्नथाल्यो गाडी । मलाई २०४५ सालको याद आयो । त्यो साल उदयपुर केन्द्रबिन्दु भएर भूकम्प जाँदा पूर्वाञ्चलका जिल्लाहरू बढी प्रभावित भएका थिए । भूकम्पपीडित क्षेत्र पुनर्निर्माण तथा पुनःस्थापन आयोजना नै गठन भएको थियो । पूर्वाञ्चलका प्रत्येक जिल्ला सदरमुकाममा पुनर्निर्माण जिल्लासमितिहरू गठन भएका थिए । भूकम्पपीडितलाई

प्रारम्भिक राहत उपलब्ध गराउन र पुनर्निर्माणमा संलग्न प्राविधिकहरूलाई तलब बाँड्न मेरो नेतृत्वमा केन्द्रबाट एउटा टोली आएको थियो र त्यस टोलीले पूर्वाञ्चलका सबै जिल्ला सदरमुकामहरू अवलोकन गरेको थियो ।

म देख्दै छु, बजारको स्थिति । भत्केका घरहरू त त्यहाँ थिएनन् तर बजारको स्वरूपमा किञ्चित् परिवर्तन आएको देखिएन । तिनै पुराना घर, तिनै साँघुरा सडक, त्यस्तै फोहोर र मानिसहरूको त्यस्तै जीवनस्तर । किन ध्यान जान सकेन राज्यको ? केका निम्ति राजनीति गर्दै छन् मधेशवादी नेताहरू ? शायद दुई नम्बर प्रदेशका जिल्लाहरूमा सबैभन्दा पछि परेको जिल्ला हो क्यारे सप्तरी !

हामी बजार छाडेर सीधै दक्षिण हानियौँ । विष्णुपुर गाउँपालिका र छिन्नमस्ता गाउँपालिकाका फाँट बस्तीहरूमा बाह्र किलोमिटर गुडेर छिन्नमस्ता पुग्यौँ । देदिप्यमान तीनछाने मन्दिर र सुन्दर मन्दिरपरिसर देखेर हृदय प्रफुल्लित भयो । बत्तीस वर्षअघि आउँदाको रूप पूर्णतः बदलिएको देखियो । राजविराजको रूप यथावत् भए पनि छिन्नमस्ता मन्दिर परिधि परिवर्तन भएछ । नत्र रूपरङ्गविहीन परिसर र जीर्ण मन्दिरको गर्भमा देवीको दर्शन गर्नुपर्ने थियो ।

हामी सरासर मन्दिरको पृष्ठभागमा गयौँ र पोखरीको जल सेचन गरेर मन्दिरभित्र छिर्यौं । मस्तक छिनिएको अवस्थामा नभएर भगवती समस्तक विराजमान हुनुहुन्थ्यो । छिन्नमस्ताको असली रूप देख्ने चाहना पूरा गर्न बिहान चार बजे नै आउनुपर्ने जानकारी दिए पुजारीले ।

एघार बजिसकेको छ । काठमाडौँ पुग्ने समय टलिसकेको छ । मन्दिरपरिसरमा दुईचारवटा फोटो लिनुबाहेक विलम्ब गर्नुपर्ने आवश्यकता छैन हामीलाई । त्यसै भएर हामी बसमा चढ्यौँ र गन्तव्य पहिल्याइहाल्यौँ । राजविराज बजारमा बैरवावासी सात जनाको र रूपनीमा केदार न्यौपाने र सुधा न्यौपानेको अवतरण भएपछि बाँकी रह्यौँ चालकसहित हामी आठ जना ।

डा. जगमान गुरुङ आरूढ कारले बिपी राजमार्ग पक्रिसक्यो होला ! सरिता अर्याल आरूढ कार लाहान पुग्न लागेको सूचना प्राप्त हुँदै छ । सरिताजी जानकारी दिँदै हुनुहुन्छ, शैलेन्दुप्रकाश नेपाललाई – 'हामीले कान्छा होटलमा खाना खान्छौँ, त्यहीँ आउनुहोला ।'

शैलेन्दु सर अर्याल वंशसँग नातासम्बन्ध जोडिएका मानिस । शैलेन्दुको फुलेको र खुइलिएको कपालले सरिताजीलाई धोका दिएछ र जेठाजुको नाता जोड्नुभएछ । पछि पो थाहा लाग्यो, कपाल फुलेको त उमेरले होइन रहेछ । तालु खुइलिएको पनि वृद्धत्वले होइन रहेछ । अनि त जेठाजुबुहारीको नाता एकाएक उल्टिएर

देवरभाउजूमा परिणत भयो । यो परिवर्तित सम्बन्ध उहाँहरूका लागिमात्र सहज नभएर हामी सबै सहयात्रीका लागि पनि सजिलो भयो । उहाँहरू दुबै रसिक मान्छे, खुलेर बोल्नुहुन्थ्यो र हामीहरूलाई सुन्न रमाइलो लाग्थ्यो ।

भोक लागेपछि अरूलाई पर्खिराख्न किन पर्स्यो र ? भान्से अरू नै छन्, पस्केर टेबुलमा टकारिदिने अरू नै छन्, हामी त होटलवालाका ग्राहक न हौँ ।

हामी पुग्दा कारयात्रीहरूले सुप चपाउँदै थिए ।

होटल प्रवेश गर्नेबित्तिकै कोइलाको भौरोमा माटोको मट्का तताइरहेको देखेँ । सोधिहालेँ– 'के हो यो ? उत्तर आयो– 'कटवा ।'

'वाह ! यसको पनि स्वाद लिनुपर्स्यो ।'

सरिताजीले भन्नुभयो– 'यो तपाईंहरूकै लागि तयार हुँदै छ, हामीले खाइसक्यौँ ।'

कोठाभित्र छिरेको थिएँ, ऋषभजीले गंगासागर यात्रा गर्ने प्रस्ताव राख्नुभयो । समयमाथि ध्यान गयो मेरो– समयअनुकूल छ कि छैन ! फेरि सोचेँ, साथीलाई साथ दिनु साथीको कर्तव्य पनि त हो । आखिर हामी यात्री न ठहरियौँ, कहिले दधीसागरको यात्रा त कहिले गंगासागरको । यही त हो यात्राको रमाइलो पक्ष ।

कति स्वादिलो खसीको मासु ! कति मीठो फुरन्दाना, अचार, आलुचिप्स र फ्रुट सलाद ! भातै खान नपर्ने गरी खाइएछ रसमिश्रित परिकारहरू । सोच पलायो, जुठो पारेर प्लेट खर्च किन गरूँ ? अनि निर्णय सुनाएँ– 'म त भात खान्नँ । त्यही एउटा कटवा खान्छु, पुगिहाल्छ ।'

साथीहरू अट्टाहस हाँसो हाँसे । मैले कारण बुझिनँ । ऋषभजीले हाँसैहाँसोमा भन्नुभयो– 'दाइले कटवा खाइसक्नुभयो ।'

'कसरी ?'

'त्यही खसीको मासु त हो कटवा भनेको– विशेष मरमसला राखेर भौरोमा भर्स्याइएको ।

आफ्नो अबोधपनप्रति एक्लै हाँसेँ म ।

हामीले खाना खाइसक्यौँ ।

सरिताजीले कति पैसा भुक्तान गर्नुभयो र गर्दै आउनुभएको छ, केही थाहा छैन मलाई । यस्तो अनुभूति हुँदैछ, मलाईमात्र होइन, अर्याल परिवारका धेरै सदस्यहरूलाई थाहा छैन ।

हो, वास्तवमा बृहत् आकारको यति विशिष्ट कार्यसम्पन्न गर्नका लागि सरिताजी यसअघि पनि बैरवा पुग्नुभएको हो र अहिले पनि काठमाडौँबाट यतिठूलो व्यवस्थापन गरेर झन्डै दुई दर्जन अतिथिहरूलाई असन्तुष्टिका स्वरहरू ओकल्ने मौका नदिईकन यात्रा गराउँदै हुनुहुन्छ । यसमा अरू कसैले व्ययभार वहन गरेको जस्तो पनि लाग्दैन । यसबाहेक आफ्ना सासूससुराको नाममा कोष खडा गरेर 'गोमा-दामोदर स्मृति पुरस्कार'को व्यवस्था गर्नु पनि आफैमा प्रशंसनीय कार्य हो । उदयानन्द अर्यालकी सातौँ पुस्ताकी एउटी कुलवधूले उदयानन्दको अमरत्वका लागि यति ठूलो त्याग गर्नु अर्याल कुलवंश परम्पराकै लागि गौरवकै विषय होइन र ?

भावनामा बगेँछु म एकछिन ।

साथीहरू होटलबाहिर निस्किसकेछन् ।

एक पनि बजिसकेछ ।

अब हाम्रो रोकिने ठाउँ भनेको कुनै एउटा चियापसल ।

त्यसो भए अब कार र बसको मिलनस्थल खनियाखर्क ।

सिन्धुलीगढी नाघेर खनियाखर्क आइपुग्दा छ बज्न थालिसकेको थियो । दूध खोजेर चिया पकाउँदा र खाँदा घडीको सुई छबाट उकालो लागिसक्यो ।

खुर्कोट आइपुग्दा सन्ध्या ओर्लियो धर्तीमा ।

मूलकोट बजार काट्दा अन्धकार ।

रोशीलाई पछाडि पारेर भकुन्डेबेसी उन्मुख हुँदैगर्दा बिग्रेको एउटा ट्रकले आधाघण्टा अवरोध गर्‍यो । त्यसमाथि आठ बजेपछि खुलेका ट्रिपरहरूले हाम्रो गतिमा बाधा पारिरहे ।

यति हुँदाहुँदै पनि हामी दश बजे गौशाला आइपुग्यौँ ।

खोला तर्ने र लौरो बिर्सने स्वभाव सरिताजीको छैन । चालकसँग नेहोरा गर्दै हुनुहुन्छ– 'तिमी थाकेका छौ, यो पनि मलाई थाहा छ र रात परिसक्यो, यो पनि मलाई थाहा छ । तर पनि भोला भाइ ! कसलाई कहाँ पुग्नुपर्ने हो त्यहीँ पुर्‍याइदेऊ । पैसाको कुरा मसँग गर ।'

म त सवादशमा चाबहिल चोकमा ओर्लेर दुईतीन मिनेटमा नै घर पुगिहालेँ । सबैभन्दा टाढा जानुपर्ने गीता रेग्मी र प्रभा बरालको गृहप्रवेश कतिबजे भयो कुन्नि !

०००

# तीर्थयात्रा पहिले र अहिले

**चन्द्रकान्त आचार्य**
**वाङ्ला, अर्घाखाँची**
हाल : नयाँ बानेश्वर, काठमाडौं

पचपन्न वर्ष पहिलेको कुरा हो गुल्मी र पाल्पाको संगम स्थल बलेआ भन्ने ठाउँमा एउटी दुई वर्षे दुधे बालिकाले टाढा जाँदै गरेकी आफ्नी आमासँग रुँदै चिच्याउँदै अनुरोध गरिरहेकी थिइन् – "आमा, एक पटक बुबु खान्छु" । धर्मको कार्यमा अघि बढेकी आमा पछि फर्कन्निन्, मुटुमाथि ढुङ्गा राखेर त्यस अबोध शिशुको चित्कारसहित उसले गरेको एक पटक दुध खाने अनुरोधलाई सुनेको नसुनै गरी उनी चार धाम तीर्थ यात्राको लागि अघि बढ्छिन् ।

संवत् २०१८ साल ज्येष्ठ महिनाको तेस्रो साता तत्कालीन गुल्मीको वाङ्लाबाट बाबा मु. पोमनारायण आचार्यको अगुवाइमा उहाँका मामा पं पीताम्बर भट्टराइ र अन्य भक्त जनसहित ठूलो समूह चार महिनाको लागि भारतका चारै धामको तीर्थ यात्रामा जान तयार हुन्छ । जगन्नाथ पुरी, रामेश्वरम्, द्वारका र बद्रीनाथ यी चार ठाउँ चार धाम मानिन्छन् । तर बद्रीनाथ दर्शनपूर्व केदारनाथ दर्शन गर्नु पर्ने र त्यसभन्दा पहिल्यै यमुनोत्री र गङ्गोत्रीमा स्नान गरी रामेश्वरम्मा भगवान् शंकरलाई जल चढाउनको लागि ती ठाउँको जल संकलन गर्नु पर्ने परंपराअनुसार उत्तराखण्डको चार धाम पहिले गर्न श्रेयस्कर मानिन्थ्यो । उत्तराखण्डका पहाडी विकट बाटामा पैदल यात्रा गर्नुपर्ने हुँदा पूरा चार धामको लागि तीन चार महिना लाग्दथ्यो ।

त्यस्तो लामो र विकट यात्राको लागि सर्वप्रथम तयार हुनुभयो सत्तरी वर्षे वृद्धा हजुर आमा टीकादेवी आचार्य । त्यसपछि त्यो अमूल्य अवसर नगुमाउन जुनसुकै मूल्य चुकाउन तयार हुनुभयो दुई वर्षे दुधे बालिकाकी आमा जमुना देवी आचार्य । बाबाका विद्वान् मामा पं. पीताम्बर भट्टराईले पत्नीलाई नलैजाने हुँदा आफू पनि पत्नीविना वृद्धा आमालाई लिएर जान बाबालाई आपत्ति थिएन होला र त्यसै गर्न मामाको सल्लाह पनि रह्यो । तर सत्य र धर्मको मार्गमा सधै अगाडि रहने हाम्री आमा चार धाम यात्राको त्यो अवसर गुमाउन तयार हुनुभएन र दुई वर्षे बालिकालाई काखमा च्याँपी यात्राको लागि अगाडि बढ्नुभयो ।

पहिलो दिनको यात्रा बलेआसम्म रहेछ । त्यहाँ गुल्मी दौंघाकी हाम्री फुपूको खेत भएकाले भानिज दाइहरू त्यहीं रहेछन् । पहिलो दिनको यात्राको अनुभव र रातभरि साथीहरूले दिएका सुझावअनुसार ती सानी नानीलाई काखमा च्याँपेर चार धाम तीर्थयात्रा संपन्न गर्न नसकिने निष्कर्षमा आमा पनि पुग्नुभयो । सबैले

आमालाई छोरी लिएर घर फर्कन सल्लाह दिए । तर आमाले छोरीलाई घर पठाएर आफू भगवान्का दरबारमा जान अघि बढ्ने कठोर निर्णय लिनुभयो । त्यसरी आमाले भानिज कृष्ण ज्ञवालीलाई छोरी जिम्मा लगाउनुभयो ।

रोइरहेकी बालिकालाई काखमा च्यापेर कृष्ण दाइ वाङ्लातिर लाग्नुभयो भने ठूलो तीर्थयात्रीहरूको समूहसँग आमा बुटवलतिर लाग्नुभयो । त्यसै समयमा ती अबोध बालिकाको सबैका मुटु चिरिदिने "आमा, एक पटक बुबु खान्छु" भन्ने अनुरोध रिडी खोलामाथि गुन्जिरह्यो । तर मुटुमाथि ढुङ्गा राखेर आमा दक्षिण पूर्वतिर अघि बढ्दै जानुभयो भने भानिज दाइले चिच्याइरहेकी सानी बहिनीलाई पश्चिमतिर अघि बढाए । तिनले एक पटक दूध खान मागेको करूण क्रन्दनलाई रिडी खोलाले बगाइदियो ।

दिनभरिको बाटो हिडेर बेलुकीतिर कृष्ण दाइ वाङ्ला हाम्रो घर आइपुग्दा बहिनी रोइरहेकी थिइन् । जति फकाउन खोजे पनि रुन नछाडेकी बहिनीलाई त्यहाँसम्म ल्याउन सकेकोमा कृष्ण दाइले सन्तोषको सास लिनुभयो भने मैले बहिनीलाई समातेँ । अचम्मको कुरा बहिनी रुन छाडिन् र मेरो छातीमा टाँस्सिइन् । सुस्त सुस्त तिनको अनुहार उज्यालो भयो र उनी मलाई हेरेर हाँस्न खोजिन् । अब तिनले संसार चिन्न थालिन् जस्तो लाग्यो । आमा र आमाको दुधबाहेक अरू पनि जिउने सहारा हुन्छन् भन्ने कुरा ती अबोध बालिकाले पहिलो पटक बुझिन् जस्तो लाग्यो । तिनको अनुहारमा खुशी देखेर हामी सबै प्रसन्न भयौँ भने हामीसँगै बस्ने बाबाकी फुपू हाम्री डिहिडाडे बोईले बालिकालाई राम्ररी हुर्काउने जिम्मा लिनुभयो । तिनको नाम मीना भए पनि उहाँले राखेको नाम हो पटु ।

रिडी खोलामा मात्र होइन, कालीगण्डकी र भागीरथी गङ्गामा धेरै पानी बग्यो । तर हाम्रा पुर्खाले परापूर्व कालदेखि तीर्थयात्राको लागि विशेष रुचि राखेर रोजेका गढवाल क्षेत्रका अति दुर्गम स्थानहरूमा रहेका गङ्गोत्री, यमुनोत्री, केदारनाथ र बद्रीनाथ सदैव हाम्रा लागि उत्तिकै रुचिपूर्ण, विशेष श्रद्धेय र वन्दनीय छन् । त्यहाँ जानको लागि खास गरी सनातन धर्मानुयायी नेपालीहरू अत्यन्त लालायित रहन्छन् । आफ्ना मातापिताले अत्यन्त कष्ट उठाएर जोखिमपूर्ण यात्रा गरेर भए पनि पुगेका ती पुण्यस्थलहरूमा अहिलेको सुविधायुक्त अवस्थामा हामीले पनि जाने प्रयत्न गर्नु स्वाभाविकै हो ।

"हुँदैन, यसपालि मौसम राम्रो छैन, यसपालि पहाडतिर लाग्न हुँदैन !' पटुले देहरादुनबाट स्वीकृति दिइनन् । तर हामी पनि कम थिएनौँ, त्यहाँ पुगेपछि कुनै न कुनै समय किन नमिल्ला भन्ने सोँचेर योजना बनाउन शुरू गर्‍यौँ ।

त्यस समय अर्थात् २०६५ जेठ महिनाको अन्ततिर सानी छोरी मृदु आचार्यलाई संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयको मेडिकल इन्स्टिच्युटमा पोष्ट

डक रिसर्चको लागि जानुपर्ने भएकाले उनलाई दिल्लीबाट बोस्टनसम्म पुग्ने टिकटको व्यवस्था गरेर उपयुक्त समयमा तिनलाई दिल्ली पुऱ्याउने योजना बनाइयो ।

छोरीलाई दिल्लीबाट अमेरिकातिर पठाएपछि योजनाअनुसार हामी बहिनी मीना (पटु) र तिनका परिवारजनलाई भेट्न बिहान सबेरैको रेलबाट देहरादुन पुग्यौँ । देहरादुनको भेटघाट सधै अति सौहार्दपूर्ण हुन्छ र त्यहाँ समय बिताउन अति सहज हुन्छ । यसरी आरामसँग रमाइला दिन बिताउन त वर्षादको समय उपयुक्त नै थियो । तर नेपालबाट सबै काम छाडेर छोरीलाई पठाउन र देहरादुनमा रमाएर बस्न हामी गएका थिएनौं । हाम्रो उद्देश्य त जसरी पनि तीर्थयात्रामा जानु थियो । बहिनी र ज्वाइँ शेखर खनालले मात्र होइन माता पिता र अन्य चिनजानका सम्पूर्ण बन्धु तथा मित्रहरूले हामीलाई त्यस्तो वर्षादको समयमा पहाडतिर जाने सल्लाह दिएनन् । उक्त वर्षादको समयमा गढवालको पहाडी भूमि अत्यन्त नाजुक भएको स्थितिमा दुर्घटनाहरू भैरहेकाले तीर्थयात्राको कार्यक्रम नबनाउन हामीलाई काठमाडौं छदै सूचित गरिएको थियो । त्यसैले नै हामी छोरी पठाउने योजना बनाएर त्यहाँ पुगेका थियौँ । त्यसैले अनुकूल मौसमको पर्खाइमा हामी केही दिन धैर्य गरेर बस्यौँ । पछि मौसम केही सुध्रिएको दिनमा पुनः हामीले आफ्नो योजना साकार पार्ने प्रयत्न गर्न थाल्यौँ । अन्ततः ज्वाइँका साथीको मारूती कारमा गढवाल क्षेत्रका कुशल चालक मोहनको सहयोगमा हामी दुई जना तीर्थ यात्री देहरादुनबाट मन्सुरीको बाटो यमुनोत्रीतिर लाग्यौँ ।

मन्सुरीबाट पश्चिम-उत्तर लागेर हनुमानचट्टीसम्म सजिलोसँग आफ्नै गाडीमा पुग्यौँ र त्यहाँबाट चार पाँच किलोमीटर टाढा जानकीचट्टीसम्म स्थानीय जीपमा जानसकिने कुरा अवगत भयो । त्यसपछि तीन किलोमीटर दूरीमा रहेको यमुनोत्रीमा घोडामा या पैदल नै जान सकिने कुरा थाहा पाउँदा आफूले ज्यादै दुर्गम र टाढा संझेको यमुनोत्रीलाई त्यति नजिक भेटाउने कुरा सुन्दा विश्वास नै लागेको थिएन । तर मौसम राम्रो भएको दिन परेर हामीले जीपमा जानकी चट्टीसम्म यात्रा गर्न पायौँ र त्यसै दिन घोडा लिएर हामी यमुनोत्री पुग्यौँ अर्थात् उत्तराखण्डको चारधामको एक धाम देहरादुनबाट एकै दिनमा पुग्यौँ । यसरी हामी औधि खुशी भयौँ र सुविधासम्पन्न राम्रो होटलमा बस्ने व्यवस्था मिलाई मन्दिरहरू र यमुनाजीको दर्शनमा निस्क्यौँ ।

२०१८ सालमा धेरै ठूलो वर्षा भयो । बाबा आमा तीर्थ गएपछि सानी बहिनी पटुलाई डिहिडाडे बोईले स्याहारे पनि अलि ठूला भएका भाइ कृष्ण र बहिनी मैञा पनि रेखदेख पुऱ्याउनुपर्ने खालका थिए । म आफू सानै भए पनि यी सबैको संरक्षक भएर बस्नुपरेको थियो । वर्षाले खोलाहरू बढेर धान खेत बगाउने

र बारीहरू पहिरोले लैजाने यत्र तत्र कुरा सुनियो भने हाम्रो पनि राले भन्ने ठूलो खेतको रोपेको धान सबै बगायो भन्ने सुनियो । तर हामी के गर्न सक्थ्यौं र ? ठूलो पानी पर्‍यो भन्ने कुरालाई खुब राम्रोसँग साहित्यिक भाषामा मैले पहिलो चिठी दाइहरूलाई बनारस लेखेर पठाएँ । "खोला त दधिजस्तै जमेको थियो" भनेर मैले त्यस चिठीमा लेखेको थिएँ । त्यस बेलामा मैले चिठी लेख्ने मात्र होइन, क्रान्तिमा लागेका ठूल्दाइ यज्ञप्रसाद आचार्य घरमा भएको बेलामा प्रहरीहरू आएर घर खोल्न खोज्दा नक्कली चिठी बाटोमा कसैले दिएको बहाना बनाएर 'दाइलाई मारेछन्' भनेर रुँदै तिनीहरूलाई धपाउने काम पनि गर्नु परेको थियो । यता हामीलाई त्यस्तो थियो भने उता त्यस मुसलधारे वर्षाको समयमा बाबा आमाहरू उत्तराखण्डको चार धाम यात्रामा हुनुहुन्थ्यो । त्यहाँबाट पनि समय समयमा चिठी आउँथे । यौटा चिठी आयो, त्यसमा लेखिएको थियो, "हामी भीर पहिरा, हिलो, ढुङ्गा आदिमा लड्दै भिड्दै यमुनोत्री आइपुग्यौं ।" त्यो चिठी पढेपछि हामीहरूले सोँचेका थियौँ, अब उहाँहरूको अप्ठेरो बाटो सकियो ।

हामी एकै दिनमा आइपुग्ने यही ठाउँ त्यस समयमा त्यति दुर्गम मानिन्थ्यो ! भनेर मेरो मस्तिष्क घुम्यो । हो त्यस्तै दुर्गम त रहेछ, केही क्षणको भ्रमणपछि कोठामा आउँदा म आफै बिरामी परेँ । खानु न पिउनु रातभरि शौचालयको बास, शरीर लखतरान भयो । तीन किलोमिटर घोडामा निस्कदा बाटो त निकै ठाडो लागेकै हो, तर त्यति छिटै आएको ठाउँ धेरै उचाइमा अवस्थित होला भन्ने हामीले सोचेकै थिएनौँ । दुई वर्षपहिले म्याग्दीको बेग खोलाबाट हिडेर दुई तीन दिन लगाएर पुगेको मुक्तिनाथको तुलनामा यमुनोत्री निकै कम उचाइमा अवस्थित संझिदै उचाइसम्बन्धी कुनै रोगले छुने छैन भन्नेमा हामी विश्वस्त थियौँ । तर मलाई सुस्त सुस्त खाने रुचि हराउने र पेट अत्यन्त खराब हुने लक्षण देखिए । शनैः शनैः रात्रि व्यतीत हुँदै जाँदा म हताश भएर बाँकी तीर्थ यात्राको योजनाप्रति चिन्तित हुन थालेँ ।

पहिलेका तीर्थयात्रीहरूबाट मैले सुनेअनुसार यमुनोत्री, गंगोत्री, केदारनाथ र बद्रीनाथमध्ये सबभन्दा कठिन यात्रा केदारनाथको लागि हुनुपर्ने हो । यमुनोत्रीमा केही दूरी हिड्नुपर्ने हुँदा दुःख हुने भए पनि केदारनाथ पुग्नु बढी कष्टकर र गंगोत्री तथा बद्रीनाथ अति सुगम रहेको कुरा मेरो पूर्वानुमान रह्यो । तर पहिलो दिन नै यमुनोत्री पुग्ने बेलामा बढी सुगम लागे पनि रातिको बिरामी अवस्थाले आउने दिनहरूका यात्राबारे चिन्ता बढ्यो र केदारनाथ कसरी पुग्नेहोला भनेर म बढी चिन्तित भएँ । गाडी चल्ने ठाउँसम्म त जसरी तसरी जान सकिएला, तर त्यहाँबाट लामो बाटो हिड्ने त कुरै भएन, घोडामा अडिन पनि सक्ने स्थिति नहुँदा या त केदारनाथ नपुग्नु या पाल्कीमा चढेर त्यहाँ पुग्नुमात्र विकल्प रहने कुराले म त्रसित हुन थालेँ । मैले महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'कुन मन्दिरमा जान्छौ यात्री..' कविता नेपालीमा कण्ठस्थ गरेको मात्र नभएर रुसी

भाषामाा अनुवाद गरिएको त्यही कविता मास्कोका कवि गोष्ठीहरूमा सुनाउने गरेको थिएँ । '..... मानिसहरूको काँध चढी कुन देवपुरीमा जाने हो ?' भन्ने प्रश्नले एकातिर तर्साइरहेको थियो भने त्यति टाढा आएर देवाधिदेव शंकर भगवान्को ज्योतिर्लिङ्ग रहेको केदारनाथ मन्दिरसम्म पुग्न नसक्नु अर्को दुःखद परिस्थिति सिर्जना भएको थियो । त्यसैले चिन्तित र त्रसित हुँदै बिरामी अवस्थामा नसुतेर नै रात व्यतीत भयो । तर अर्को बिहान मेरो पेट ठीक हुनुका साथै म अलि फुर्तिलो भएँ र तातो कुण्डमा स्नान र मन्दिरहरूमा दर्शन कार्य सम्पन्न गरी हामी पैदल नै जानकी चट्टीतिर लाग्यौँ । आधा बाटो तल झरेपछि चिया बिस्कुट खान मीठो भएको र सजिलै जानकी चट्टी पुग्न सकेकाले बाँकी तीर्थयात्रा चाहेअनुसार सम्पन्न गर्न सक्ने आशाले हामी अत्यन्त प्रसन्न भयौँ । तर मौसम बिग्रिसकेको थियो र हनुमान चट्टी जाने बाटोमा ठूलो पहिरो गएर स्थानीय जीप पनि हनुमान चट्टी पुग्न नसक्ने भएपछि पहिरो गएको ठाउँमा पैदल हिड्न जोखिम अवस्था सिर्जना भएको थियो भने बाँकी भागमा घोडा चढ्ने सुविधा प्राप्त भयो । जसरी तसरी हनुमान चट्टी पुगियो ।

हनुमान चट्टी पुगेर यथा समयमा आफ्नो सवारी साधन भेटाउदा मैले गत रात्रिको दुःखद अवस्था बिर्सें । जानकी चट्टीमा किनेको चारधाम यात्रा वर्णनसम्बन्धी पुस्तिकामा रहेका तथ्याङ्कहरू हेर्दै जाँदा यमुनोत्रीको उचाइ देखेर म तर्सिएँ । त्यो अङ्क त हाम्रो मुक्तिनाथको उचाइसँग मिल्दोजुल्दो अर्थात् समुद्री सतहदेखि १०८०० फिट रहेछ । त्यो देखेर बल्ल आफू अघिल्लो राति बिरामी परेको कारण थाहा भयो र अब बाँकी यात्रा अत्यन्त सहज र रमाइलो हुनेमा हामी दुबै जना विश्वस्त भयौँ । तर 'म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो' भनेजस्तै दोस्रो दिन बेलुकी नै गङ्गोत्री पुग्ने धुनमा उत्तर काशीबाट अगाडि बढेका हामीहरूलाई गङ्गोत्री जाने बाटो बन्द रहेको खबर सुनाइयो र नेताला भन्ने ठाउँमा बस्न हामी बाध्य भयौँ ।

अर्को दिन बाटो खुल्ला र अघि बढौँला भन्दाभन्दै बाटो अनिश्चित कालको लागि नै बन्द रहने जस्ता कुरा सुनिन थाले र हामीले केदारनाथतिर लाग्ने र पछि बद्रीनाथको पनि तीर्थयात्रा सम्पन्न गरेर अन्तमा गङ्गोत्रीतिर आउने निश्चय गरी त्यहाँबाट फर्केर उत्तर काशी आई पूर्व-उत्तरको बाटो समातेर श्रीनगर हुँदै केदारनाथ जाने बाटोमा रामपुर गएर बस्यौँ । अर्को दिन बिहान हामीले रामपुरमा दुईटा नेपाली बस देख्यौँ र केदारनाथ पुगेर फर्केका ती बसका यात्रीमध्ये केहीसँग भलाकुसारी गर्ने अवसर पनि पायौँ । हामी गौरीकुण्ड पुगेर घोडामा केदारनाथ मन्दिर रहेको उचाइमा पुग्नु थियो भने उनीहरू बद्रीनाथ धामको बाटो लाग्नेवाला थिए । तर बद्रीनाथ धाममा श्रीमद्भागवत सप्ताह यज्ञ सञ्चालन गर्ने उनीहरूको योजना हुँदा पुनः ती नेपाली श्रद्धालु यात्रीहरूसँग भेट हुने आशा गर्दै हामी अघि बढ्यौँ । गौरी कुण्डसम्म आफ्नै गाडीमा गएर त्यहाँदेखि माथि जान

घोडाहरूको व्यवस्था भएको थियो । पहिले गौरीकुण्डको तातो पानीमा स्नान गरी हामी घोडामा केदारनाथ पुग्ने १४ किलोमिटर बाटोतिर अघि बढ्यौँ । अघि बढ्दै जादा मलाई रिडी-तानसेन यात्राको स्मरण भायो ।

रिडीदेखि तानसेन जाने बाटोमा अर्गली, कुरङ्खोला, जोर्ते पौवा आदि ठाउँ हुँदै ठाडो उकालो चढेर चार घण्टा जतिमा चण्डी भञ्ज्याङ् पुगिन्छ । त्यो उकालो बाटो चढ्ने यात्रुहरूको लर्को र तल झर्ने सुकिला लुगा लगाएका लाहुरे लाहुरेनी र तिनका केटाकेटीका घरतिर जान लागेको खुशियालीमा ओरालोमा छिटो चलिरहेका पाइलाहरूले माथि निस्कनेहरूको थकित मनस्थिति र तल झर्नेहरूको हतार हतार घर पुग्ने उत्साह हेर्नलायक हुन्थ्यो । साधारण मानिसहरू पनि माथि निस्कदा सुस्केरा हाल्दै पसिना निकालेर अघि बढिरहेका हुन्थे भने तल जानेहरू छिटो छिटो दौडिरहेका भेटिन्थे । हामी भने केदारनाथ भगवान्को दर्शन गर्न पनि घोडा चढ्ने सुविधा भोग गरिरहेका थियौँ र पाल्कीमा चढेर तल माथि गर्दै रहेका तीर्थालुहरूलाई हेर्दै अघि बढिरह्यौँ ।

पाल्कीमा माथि गइरहेका श्रद्धालु यात्रीहरूलाई हेरेर मनमा उहीं प्रश्न उठ्थ्यो, तर परिस्थितिले आफैलाई त्यस ठाउँमा पुर्‍याउन लागेको अवस्था सम्झेर यो सबै कुरा नियमित र आवश्यकताअनुसार नै रहेछ भन्ने लाग्यो । पाल्की चढ्ने मानिस नपाएर रन्थनिएका मजदुरहरूको (तिनीहरूमा धेरै नेपाली नै छन्) अवस्था देख्ता कामको अवसर प्राप्त हुनसकेमा उनीहरूलाई शारीरिक थकावटभन्दा मानसिक सन्तुष्टि ज्यादा मिल्ने कुरा पनि यहाँ प्रकट गर्न उपयुक्त लागेको छ । त्यसैले सबै कुरा आफ्नो ठाउँमा ठीकै रहेको सम्झदै मेरो आफ्नो इच्छाअनुसार पाल्की चढ्नुपर्ने बाध्यता नभएको खुशियालीमा रमाइलो मान्दै हामी केदारनाथ मन्दिर पुग्यौँ ।

केदारनाथ शंकर भगवान्को दर्शन गरी घोडामा नै फर्केर रामपुर पुग्ने तयारी थियो, तर ओरालोमा म घोडामा नचढेर हिडेर नै तल आएँ । तल गौरीकुण्डमा हामीलाई गाडीले कुरिरहेकको थियो र एक छिनमा नै हामी रामपुर बासस्थलमा आइपुग्यौँ । त्यसरी एक दिनमा नै केदारनाथ पुगेर दर्शन गरी फर्किदा आफैलाई अचम्म लाग्यो । आफूले पहिलेदेखि सौँच्ने गरेको केदारनाथ पुग्ने विकट यात्राको बारेमा स्मरण हुँदा सौँचाई र वास्तविकतामा कति भिन्नता हुनेरहेछ भन्ने कुरा केदारनाथको अति सहज र रमाइलो यात्राले स्पष्ट गरिदियो ।

अब हामी केदारनाथको दर्शन गरी बद्रीनाथतिर लाग्दैछौँ भन्ने बाबाका चिठीको स्मरण भयो । कम्तीमा पनि एक महिनाको फरकमा पाएको त्यस चिठीमा अब पानी पर्न कम हुन थालेको र बाटो पनि सजिलो शुरू हुँदैछ भन्ने कुरा त्यसमा लेखिएका थिए । त्यसअनुसार उत्तराखण्डका तीन धाम सकिएका थिए । हामीले भने गङ्गोत्री छुटाएका थियौँ । उस बेला आमाले यमुनोत्री र गङ्गोत्री दुबै ठाउँका

जल कसैले नछोई शुद्ध किसिमले रामेश्वरम्सम्म पुऱ्याउन अथक प्रयत्न गरिरहनुभयो । बास बसेको बेलामा जलको कलश रुखमा झुण्डाएर राख्ने गरेको कुरा आमा बताउनुहुन्थ्यो ।

बाबा आमाको टोली बद्रीनाथतिर लागेको चिठी स्मरण गर्दै हामी पनि बद्रीनाथतिर लाग्यौँ । मनले अति सुगम ठानेको र वास्तविकतामा पनि सुगम रहेको बद्रीनाथ धामतिर अगाडि लाग्नुभन्दा पहिले हामीले केदारनाथको यात्रा सम्पन्न गरी बद्रीनाथतिर जान लागेको कुरा रामपुरबाट देहरादुन बहिनी ज्वाइँलाई मात्र होइन अमेरिकामा रहेका छोराछोरीलाई समेत फोनबाट खबर गर्न भ्यायौँ । उती बेला महिना दिन लगाएर भीर पहिरामा हिड्दै गर्दा कुनै बजार जस्तो ठाउँमा पुग्दा पोष्ट अफिस भेटाएर बाबाले चिठी पठाउनुहुन्थ्यो भने अहिले तत्काल आफ्ना सफलताका कथा र आगामी योजना फोनबाट बताउन हामी सक्षम थियौँ ।

रामपुरबाट श्रीनगर फर्केर पुनः पूर्व-उत्तर लाग्दै अलकनन्दा र मन्दाकिनीको संगम कर्णप्रयागमा हरिशयनी एकादशीको मध्यान्हमा स्नान गरेर हामी अलकनन्दाको तीरैतीर बद्रीनाथको लागि अघि बढ्यौँ । चमोली भन्ने उत्तराखण्डको प्रसिद्ध सहरहुँदै माथि लाग्दा अति नै रमाइलो लागिरहेको थियो । त्यहाँबाट पारिपट्टि देखिने अग्ला पहाडतिर इङ्गित गर्दै चालक मोहनले भने "यो सडक नबन्दासम्म तीर्थयात्री त्यहीं अप्ठेरो बाटो हिडेर कैयौँ दिन लगाएर बद्री पुग्थे" । उनले हाम्रो जानकारीको लागि उक्त कुरा सहज रूपमा भने, तर मेरो मुटु नै छोयो । म त्यस लामो भिरालो पखेराको सूक्ष्म विश्लेषण गर्न खोजेजस्तै त्यहाँबाट आँखा हटाउन नसक्ने भएँ र तत्क्षण मेरा आँखा रसाए । त्यस्तो बाटोमा आफ्नो झोला बोकेर कसैलाई छुन नदिने त्यो कलश समाएर मेरी आमा कसरी हिड्नसक्नुभए होला र कसरी बद्रीनाथ धाम पुग्नुभए होला ! त्यति नै बेला बलेआबाट अघि बढ्दा दुई वर्षे दुधे बालिकाको चित्कारबाट द्रवित आमाको मनको बेथा पनि मैले अनुमान गरेँ । त्यसरी तन र मनको त्यो सङ्कट पार गरेर बद्रीनाथ भगवान्को चरणमा शरीर टेकाउँदा आमाको पीडा केही कम भए होला कि भनेर मैले सन्तोष लिने प्रयत्न गरेँ । छोरीलाई त्यस अवस्थामा छोडेर आफ्नो वेदना मुटुभित्र लुकाइरहेकी ती श्रद्धालु आमाले भगवान्समक्ष शरीर नुगाउँदा भगवान्ले वेदना बुझे होलान् र आमामार्फत त्यस अबोध बालिकालाई अटल सौभाग्यको आशीष दिदै आफ्नो क्षेत्रमा बोलाए होलान् भन्ने सोँच्दै देहरादुनमा हाम्रो बारेमा चिन्ता गरेर बसेकी बहिनीलाई मैले सम्झेँ ।

२०१८ साल स्मरण गर्दै आमाबाबाहरूले पदचाप छाडेको त्यो बाटोबाट आँखा नफर्काएर शनैः शनैः हामी माथि चढ्दै थियौँ र अलकनन्दा नदीले हामीलाई छाडेको थिएन । त्यस नदीलाई छाड्ने पनि कुरा थिएन किनभने हाम्रो गन्तव्य

बद्रीनाथ धाम नै अलकनन्दाको तीरमा अवस्थित थियो । तर बद्रीनाथ पुग्नुभन्दा पहिले हामीलाई प्रतीाक्षा थियो जोशीमठको । पूर्व जानकारीअनुसार जोशीमठ पुगेपछि मात्र बद्रीनाथ जाने बाटो अघि बढ्दथ्यो । अन्ततः त्यो चिर प्रतीक्षित जोशीमठ देखियो । त्यो अलि बढी उचाइमा रहेछ । जोशीमठ पुगेपछि केही समयमा नै बद्रीनाथ पुगिनेछ भन्ने सोंचाई विपरीत त्यहाँबाट ठाडै तल अलकनन्दामा झरेर पुनः अर्को पहाड चढेर अन्दाजी तीन घण्टाको यात्रापछि मात्र बद्रीनाथ पुगिने र त्यो बाटो अत्यन्त विकट रहेको कुरा अवगत भयो । विकट र साँगुरा सडक भएकै कारण त्यहाँबाट अलकनन्दासम्म एकतर्फी सवारी चल्ने र खास खास समयमा मात्र त्यहाँबाट अगाडि बढ्न अनुमति दिने कुरा पनि अवगत भयो । त्यत्ति मात्र होइन, बद्री जाने सडकमा पहिरो गएकाले बिहानैदेखि आवागमन बन्द रहेको सूचना पनि प्राप्त भयो र हामीले जोशीमठमा नै रात बिताउनु पर्ने बाध्यता सिर्जना भयो । सोहीअनुसार जोशीमठमा रहेका मन्दिरहरूमध्ये नृसिंह मन्दिर र हिउँदमा बद्रीनाथको मूर्ति ल्याएर राखिने नारायण मन्दिरको दर्शन गरेर जोशीमठको बजार अवलोकन गर्दै दिन बिताइयो र अतिथि गृहमा सुविधापूर्वक रात बिताइयो । यस्तो खालको यात्रामा समय सीमा निर्धारण गर्न हुनेरहेनछ, हामीसँगै आइपुगेका मुम्बइतिर घर हुने एक जोडीले हरिद्वारबाट लिएको फिर्ती टिकटको समयमा पुग्न नसकिने हुँदा त्यहींबाट फर्कने कि टिकट माया मार्ने भन्ने विषयले तनाव सिर्जना गरेको देखिएको थियो । तर हामी भने जति ढिलो भए पनि बद्री मात्र होइन फर्कने समयमा गङ्गोत्री पनि जाने मनस्थितिमा नै थियौं ।

अर्को दिन सोचेभन्दा अलि विकट र दुर्गम लाग्ने बाटो पार गरेर अन्दाजी १०५०० फीटको उचाइमा अवस्थित बद्रीनाथ मन्दिरसहितको अति रमणीय उपत्यकामा घाम लागेको सुनौलो बिहानीमा हामी पुग्यौं । त्यस उचाइमा त्यति रमणीय स्थलमा रहेको बजार र अलकनन्दाको किनारमा रहेको बद्रीनाथ भगवान्को कलात्मक मन्दिरले अत्यन्त श्रद्धा जगायो र तप्त कुण्डमा स्नान गरेर मन्दिरमा गै दर्शन गरियो । हामीले वारि बजारमा नै होटलमा बस्ने व्यवस्था गरेका थियौं ता पनि नेपाली रीतिअनुसार श्राद्धकर्म गर्न नेपाली धर्मशालामा गयौं र तिनीहरूको नियमअनुसार ब्रह्म कपालीमा गएर श्राद्ध कर्म सम्पन्न गर्‍यौं ।

दिनभरिको समय थियो, वरिपरिका पहाडहरूको अवलोकन र बजार घुम्ने प्रशस्त समय थियो । त्यसमा पनि बेलुकीको समय पुनः मन्दिर परिसरमा नै बिताउने गर्दा केदारनाथको दर्शन गरी अघिल्लो दिन आएका धेरै नेपालीहरूसँग भेट भयो । उनीहरू बद्रीमा सप्ताह लगाएर मात्र फर्किने हुँदा त्यसै तयारीको लागि सक्रिय थिए । पनौती र हेटौडाका आफन्तजन मिलेर दुईटा ठूलो बसमा आएका नेपालीले गर्दा त्यहाँ वातावरण नेपालमय देखिन्थ्यो ।

अर्को दिन हामी गङ्गोत्रीको लागि फर्कने सोचाइमा रहेकोमा चालक मित्र मोहनले सिधै देहरादुन फर्किनुपर्ने कुरा गर्न थाले । पहिलो कुरा आठ नौ दिनभन्दा बढी समयको लागि गाडी नमिलेको र दोस्रो गङ्गोत्रीको बाटो बन्द नै रहेको हुनसक्ने तर्क दिएर उनले हामीलाई सिधै देहरादुन लिएर जाने इच्छा व्यक्त गरे । हामी सहमत भएनौं । गङ्गोत्री जाने बाटोमा उत्तर काशी लगेर हामीलाई छाड्ने र गाडी फर्काएर लैजाने निर्देशन दिएकाले उनी उत्तरकाशीसम्म जान तयार भए । त्यसपछि हामी जति दिन लागे पनि बसमा यात्रा गरेर फर्कने तयारीमा रह्यौं । तर उत्तर काशी पुगेपछि मोहनको विचार परिवर्तन भयो, बाटो पनि खुलेको समय पारेर हामी गङ्गोत्रीतर्फ अघि बढ्यौं । गङ्गोत्रीको रमाइलो बजारको बीचमा गङ्गाजी ठूलै थिइन् र पानी अत्यन्त चिसो थियो । लोटामा पानी लिएर नुहाउनुपर्ने अवस्था थियो । स्नान गरेर मन्दिरहरू दर्शन गरेपछि हामी त्यही दिन फर्केर नेतालातिर नै आएर बस्ने र अर्को दिन देहरादुन फर्कन भनेकोमा पुनः पानी परेर बाटो बिग्रने, पहिरो जाने आदि समस्याले पीडित हुँदै बाटोमा नै रातिसम्म बस्नुपर्‍यो । बल्लतल्ल रातीमा बाटो केही समयको लागि मात्र खुलेको हो र हामी फर्कन सक्यौं । त्यस दिनपछि धेरै दिनको लागि गङ्गोत्रीको बाटो बन्द भएको कुरा सुनिएको हो ।

बद्रीनाथमा नेपाली धर्मशालामा २०१८ सालको खाता पल्टाएर वाङ्लाका तीर्थयात्रीहरूको विवरण हेर्न पाएका हौं । उस बेला भाद्र महिनामा दरखाने दिन आमा बाबा बिरामी हजुर आमालाई बोकाएर घर आइपुग्नुभएको हो । बद्रीपछि उहाँहरू रेलको बाटो सुदूर दक्षिण रामेश्वरम्, कन्या कुमारी आदि र सुदूर पश्चिम द्वारका पुगेर शुरूमा नै गएको जगन्नाथ पुरीसहित चारैधाम तीर्थयात्रा सम्पन्न गरेका कुरा बाबाले घरमा जम्मा हुने मानिसहरूलाई बताएको हामी केटाकेटीहरू अचम्म मानेर सुन्दथ्यौं । तर अहिलेलाई उत्तराखण्डको चारधाम मात्र पनि सम्पन्न गर्न समर्थ भएकोमा हामीहरू देहरादुनमा प्रशंसाका पात्र भएका थियौं । २०१८ सालमा वाङ्लाको हाम्रो घरमा बाबा आमाले तीर्थ यात्राको वर्णन गरेझैं बहिनी पटुको देहरादुनको घरमा हामीले पनि यमुनोत्रीदेखि केदार र बद्री हुँदै पुनः गङ्गोत्रीको यात्राको बारेमा विस्तृत रूपमा बताउन थाल्यौं र केही दिन विश्राम गरी नेपाल फर्केका हौं ।

पहिले र अहिलेको तीर्थयात्राको समन्वय बिन्दुको रूपमा रहेकी बहिनी पटुलाई अर्घाखाँची कुर घर भएर अध्ययनका लागि हरिद्वार आएर देहरादुनमा नै स्थायी बसोबास गर्ने पं. बालकृष्ण खनालले आफ्ना ज्येष्ठ पुत्र शेखरको विवाह प्रस्ताव गरी नेपाल गएर विवाह गरी ल्याइएको हुँदा उनको कर्मक्षेत्र भारतको देहरादुन भयो । अठार वर्षे किशोरीलाई बुहारीको रूपमा सासू ससुराले गोरखपुरबाट लखनऊ हुँदै रेल चढ्न सिकाएका थिए भने अब उनी अरूलाई आवत जावत गर्न सरल तरिकाहरू सिकाउँदै छिन् र जमीनको दूरी टाढा भए पनि मनको

दूरी नजिक गराउँदै नेपाल र देहरादुनमाथिका डाँडाहरूमा सरल रेखा खिच्दछिन् । हो, ती डाँडाहरूमा तिनकी आमाका पदचिह्न छन् । देहरादुनको मन्सुरीबाट यमुनोत्री, गङ्गोत्री, केदारनाथ हुँदै बद्रीनाथ पुग्ने ती विकट पहाडहरूमा देखिने सतचालीस वर्ष पुराना पदचिह्नमा उनी आफ्नी आमालाई देख्दछिन् र त्यति दुःख कष्ट उठाएर मात्र होइन दुई वर्षे रोइरहेकी छोरीलाई छाडेर आफ्नो शरणमा आएकी ती दूर देशकी श्रद्धेय आमालाई बद्रीनाथ र केदारनाथ भगवान्हरूले के आशीष दिए होलान् भनेर उनी भावुक हुन्छिन् । तर त्यो आशीष प्रत्यक्ष छ र त उनी ती भगवान्हरूका द्वारमा सबैका लागि दाताका रूपमा सम्मानित नारी भएर बसेकी छन् !

पहिलेको कुरा त सिद्धियो, तर अहिलेको कुरा बाँकी छ । बद्रीमा हामीले छाडेर आएका दुई बसमा यात्रा गर्ने नेपालीहरू सप्ताह लगाएर आउने हुँदा हामीभन्दा एक साता ढीलो आउनु स्वाभाविकै थियो । हामी पनि एक साता जति नै देहरादुन आराम गरेर काठमाडौं आउँदा बद्रीनाथबाट आउँदै गरेको नेपाली तीर्थयात्री बोकेको यौटा बस अलकनन्दामा खसेर त्यस बसका सबै जसो तीर्थयात्रीहरूको निधन भएको समाचार सुन्नुपर्‍यो । हामी विक्षिप्त भयौं, आफ्नै साथीहरू परेको अनुभव भयो । ती दुई बसमध्ये एउटामा रहेका सबै मित्रहरू अलप ! देहरादुनबाट हामीलाई तीर्थयात्राको कार्यक्रम नबनाउन भनेजस्तै ती मित्रहरूलाई कसैले भनेका भए सुन्ने थिए कि ? तर त्यसो भएन, के गर्ने ? त्यति धेरै देशबासीको निधन भयो ! हामीले रामपुर सम्झ्यौं र बद्रीनाथको मन्दिर परिसर सम्झ्यौं, त्यहाँ भेट भएकामध्ये को परे को बाँचेका छन् त्यो पनि थाहा भएन । पहिले र अहिलेका उत्तराखण्डका तीर्थयात्राको यस्तो स्मृति रह्यो ।

००० 


**जहाँ वन त्यहाँ व्यवस्थापन**
**जहाँ बाझो त्यहाँ वृक्षरोपण !!!**

वर्षात मौसम सुरू भएसँगै वृक्षरोपण गर्ने समय पनि आएको छ । त्यसैले सामुदायिक, निजी तथा सार्वजनिक क्षेत्रमा वृक्षरोपणको लागि डिभिजन वन कार्यालयमा उत्पादन भएका बिरूवा निःशुल्क रूपमा लगी खाली ठाउँमा वृक्षारोपण गरौं । बिरूवा रोपी वातावरण हराभरा बनाऔं साथै आर्थिक उन्नति सुनिश्चित गरौं ।

अनुरोधक :
**डिभिजन वन कार्यालय**
तम्घास, गुल्मी

# व्रतबन्धका केही सामाजिक सन्दर्भहरू

✍ **उत्तरकुमार पराजुली**
**काठमाडौं**

व्रतबन्ध शब्द खासगरी सनातनीहरूले र सनातनीहरूका लागि प्रयोग हुने गरेको भए पनि यो बालबालिकाको सामाजिक जीवनमा औपचारिक पदार्पणको एक महत्त्वपूर्ण कोशे ढुङ्गा भएकाले जुनसुकै समाजमा पनि विभिन्न नाम र गतिविधिबाट यसको कर्म पूरा गर्ने गरिन्छ । यो कर्म कसैको घरमा मात्र सीमित होला, कसैको छरछिमेकसम्म फैलिएला, कसैको स्थानीय समाज नै सहभागी होला, तर कुरो उही हो ।

व्रतबन्धलाई उपनयन पनि भनिन्छ । सामाजिक, व्यावहारिक आँखा खोलिने अर्थात् ज्ञान चक्षु खोलिने सन्दर्भको कर्म भनेर नै यसलाई उपनयन अर्थात् तेस्रो आँखा भनिएको हो । समाजमा प्रचलित १६ संस्कारमध्ये व्रतबन्ध संस्कारलाई उच्च महत्त्वका साथ हेर्ने गरिन्छ । सामान्य बोलीचालीमा व्रतबन्धलाई कर्म चलाउनु भनिनुले पनि यसलाई सामाजिक जीवनमा सहभागी हुने सुरुवाती चरणको विशेष अवसर हो भन्न सकिन्छ ।

व्रतबन्ध अर्थात् कर्म चलाउने संस्कार, कतिपयले शास्त्रीय विधिविधानअनुसार गर्छन् भने कतिपयले आफ्नो कुल परम्पराअनुसार गर्ने गर्छन् । शास्त्रीय विधिअनुसार गरिने व्रतबन्धमा जनै लगाउने, लङ्गौटी लगाउने कामको सुरुवात हुन्छ । तर जनै नलगाउनेले पनि विशेष शुभ दिन शुभ साइतमा आफ्नो परम्पराअनुसार व्रतबन्ध गर्छन् र यसलाई कर्म चलाएको भन्छन् । जनै नलगाउनेले यस दिनमा पुरुषले लङ्गौटी धारण गर्छन् र महिलाले गुन्यू चोली धारण गर्छन् । कर्म चलेका संस्कारित व्यक्तिले आफ्नो कुल परम्पराअनुसार गरिने धार्मिक तथा सामाजिक काममा औपचारिक रूपले सहभागी हुन पाउँछन् ।

व्रतबन्ध संस्कारमा बालबालिकाको उमेरको पनि ख्याल गर्ने गरिन्छ । यसले सामाजिक जीवनमा खानपिन, नुहाइधुवाइ–सरसफाइ, आत्मसंयम, रहनसहन, अनुशासन, निष्ठा, लवाइ आदिको समेत चासो हुने उमेर सीमाले पनि अझ व्यवस्थित तथा व्यावहारिक बन्न बनाउन सहयोग पुर्‍याउँछ । कतिपय अवस्थामा ६ वर्षदेखि व्रतबन्ध गरिने गरेको पाइए पनि आठ वर्षको उमेरलाई केही जुराउन हेराउन नपर्ने भनी साह्रै उत्तम मान्ने गरिन्छ । कसैकसैले ब्राह्मणलाई ९ वर्ष, क्षत्रीलाई ११ वर्ष र वैश्यलाई १३ वर्षको उमेरमा व्रतबन्ध गर्न उपयुक्त हुन्छ भनी उल्लेख गरेको पाइन्छ । वर्णाश्रम पद्धति समातेर क्रमशः २/२ वर्षको फरक गर्नु र शूद्रलाई वेवास्ता गर्नुको औचित्य सावित गर्न सकिदैन । एउटै सामाजिक

परिवेश, खानपान र हावापानीमा हुर्के बढेकालाई वर्षको यति ठूलो अन्तर किन ? भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ मिल्ला जस्तो लाग्दैन ।

समशीतोष्ण हावापानीमा जन्मेर हुर्के बढेको यस संस्कारमा तोकिएको ८ वर्षे उमेर निकै सान्दर्भिक देखिन्छ । हालका विभिन्न अनुसन्धानले पनि आठ वर्षको उमेरलाई प्रारम्भिक बालविकासको उमेरको माथिल्लो विन्दु भनेकाले पनि यो उमेरमा व्रतबन्ध गरिनु सर्वथा उचित ठहर्छ ।

व्रतबन्ध नहुँदै कसैको आमाबुबाको मृत्यु भयो, काजक्रिया गर्ने अरू विकल्प नभएको र सन्तान काजक्रिया गर्न सक्ने हैसियतको भएको अवस्थामा मृतकको सद्गत गर्ने घाटमा नै निजका सन्तानलाई जनै लगाइदिएर आतुर वा आकस्मिक व्रतबन्ध गरी कर्म चलाउने चलन पनि छ ।

व्रतबन्धको शास्त्रीय विधिमा वटुकलाई सुरूमा कुशको जनै लगाइदिइन्छ । यसले हाम्रो प्राचीनतम सांस्कृतिक विकास क्रमको झझल्को दिन्छ । कुश, खर, धुस्सुन, रुखका बोक्रा, जनावरको छाला, स्याउला आदिले घाम, पानी, जाडो छल्ने हाम्रो पुरानो चलन सुधारिँदै, परिमार्जित हुँदै आजको अवस्थामा आएको हो भन्ने सम्झाउन कुशको जनै, मृगको छालाको आसन आदि प्रयोग गर्ने गरिन्छ । मन्त्र सुनाइ क्रम अर्थात् ज्ञानको विकास क्रमसँगै आधा जनै (३ सरे), पूरा जनै (६ सरे) लगाउने कुराले पनि ।

**शनैः कन्था शनैः पन्था शनैः पर्वत लङ्घनम् ।**

**शनैः वित्तं शनैः विद्यां पञ्चै तानि शनैः शनैः ॥**

(पाठ लिने र दिने काम, लामो बाटो हिड्ने काम, पर्वत चढ्ने काम, धन कमाउने काम र पढ्ने काम शान्त स्वभावले विस्तारैविस्तारै गर्नुपर्छ ।) यो सिद्धान्त क्रमशः र विस्तारै परिपालन गरेको पाइन्छ ।

गुरुले मन्त्र दिने अवस्था निकै प्रतीकात्मक र भावी जीवनका लागि प्रेरणादायी अनुभूत हुन्छ । प्रायः एक अनचिनारू व्यक्ति आज गुरुको रूपमा प्रस्तुत हुँदै रहेको अवस्था, वरिपरि थुप्रै निम्तारु जनको जमघट, शङ्ख घण्ट, नगरा वादनको ध्वनि गुञ्जिइरहेको अवस्था, अन्यान्य पूजाका लागि गरिएका शास्त्र वाचनको अवस्थामा च्यादरले गुरुचेला छोपिएर कानमा फुसफुस मन्त्रोच्चारण ! वास्तवमा श्रीकृष्णले अर्जुनलाई कुरुक्षेत्रको यद्धमैदानमा गीता ज्ञान दिएको जस्तो परिवेश ! ज्ञान, मन्त्र, मन्त्रणा सहज परिस्थितिमा पनि लिइन्छ तर कस्तै असहज परिस्थितिमा पनि लिइन्छ, लिनुपर्छ भन्ने यो अति व्यावहारिक दृष्टान्त मान्नुपर्छ ।

गुरुले दिएको मन्त्र मनमनै गुन्नुपर्छ, यत्रतत्र भन्दै बोल्दै हिड्नुहुँदैन भन्ने कुराले वटुकलाई वाक्संयमित, अनुशासित र निष्ठावान् बन्न निर्देश गर्छ । मन्त्र जपको विधानले धैर्य, शान्त, चिन्तनशील बन्ने अभ्यासका लागि मार्गदर्शन गर्छ । उनीहरूमा रहेको उमेरअनुसारको चकचके, चुलबुलेपनमा एक विधिविधानसित विस्तारै सकारात्मक लगाम लाग्ने गर्छ । बोल्दाखेरि शब्द छनोट, वाक्य छनोट गर्न र परिष्कृत अभिव्यक्तिका लागि जप, ध्यानले डोऱ्याउँछ ।

प्राचीन प्रचलनमा "विद्यारम्भ र वेदारम्भ" यी मुख्य दुई सीपको सुरुवातलाई ज्ञानार्जनको महत्त्वपूर्ण कोशेढुङ्गाको रूपमा लिएको पाइन्छ । विद्यारम्भ बालबालिकाको "पढ्नका लागि सिक्ने" सीप सिकाइको महत्त्वपूर्ण चरण हो । यो सीप सिक्ने काम ५ वर्षको उमेरदेखि नै हुन्छ । वेदारम्भ ८ वर्षको उमेरमा उपनयन अर्थात् व्रतबन्ध गरेपछि सुरु हुन्छ । यो "सिक्नका लागि पढ्ने" सीप सिक्ने अवस्था हो । आजको जमानामा प्रारम्भिक कक्षा (१–३ कक्षा) "पढ्नका लागि सिक्ने" र कक्षा ३ भन्दा माथि "सिक्नका लागि पढ्ने" सीप उनै पुराना जमानाका विद्यारम्भ र वेदारम्भका आधुनिक अनुवाद मात्रै हुन् ।

उपनयनका अवसरमा तयार गरिने सगुन प्रसाद, शुभारम्भ आदि विभिन्न साइतमा गाइने मागल गान र मङ्ग्ल्यौलीले हातमा लिने भारले पनि विभिन्न जीवनोपयोगी सन्देश दिइरहेका हुन्छन् ।

सगुन भनेको शुभकर्मको शुभ साइतमा हेर्ने, छुने, खाने शुद्ध माङ्गलिक खानेकुरा हुन् । व्रतबन्ध विवाह आदिमा बनाइने सगुन विशेष गरी कसार र च्यूरा हुन् । यसमा रोटी पनि थप्न सकिन्छ तर अनिवार्य भने होइन । रोटीमा पूर्ण चन्द्राकार रोटी राखिन्छ । सेल जस्ता बाङ्गा रोटी राख्नुहुँदैन भन्ने चलन छ । सेल राख्न नहुने भन्नुमा शुभ साइतमा बाङ्गो टेढो नहोओस् भन्ने मानसिकता मात्रै हो ।

कसार बनाउँदा चामल र मरिच, ल्वाङ, सुकमेल जस्ता विभिन्न मसला मिसाइएको उत्तम सातुलाई तताएको खुदोमा मलेर बनाइन्छ । यसरी बनाइएका मट्याङ्ग्रा जस्ता गोलाकार वस्तु नै कसार हुन् । कः सारः ? अर्थात् कति स्वादिला ! भन्ने संस्कृत शब्दावलीबाट यसको नामकरण भएको मानिन्छ । कसारमा पानीको मात्रा शून्य प्रायः भएकाले लामो समयसम्म राख्दा पनि बिग्रन्न । कसार पाकेको अन्न विभिन्न स्वादिष्ट मसला र शुद्ध खुदोको मिश्रणबाट बनाइएकाले खाँदा ज्यादै स्वादिष्ट स्वस्थकर र शक्तिवर्द्धक हुन्छ । यसको साथी च्यूरा पनि त झट्ट नबिग्रने खालकै खाद्य वस्तु हुन् । यसरी बनेको सगुनलाई शुद्ध र स्वस्थकर खानाको प्रतीक मानिन्छ ।

मङ्गल गान अर्थात् मागल गान (माहाल) लोकायती गान हो । शास्त्रीय विधिमा चलिरहेको व्रतबन्ध क्रियाकलापमा झुल्किने लोकायती मागल गानले सिद्धान्त र

व्यवहारको मीठो संयोजनको झल्को दिन्छ । मागल गानमा वटुकका तर्फबाट आफ्ना बुबाआमासमेतका जहान तथा आफन्तलाई गरिएका केही आग्रह अनुरोधका कुराहरू हुन्छन् ।

मङ्ग्ल्यौलीले मागल गान गाउँदा विभिन्न सामग्री बाँधिएको भारलाई अगाडितिर उचालेर गाउने गर्छन् । भारमा एकापट्टि सिन्कासितको पातको बेरी (साल आदिका पातको सानो मुठो), केराको हातो(काइँयो), दहिको ठेकी हुन्छन् भने अर्कोतिर एक मुठो साग, समिधा (दाउरा) र एक मानु चामल राखिएको हुन्छ । पैयूँको एक बाहाँको मुठीभरको लट्ठीमा बाँधेर बनाइएको यो भार गृहस्थ जीवन जीउने न्यूनतम आवश्यक सामग्रीको एक नमुना हो । पात र सिन्का आवश्यक थाल कचौराका पूर्वाधार हुन् । किनकि यिनबाट टपरी, दुना, बोहोता खुट्न सकिन्छ । दही पशुपालन वृत्तिको सङ्केत हो । केरा फलफूलको प्रतिनिधि हो । समिधा इन्धनको, साग तरकारीको नमुना हो । यी सबै सामग्री स्वस्थकर र झट्ट नबिग्रने खालका पनि छन् । यो भारले सृष्टि सञ्चालनको अभिभारा गृहस्थलाई रहेको कुराको सन्देश दिइरहेको हुन्छ । यसरी मागल गानको परिदृश्यले मन, वचन र कर्मले रमाइलोसित गृहस्थी जीवन चलाउनुपर्छ भन्ने कुरा बताइरहेको हुन्छ ।

व्रतबन्धको विधिविधानभित्रै एक लघु नाटिका प्रस्तुत हुने गर्छ । वटुकले गुरुसित मन्त्र सुनिसकेपछि पढ्न जानुपर्ने हुन्छ । गुरु, बुबाआमा सबैसित बिदा भएर काशी... आदि विद्या आर्जन गर्ने ठाउँमा जान्छ । सो अवसरमा बाटोमा कुनै जोगी सन्न्यासीले सो बटुकलाई भेटे भने आफैसित लैजाने हक हुन्छ भन्ने पुरानो मान्यता छ । त्यसैले त्यसरी जोगी रूप वटुक पढ्न हिँड्दा उनका मामा आदि आफन्तले गृहस्थाश्रमको महत्त्व सिकाएर ज्ञानी बनाई फर्काउने चलन छ । त्यसरी फर्केर आएका वटुकले गुरुसित आफ्नो पढाइको वृतान्त यसरी प्रस्तुत गर्छन् ।

**यो यो धर्म शीलाअतित वाराणसी ।**  
**विद्यां न विनयाद् नभ गर्भ दृशी ॥**

**स्वदारा सन्तुष्ट परदारा वर्जित ।**  
**न किञ्चित लोके अभयमस्तु किञ्चित ॥**

**किञ्चित किञ्चित पर्वता भारा न किञ्चिते सप्त सागरा ।**  
**स्वामीनोहित का भारा भारा विश्वासघातकः ॥**

(गुरु, म जहाँ धर्म, शील र अनुशासनको खानी छ, त्यस्तो ठाउँ काशी वारणसीमा गएँ र विद्या विनयका तत्त्व ज्ञान प्राप्त गरेँ । ज्ञानका बलले

आकाशको गर्भ देख्न सक्ने भएर आएँ । आफ्ना श्रीमान् श्रीमतीसित सन्तुष्ट रहनुपर्छ, परपुरुष र परस्त्रीबाट वर्जित रहनू, थोरै कुरामा पनि सन्तुष्ट रहनुपर्छ भन्ने ज्ञान पाएँ ।

अझ मैले सिकेको मुख्य कुरा त "यी पर्वतको भार पनि खासै केही होइन, सात समुद्रको सेरोफेरो पनि खासै भार होइन । आफ्ना संरक्षकको अहित चिताउनु र कसैप्रति विश्वासघात गर्नु जस्तो भारी पाप अरू केही छैन भन्ने कुरा बुझेँ ।"

यति कुरा वटुकले गुरुसित भनेपछि गुरुले आफ्नो यस्तो ज्ञानी प्रतिभावान् शिष्यलाई स्यावास भन्दै धाप मारेर आफ्नो छेउमा राख्छन् र व्रतबन्धको बाँकी काम अघि बढ्छ ।

व्रतबन्धका मध्यान्तरतिर मञ्चन हुने यो लघु नाटिकाले अभिभावकलाई एक महत्त्वपूर्ण सन्देश संप्रेषण गरेको हुन्छ । अब यो उमेरका बालबालिकाले आफ्नो काख छोड्दै छन् । सामाजिक क्रियाकलापमा चासो राख्ने अवस्था बढ्दै छ । कसैको लहलहैमा लागेर पथभ्रष्ट हुने अवस्था आउँदै छ भन्ने जस्ता कुराको यस नाटिकाका माध्यमबाट अभिभावकलाई सजग गराइएको छ ।

यहाँ व्रतबन्धका दिन वटुकलाई जोगीले फेलापारे लैजान्छ भन्ने हौवा त्यही लहलहैमा लाग्न सक्ने कुराको सङ्केत हो । मामाले सम्झाईबुझाई फकाएर लिएर आउनु भनेको कुनै पनि बालबालिकालाई सामाजिकीकरण गर्नु समाजका हरेक व्यक्तिको दायित्व हो भन्ने सन्देश हो ।

व्रतबन्ध चैत्र महिना उत्तम मानिनुको कारणहरू थुप्रै छन् । वसन्त ऋतुको शुभागमनको महिना प्राकृतिक सिर्जना विभिन्न फूल तथा नयाँ पालुवाले मानसिक सिर्जनाका लागि मनग्ये आधार दिन्छ । चढ्दो न्यानोपन, बढ्दो दिनको लम्बाइले मन्त्र, जप, ध्यान साधना तथा शारीरिक सरसफाइका लागि पनि सहज अवस्था हुन्छ । वास्तवमा चैत्र महिना गृहस्थीका लागि चेतना स्फूरण हुने महिना हो । विगतको हेमन्त र शिशिरले खुम्चिएका इच्छा शक्ति सिर्जना शक्ति अब उचित रणनीति लिएर अघि बढ्छन् । आगामी बर्खा मासका दिनका लागि इन्धनको जोहो, बीऊपलको जोहो, श्रम शक्ति (गोरु, जनशक्ति) आदिको जोहो आदि यस महिनाका विशेष ख्याल गरिने कुराहरू हुन् । उपनयन कर्म सम्पन्न भएको वटुकलाई पनि यी र यस्तै कामको लयमा समाहित हुन चैत्र महिनाको वातावरणले सहयोग गर्छ ।

व्रतबन्धका दिन गर्ज परेको अर्थात् आकाश गर्जेको राम्रो होइन भन्ने चलन छ । यो अलिकति प्रतीकात्मक र अलिकति मौसम अनुमानसित जोडिएको छ । गर्जपर्दा वज्रपात हुन्छ भन्ने सामान्य कुरालाई सामाजिक जीवनको पदार्पणका

बेला वज्रपात नहोओस् भन्ने प्रतीकात्मक सङ्केत हो भने कुनै पनि शुभकर्ममा मौसमी विघ्नबाधा नराम्रो लाग्नु स्वाभाविकै हो । यी नै व्रतबन्धका बेला गर्ज परेको राम्रो होइन भन्ने भनाइसित सम्बन्धित कुरा हुन् ।

बालबालिकाको सामाजिकीकरणको अहं भूमिका बोकेको उपनयन संस्कार अर्थात् कर्म चलाउने संस्कारलाई सबैले आत्मैदेखि मनन गरी सभ्य समाज निर्माणका लागि सबै जागरूक र संवेदनशील बन्नुपर्छ । भलै कुनै समुदायमा यसलाई उपनयन भनिएला, कहीँ व्रतबन्ध भनिएला, कहीँ कर्म चलाउने भनिएला र कहीँ अरू केही भनिएला, पुग्ने लक्ष्य उही हो बालबालिकालाई सभ्य सुसंस्कृत बनाउनु । कुरा धेरै होलान् कुराको चुरो एउटै हो ।

ooo


# सूचना !

- जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरौं । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रूपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
- नगरपालिकाले निर्धारण गरेका कर शुल्कहरू समयमै बुझाऔं ।
- सीप विकास गरौं, आत्मनिर्भर बनौं, कृषि र पशुपालनलाई व्यावसायिक बनाई आयआर्जन वृद्धि गरौं ।
- आ-आफ्ना घर वरिपरि खुला ठाँउहरूमा वृक्षरोपण गरौं र गाउँ शहरको सौन्दर्य बढाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- वर्षातको समयमा बाढी, पहिरोजस्ता विपद्हरू आउनसक्ने भएकाले त्यस्तो समयमा पूर्वसावधानी अपनाऔं ।
- कोभिड-१९ (कोरोना भाइरस)बाट बच्न सामाजिक दूरी कायम गर्ने, घरबाहिर निस्कँदा मास्कको प्रयोग गर्ने र बारम्बार साबुनपानीले हात धुने बानी बसालौं ।
- भीडभाड तथा जोखिमयुक्त ठाउँहरूमा सकेसम्म नजाने, जानै परे सावधानी अपनाऔं ।
- मास्कको अनिवार्य प्रयोग गरौं र मास्कको प्रयोगपछि सुरक्षित ठाउँमा विसर्जन गरौं ।

## मध्यपुर थिमि नगरपालिका, भक्तपुर

# गाउँ रित्तिदै छ

✍ **कृष्णप्रसाद खनाल 'कुश्मा'**
**रेसुङ्गा न.पा.-५, भुवनपानी**

विकास-विकास आजभोलि जताततै विकास
भौतिक विकास
सजिलो बाटो
घरमै मोटर
हातहातमा स्मार्ट फोन
घरमै बसी-बसी फेसबुक, टिकटक, युटुव कति-कति
लिफि्टङ्ग पानी
चाउचाउ, बिस्कुट खाजैखाजा
दाल, चामल, आलु
पाउडर दूध सजिलै सजिलो
सबै चीजले मागिरहेको धन खोज्न
छोरा अरब
छोरा अरब गएसँगै बुहारी बजार
बुहारीसँगै नाति-नातिनी पनि बजार
घर रित्तिदै-रित्तिदै
सुनसान बन्दै गाउँ
रोजगारीको रोजीमा
गाउँ रित्तिदैछ ।
पढ्न र पढाउन
शहरकेन्द्रित हुँदैछ बसाइ
बाँझिदैछन् हाम्रा खेतबारीहरू
खण्डहर हुँदैछ जग्गा-जमिन
बन्दैछन् घरहरू मलीन र जीर्ण
हरेक बिहानको पर्खाइमा
बूढा बा र आमा कुरेर बसेका छन् मलीन घर
गाउँ वृद्धाश्रम बन्दैछ
घर सुनसान छ, सुनसान छ
गुणस्तरीय शिक्षाको खोजीमा
गाउँ रित्तिदैछ ।

जागिर खानकै लागि सहर पढ्न पठाएको छोरा
जागिरे हुँदै
डेरामा बस्दो छ
स्थायी डेरा चाहिएको छ
बुहारी, नाति–नातिनाहरू शहरिया हुँदैछन्
यसैले शहरमा घर बन्यो ।
घर कुर्नुपर्ने भएर
दशैंमा घर आउन सकेन ऊ
धेरै दशैं बिते
यसपालि त शहरमै टीका लगाउने रे
जन्मघर सुनसान छ
बढदो सुख–सयल र शहरिया जीवन शैलीको खोजीमा
गाउँ रित्तिदैछ ।
छोरा अरब गयो
बजार बसेर पढाएको छोराले १२ पास गर्दै गर्दा
विदेश पढ्ने चाहना
नाति अष्ट्रेलिया गयो
अष्ट्रेलियाको बसाइले नातिलाई छोयो
पि.आर. बन्यो रे नातिको
सबै उतै
जेनतेन बिहे गरेको
बुहारी उतै अष्ट्रेलिया
युवाको सिर्जनशील हात विदेश
विदेशिने लोभ लालसाले
गाउँ रित्तिदैछ ।
भतिजलाई डि.भी. परेछ
अमेरिका गयो
बुहारी, नाति–नातिनाहरू सबै गए
भाइबुहारीहरू पनि उतै जाने रे
घरमा ताला लगाएर
सबै सन्तति उतै बस्ने रे
खै कसरी भरिएला र गाउँ ?
अमेरिका जाने लालसामा
गाउँ रित्तिदैछ ।

पढ्न भन्दै हिडेको युवक युरोपमा छ रे !
उतै विवाह बन्धनमा बाँधियो रे !
सन्ततिको भविष्यका लागि
युरोप मै बस्नु पर्ने
नेपाल नफर्किने रे
सन्तान नै उतै भएपछि खै
कसरी फर्कला र ऊ
त्यसैले त गाउँ रित्तिदै छ ।

पल्लार सानो बिरामी भयो
झारफुक गर्‍यो सञ्चो भएन
हेल्थपोष्ट हुँदै अस्पताल
साधनसम्पन्न अस्पताल गयो
बाचुन्जेल औषधी खानुपर्ने भयो
हप्तै पिच्छे फलोअप
आउन जान समस्या परेपछि कोठा खोजेर बसेछ
उतै बस्ने कुरा हुँदै छ
फर्कनै नसकिने भएपछि
कसरी फर्कला र ऊ
यसै गरी गाउँ रित्तिदै छ ।

सारा सम्पत्ति बेचेर पढाएको सन्तान
कलेजको पढाइ सकेर योग्य भैसक्दा पनि
रोजगारीको पत्तै छैन
प्रमाणपत्रको के काम
रोजगारीका लागि विदेशियो
थुप्रै तलब, सेवा र सुविधामा मग्न छ उतै
धेरै विदेशिए, उतै बसे, बस्दै गए
सारा समय उतै बिताएपछि
कसरी फर्कला र ऊ
यसै गरी गाउँ रित्तिदै छ । गाउँ रित्तिदै छ ।

ooo

# मन पराउँदैनन्

✍ **अरूण नदी खत्री**
**सामाखुसी मार्ग, सरकारी धारा, काठमाडौं**

किशोरले आफ्नो छिमेकी भोलालाई पटक्कै मन पराउँदैनथ्यो । भोलाले कुनै राम्रो काम गर्न लाग्यो भने पनि किशोरको मन दुख्ने गर्दथ्यो ।

एक दिन भोला किशोरकी आमासँग एक महिनाभित्र तिर्ने गरी पैसा सापटी माग्न पुग्यो । भोलाले भन्यो, "आमा मलाई हजुरले पाँच हजारजति पैसा सापटी दिनु पर्‍यो ।" किशोरकी आमाले आफूसँग पैसा नभएको जानकारी गराइन् ।

भोलाले भन्यो, "म हजुरलाई एक महिनाभित्र जसरी पनि तिर्छु । कृपया मलाई सहयोग गर्नुहोस् ।"

किशोर र किशोरकी आमाले भने, "तिमीहरूलाई कसैले पनि मन पराउँदैनन् । कसैले पनि मन नपराउनेलाई हामी पैसा भए पनि दिन सक्दैनौं ।" "हामीलाई कसले मन पराउँदैनन् र आमा भोलाले सोध्यो ।

"तिमीहरूलाई यो टोलमा कसैले पनि मन पराउँदैनन् । किशोरकी आमाले भनिन् ।

"हामीलाई किन मन पराउँदैनन् आमा" भोलाले सोध्यो । "तिमीहरू साँचो बोल्दैनौ रे जहिले पनि झुठो कुरा बोल्छौ रे । त्यसैले तिमीहरूलाई कसैले पनि मन पराउँदैनन् ।" किशोर र किशोरकी आमाले भनिन् ।

केही समयपश्चात् किशोरले अर्को छिमेकी भुवनसँग दुई महिनाभित्र तिर्ने कबोल गरेर दश हजार रूपैयाँ सापटी माग्यो तर आफूले मागेर ल्याएको रकम एक वर्षसम्म पनि तिर्न सकेन । त्यसपछि किशोरलाई टोलका सबैले मन पराउन छाडे । एक दिन किशोरकी आमा भोलासँग पूजाका लागि फूल माग्न पुगिन् । भोलाका बगैचामा सुन्दर फूल फुलेका थिए।

त्यस्तैमा भोलाले नम्र स्वरमा भन्यो, हजुरहरूले हामीलाई टोलमा कसैले पनि मन पराउँदैनन् भन्नुभएको थियो । सबैले मन नपराउने व्यक्तिका घरमा फूल माग्न आउन कसरी सक्नुभयो नि ? किशोरकी आमाले कुनै जवाफ दिइनन् । जुन बाटो आएकी थिइन्, फरक्क त्यही बाटो फर्किन् ।

ooo

# कृषि

✍ **शकुन्तला ज्ञवाली पौडेल**
**कपिलवस्तु न.पा.-३, तिलौराकोट, तौलिहवा**

कृषि प्रधान देश हो हाम्रो, कृषिमै निर्भर ।
कृषि क्षेत्रलाई अग्रपंक्तिमा राखिदेऊ सरकार ।।

किसान हाम्रा पछाडि परे, सरकारको ध्यान जाओस् ।
खेतीको बेला मलखाद, बिऊपल, समयमै पाइयोस् ।।

माटोका साथी किसान हुन्छन्, धर्तीलाई पुज्दछन् ।
रगत, पसिना माटोमा मिसाई, अनाज उब्जाउँछन् ।।

कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ सबैले ।
कृषकहरू ओभेलमा पर्दा, पछाडि छौँ अहिले ।।

अहिले युवा पढ्न चाहन्छन्, डाक्टर पाइलट ।
त्यसैले अहिले यो हाम्रो देशमा, आयात बढ्दो छ ।।

चाहन्नन् गर्न कसैले पनि, खेती र किसानी ।
किसान हामी नेपाली सबै, नमेटाऊ निसानी ।।

पाइँदैन अहिले फापर, कोदो, मकै र भटमास ।
गर्न चाहन्नौं किनेर खान्छौं, भारतको आशा छ ।।

कृषकको देशमा अनिवार्य शिक्षा, कृषि पो सुहाउँछ ।
कृषिमा दक्ष भएमा देश, अवश्य मौलाउँछ ।।

खानु हुँदैन किनेका वस्तु, स्वास्थ्य नै बिगार्छ ।
आटो र ढिंडो भात अनि रोटी खाएमा,बल बढ्छ ।।

हरियो सागपात, गिठा र तरूल, तरकारी फलाऊ ।
मकै, भट्ट सातुको खाजा, दूध, दही, ध्यू खाऊ ।।

पूर्खा ती हाम्रा ज्ञानी नै थिए, यी कुरा बुझेका ।
त्यसैले स्वस्थ जीवन जिउँथे, सय वर्ष पुगेका ।।

नगरौँ हेला कृषि पेशालाई, दुःख छ भनेर ।
बढाउनुपर्छ कृषिको स्रोत, प्रविधि ल्याएर ।।

ooo

# ब्रह्मपुत्र कुलपति ब्रह्मार्षि वसिष्ठ र ब्रह्मतनया सरस्वती : एक परिचय

✍ डा. नारायणाचार्य तिम्सिना 'देवबाबा'
देवघाट धाम

ब्रह्मपुत्र वा प्राणपुत्र कुलपति ब्रह्मर्षि वसिष्ठको जन्म मैत्रावरूण पिताले माता उर्वशीको सौन्दर्यबाट वीर्य स्खलन भए पछि त्यो वीर्य कुम्भयोनिमा गएर वसिष्ठको जन्म हुन्छ । त्यसैमा अग्निको ज्वाला समान अगस्त्य ब्रह्मर्षिको पनि जन्म हुन्छ । त्यसैले ऋग्वेद, यजुर्वेद, सामवेदको उत्पत्ति भगवान् आदिपुरुष नारायणको निःश्वासबाट भएको हो । अथर्वा ऋषिबाट अङ्गिरा र (ॐकारात्मक वाणी) र भृगु (मनुस्मृति प्रणेता एवं भृगुसंहिता रचयिता) वंशका व्यक्तिहरूलाई प्राप्त अथर्वावेद अथर्ववेद -भृग्वाङ्गिरस वेद- अथवा अथर्वाङ्गिरस वेद) पर्‍यो । जसलाई ब्रह्मवेद पनि भनिन्छ । यसरी ॐकार वीज अथवा प्रणव बीजसहित स्वयं अग्नितत्त्व नै तिरोहित भएकोले भन्नाले सदानीरा (सधै कञ्चन भएर रहने ब्रह्मण्डका मालिक नारायण नै अर्चावतारका रूपमा वृक्षावतार- शालसार- शालग्रामावतार भएर स्थापित भएको सदानीरा- गण्डकीमै हो । वेदमाता गायत्रीलाई सावित्रीको रूपमा साधना गर्नु हुने वसिष्ठलाई ऋग्वेद र सामवेदमै 'मैत्रावरूणि' नाम दिइएको छ । (ऋग्वेद ७.३३.११)

नेपालमा हिमालदेखि तराई हुँदै बगेका नदीहरूमध्ये कोशी, गण्डकी र कर्णाली तीन प्रमुख नदीहरू हुन् । यी तीन प्रमुख नदीमध्ये कोशी नदीको सम्बन्ध ऋषि विश्वामित्रसँग-गायत्री- ससर्परी विधा हो । सदानीरा गण्डकी - (अग्नि तत्त्व तिरोहित) नदीसँग सम्बन्ध ब्रह्मर्षि वसिष्ठसँग जोडिएको सावित्री - ब्रह्म विधा हो । कर्णाली र भेरी नदीको संगम सिद्धनाथ धामसँग- जोडिएको व्याहृती (सरस्वती) सौरी विधा हो । ब्रह्मर्षि वसिष्ठ त महामृत्युञ्जयस्तोत्र पनि द्रष्टा मानिन्छन् ।

चतुर्विंशति गायत्रीको ॐकारसहित अ-उ-म- वर्ण र २४ अक्षरसहित २७ अक्षरका द्रष्टा ऋषि नारायण हुन् भनी शुक्लयजुर्वेदको ३०/२ मा रहेको गायत्रीमन्त्रको द्रष्टा र उत्पत्ति क्षेत्र सदानीरा-गण्डकी- नारायणी हो भन्ने कुरालाई अपौरूषेय वेदले स्पष्ट पारेको छ । देवगुरु बृहस्पतिको सम्बन्ध वाक्को कलासँग, कलाको चतुष्षष्टि योगिनीसँग सम्बन्ध हुने भएकाले वाग्मती (सरस्वती) नदीसँग ऋषि-बृहस्पतिको सम्बन्ध रहेको मानिन्छ ।

## ब्रह्मर्षि वसिष्ठ परम्परा-सदानीरा-(गण्डकी-नारायणी) र सरस्वती (वाग्देवी) को परस्पर सम्बन्ध

वसिष्ठका छोरा इन्द्रप्रमिति, शक्ति, वृषगण, व्याघ्रपति मन्यु, उपमन्यु आदि थुप्रै सन्ततिहरू थिए । इन्द्रप्रमितिले पैल ऋषिसँग ऋग्वेदसंहिता सिकेर मार्कण्डेय ऋषिलाई पढाएका थिए । यो अध्यापन गराएको स्थान पनि शालग्राम गिरि पर्वतले घेरिएको पुष्पवहा-फूल बगाउने नदी जहाँ भगवान् नारायणको बालमुकुन्दको मायावी दर्शन मृकण्डुका छोरा मार्कण्डेयले पाएका थिए ।[१] वसिष्ठपुत्र शक्ति वास्तवमै शक्तिशाली थिए । ऋषि विश्वामित्रमा वसिष्ठप्रति द्वन्द्वभाव जागेको थियो । त्यो द्वन्द्वभावले केही अप्ठ्यारो र असजिलो परिस्थिति पनि निम्तिएको थियो ।

एकपटक विश्वामित्रका सेनाले वशिष्ठका छोरा शक्तिलाई अग्निमा फ्याँकेका थिए, (जैमिनिय ब्राह्मण २.३९०) कुरा के हो भने - एकपटक सुदासको महायज्ञमा वसिष्ठपुत्र शक्तिले गाधिपुत्र विश्वामित्रलाई पारम्परिक प्रतिद्वन्द्ववश एकदम चेतनाशून्य बनाइदिएका थिए । आफ्नो चैतन्यस्वरूपलाई छोडेर जडवत् हुनुपर्दा विश्वामित्र बडो दु:खित भएका थिए । तब विश्वाभित्र शक्तिसँग पराजित भएर ऋषि जमदग्निको छेउमा पुगे । जमदग्निले विश्वामित्रलाई ससर्परी विद्या सिकाउनुभयो । ससर्परी वास्तवमा सूर्यपुत्री थिइन् । मूलत:ब्राह्मी तु सौरीं वाक्विद्या भन्नु एउटै नाम हो-'तस्मै ब्राह्मी तु सौरीं वा नाम्ना वाचं ससर्परीम्'- ब्रह्मपुत्र वसिष्ठले अध्ययन-अध्यापनका रूपमा गरेका थिए । जसमा कुलपति ब्रह्मर्षि वसिष्ठले वैवश्वत मनुका सन्तानलाई अध्यापन गराएका थिए, दिलीप, रघु, अज, दशरथलगायत राजा रामचन्द्रलाई योगवाशिष्ठको ज्ञान गराएका थिए ।

विश्वामित्रले वाक्विद्या प्राप्त गरेर ऋषि जनदग्निको स्तुति गरे । त्यो ससर्परी विद्या 'वाक् विद्या' थियो । (ऋगवेद ३.५३, सायण भाष्य) विश्वामित्रले शक्तिसँग यही प्रतिशोध लिनका लागि वनमा आगोको ज्वालामा शक्तिलाई फ्याँकिदिएका थिए । ठीक त्यही बेला वसिष्ठपुत्र शक्तिलाई (ऋग्वेदको ७.३२.२६ मन्त्रको पूर्वार्ध सत्तको दर्शन भयो । आधा ऋचा पढ्दा-पढ्दै उनी जले । पछि अवशिष्ट मन्त्रको द्रष्टा ऋषि वसिष्ठ स्वयं भए । यही मन्त्र सामवेदमा दुईपटक (२५९१४५६) पढिएको छ । सामवेदमा चाहिं ती दुबै ठाउँमा दुबै पंक्तिको द्रष्टाको द्रष्टा ऋषि वसिष्ठलाई नै भनिएको छ । यही मन्त्र अथर्ववेदमा (२०.७९-१-२) पनि पढिएको छ । त्यहाँ दुबै पंक्तिमा शक्ति र वसिष्ठलाई 'ऋषिविकल्प' भनी वर्णन गरिएको छ । सदानीरामा स्थापित अक्षरब्रह्म ऋचाहरू नै ऋग्वेद हो,

---

[१] हिमालय पर्वतबाट बगेर आउने गण्डकी वा पुष्पवहा (फूल बगाउने) नदी भएकोले देवघाट वा रुरुक्षेत्र आदि कुनै क्षेत्रमा मार्कण्डेय ऋषिको आश्रम हुनुपर्दछ-भन्ने कुरा श्रीमद्भागवतमहापुराणमा बताइएको छ । महर्षि वेदव्यास प्रणीत, श्रीभगवतमहापुराणम्, गोरखपुर : गीताप्रेस २०५७ । हिमालयं पुष्पवहां च तां नदीं निजाश्रमं तत्र ऋषीनपश्यत् । विश्वं विपश्यञ्छसिताच्छिशोर्वे, बहिर्निरस्तोन्यपतल्लयाब्धौ । स्क. १२.९.श्लो.३ पृ.८१३

त्यसैले अग्निदाहकत्त्व शक्ति भएका ऋग्वेदका मन्त्रले गर्दा शक्तिलाई अग्लिने जलाउन सकेनन् । शुक्लयजुर्वेदमा-यस्तो भनिएको छ :- हे विष्णु ! तिमीले आफ्ना किरणहरूद्वारा द्यावपृथिवीलाई स्तम्भित गरेका छौ । पृथ्वीलाई चारैतिर आफ्ना किरणहरूद्वारा धारण गरेका छौ तिमी विष्णुलाई यो आहुति हो । अतः "वैष्णवी त्रिष्टुप वसिष्ठद्रष्टा" भने अनुसार वैष्णवी (कालीगण्डकी - सदानीरा - देवाटधाम हरिहरक्षेत्र) तर्फ वसिष्ठ-ऋषिले तपस्या गरेका थिए भन्ने कुरा रहेको छ ।[२]

ऋषि नारायण पुरुषले सवितादेवलाई भने - यज्ञ र यजमानको ऐश्वर्यलाई प्रेरित गर्नुहोस् । वाणीको धारक (सरस्वती) र दिव्य तथा हाम्रो विज्ञानलाई पवित्र गर्दै वाणीका स्वामीलाई हामी स्तुति गर्दछौं । सवितादेवको श्रेष्ठ तेजलाई हामी धारणा गर्दछौं, जुन हाम्रो बुद्धि र कर्मलाई प्रेरित गर्दछ भनेर उल्लेख गरिएको छ ।[३]

ब्रह्मर्षि याज्ञवल्क्यकृत वाजसनेयी माध्यन्दिनीय शतपथब्रह्मणको प्रथमकाण्ड चौथो अध्याय प्रथमब्रह्मणमा सप्तगण्डकी-नारायणी-कृष्णगण्डकीको प्राक्काल (वैदिक समय) मा सदानीरा नदीको विषयमा चर्चा भएको छ । विदेध माथव राजा र पुरोहित गोतम राहुगण ब्रह्मणीचको संवादमा अग्नि देवको प्रसङ्ग माथव राजासित रहेको छ । यसैमा विदेध माथवनामक राजाको मुखमा अग्निदेवको वास थियो । त्यसलाई गोतम राहूगण पुरोहितले वैदिक मन्त्रोच्चारण गरेर राजाको मुखमा रहेको अग्निलाई निकाल्ने काम गरे । त्यस अवस्थामा राजा विदेघ माथव सरस्वती नदीको किनारमा बसेका थिए, त्यसपछि अग्नि बाहिर निक्लिए र पूर्वतर्फ बढे । त्यसमा गोतम राहूगण र विदेघ माथवले जलिरहेको अग्निको पीछा गरे । अग्निले त्यहाँ रहेको सरस्वती नदीसहित कतिपय नदीहरूलाई सुकाउँदै अगाडि बढे । उत्तरतर्फको हिमवत्खण्डबाट निक्लेकी सदानीरा (कालीगण्डकी) नदी सुकाएनन् ।

ब्राह्मणहरूले पहिला-यस नदीलाई सुकाएर पार गर्न चाहेनन् किनकि ब्राह्मणहरू यस नदीको पूर्वतर्फ रहन्छन् । त्यस समय सदानीराको पूर्वको भूमि मरूभूमि थियो, त्यसमा दलदल (गिलो र धाप) धेरै थियो । किनकि अग्नि वैश्वानरले त्यसलाई आस्वादन गरेनन् । अब त यो धेरै उर्वरा भएको छ । किनकि ब्राह्मणहरूले यज्ञ गरेर अग्निलाई, गर्मीका अगाडि दिनहरूमा पनि (त्यो नदी) धेरै बहन्छिन् । अग्नि वैश्वानरले सदानीरा नदीलाई दग्ध गराएका थिएनन्,

---

२ रामकृष्ण शास्त्री (सम्पा.) कुक्लयजुर्वेदसंहिता, तृतीयसंस्करण, वाराणसीः चौखम्बा विद्याभवन सन् १९९९, इरावती धेनमती हि भूत ... सूयवसिनी मनवे दशस्या । व्यस्क्कभ्नारोदशी विष्णवेतेदाधर्य पृथिवी मभितोमयूखैः स्वाहा ॥ अध्याय ५, मन्त्र १६, पृ. ९५-९६

३ ऐजन, देवसवित : प्प्रसुवयज्ज्ञप्प्रसुवयज्ज्ञपतिम्भगाया दिव्व्योगन्धर्वः केतपूः केतन्नः पुनातु व्वाचस्प्पतिव्वचिन्नः स्वदनु । तत्सवितुव्वरेण्ण्यभर्गोदेवस्य धीमहि । धियोयोनः प्प्रचोदयात् । अध्याय ३०, मन्त्र (१-२) पृ. ६९१ ।

किनकि यहाँ धेरै चिसो हुन्छ । विदेघ माथवले अग्निसित सोधे "म कहाँ बसूँ ? भन्दा यस नदीको पूर्वतर्फ तिम्रो घर होस् भनी यस्तो अग्निले उत्तर दिए र आजसम्म यो नदी कोसल र विदेह देशहरूको बीचको सीमा हो, किनकि यहाँ माथवका सन्तानहरू छन् भन्ने कुरा शतपथब्राह्मण प्रथमकाण्डको चौथो अध्यायमा चर्चा गरिएको छ ।[४] यसरी अग्नि तत्त्व सदानीरा (गण्डकी) मा निहित भएकोले ओंकारले युक्त वाणीबाट सधैं झङ्कृत हुने अङ्गिरावाणी अथवा वेदवाणी गुञ्जिरहेको छ । मानसपुत्रहरू मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, ऋतु, भृगु, वसिष्ठ, दक्ष, नारद ऋषिहरू यही सदानीरा गण्डकीमा स्थापित भएर बसेका छन् ।

भृगुवंशीय प्रचेता मुनि एक स्मृतिकार प्राचीन ऋषि हुन् । प्रामाणिक आधारमा महर्षि कश्यप र अदितिमाताका नवम पुत्र वरूण (आदित्य) बाट महर्षि वाल्मीकि (रत्नाकर) को जन्म भयो । भृगु ऋषिका भाई वाल्मीकिले उदात्त चरित्रका नायक रामको विषयमा सम्पूर्ण आख्यानले परिपूर्ण वाल्मीकि रामायणको रचना तमसा– नारायणी– सदानीराको तटमा गरे । ब्रह्मर्षि वसिष्ठका अनुज शिष्य स्मृतिकार भृगु मुनिका भाई प्रचेता वाल्मीकिले रामायण रचना गर्दा सदानीरा–गण्डकी नारयणीले ढाकेको भूमि सीतावन, चित्तपावन, चितावन, चितवनमण्डलले घेरिएको माण्डव्य ऋषि र सालङ्कायन ऋषिको तपोभूमि माडीमा अयोध्यापुरीको वर्णन गर्दा साखु सखुवा–सालको जंगलले घेरिएको विशाल भूमि थियो, भनेर वाल्मीकिरामायणको वालकाण्ड सर्ग ५ श्लोक १२ मा उल्लेख भएको छ ।[५] अतः श्री राम भगवान् यसै माडी क्षेत्रबाट कुलगुरु ब्रह्मर्षि वसिष्ठ कहाँ योगवासिष्ठ रामायण अध्ययनका लागि देवघाट क्षेत्रको तनहुँस्थित वसिष्ठ आश्रम र ब्राह्मी विद्याकी अधिष्ठात्री देवी वागीश्चरीमा– कुलपति वसिष्ठले दशहजार शिष्यलाई अध्यापन गराएको भूमि भएकाले विशेषतया वैष्णवी गण्डकीतर्फमा नै योगवासिष्ठ वेदान्त– ब्रह्मतत्व ज्ञान दिनुभएको थियो भन्ने कुरालई श्रद्धेय योगी नरहरिनाथको भनाइले पुष्टि गर्दछ ।

महर्षि वाल्मीकि–रत्नाकर डाँकुबाट वल्मीक–धमिरोको गुँडकबाट निक्लेपछि वाल्मीकिका रूपमा परिणत भए जब वाल्मीकिले रामायण रचना गरे । त्यती बेला– नारायणीको भूभाग सोमेश्वर गढी पर्वतको खोंचसम्म जलाशय पोखरी थियो

---

४ स्वामी श्रीहरि (सम्पा.) शतपथ ब्राह्मण, बम्बईः गङ्गविष्णु श्रीकृष्णदास मालिक लक्ष्मीकोवेंकटेश्वरस्टीम प्रेस कल्याण वि.सं. १९९६ । तर्हि विव्देघो माथव आस । सरस्वत्या ... स ततऽएव । प्राङ्दुहन्न भीयायेमां पृथिवीं तं गोतमश्च राहूगणो विव्देघश्च माथवः पश्चाद्दहन्त–मन्वीयतः सऽइमाः सर्व्वा नदीरतिददाह सदानीरेत्युत्तराङ्गिरेनिर्द्धावति ता ... हैव – नातिददाह ता ... हस्म ता पूरा ब्राह्मण न तरन्त्यनतिदग्धानिना व्वैश्वानरेणेति ॥१४॥१५॥१६॥१७॥ प्रथमकाण्डे चतुर्थाध्याय, प्रथमब्राह्मण पृ. १३५–१३६ ।

५ पाण्डेय, रामनारायणदत्त शास्त्री, श्रीमद्वाल्मीकीय रामायण प्रथम भाग, गोरखपुर : गोविन्द भवन कोयलिय गीताप्रेस २०४४ बधुनाटक संधैश्च संयुक्तां सर्वतः पुरीम् । उद्यानाम्रवणोपतां महतीं साल मेवलाम् र बालकाण्ड, ५ सर्ग, श्लो. १२. पृ.४० ।

पछि यो विशाल जलाशय पोखरी-घटेर आजको सप्तगण्डकीसँगम सपृकन्या जलदेवी मन्दिर वसेनीसम्म रहेको थियो । त्यसपछि त्यो पनि घटेर वर्तमान रहेको अवस्थामा आयो । रामायण रचना गर्ने समयमा सालका रुखहरू उत्पन्न भए त्यस साखूको वृक्ष (साल-शालका रुख) हरूले घेरिएको विशाल जंगल थियो । भनिएको छः- त्यस पुरीमा- यस्ता धेरै जसो नाटक-मण्डलीहरू थिए । जसमा केवल स्त्रीहरू नै नृत्य एवं अभिनय गर्दथे । त्यस नगरीमा चारैतर्फ उद्यान तथा आमहरूको बगैंचा थियो । लम्बाइ र चौडाइको दृष्टिबाट त्यो पुरी धेरै विशाल थियो तथा सालको वन त्यसलाई चारैतिरबाट घेरिएर बसेको थियो ।

विष्णुको शक्तिरूपमा रहेकी वा हरतत्त्वमा समाहित भएकी व्याहृतिस्वरूप-गायत्री-सरस्वती ब्रह्मतनयाको नामले चिनिएकी छन् । ब्रह्माले मुक्तिक्षेत्रमा-आगो र पानीमा यज्ञ गर्दा-सरस्वती नदीको उत्पत्ति विमलोदका नामबाट प्रकट भएको छ ।

भगवान् शंकरले उत्तर हिमवत्खण्ड हिमाच्छादित शालग्रामगिरि-पर्वतमा भगवान् विष्णुले तप गरेको देखेर विष्णुको गण्डस्थलबाट झर-झर गरेर निक्लेकी श्रेष्ठ जललाई देखेर यी गण्डकी नदीहरूमा श्रेष्ठ र विष्णुले तप गरेको क्षेत्र भएकोले यसलाई मुक्तिक्षेत्रको नामले भनिने छ । साथै त्यसमा हामी सबै ब्रह्मा ऋषि देवगण, वेदहरू, यज्ञहरू सबै यसै शालग्राम तीर्थमा रहने छौं भनी व्यक्त गर्नुभयो । यसैमा ब्रह्म मानसपुत्र पलस्त्यपुलह आदिले मुक्तिक्षेत्रको नजीक आश्रम बनाएर सृष्टि निर्माण गर्ने हेतुले तप गरेका थिए । पुलस्त्य र पुलह ऋषिको आश्रमबाट श्रेष्ठ पुण्यवती ब्रह्मपुत्री (सरस्वती) नदी प्रकट भइन्, त्यसैलाई देवीको नाम रहुगङ्गा इक्षुमती नाम हुन गयो । यी ब्रह्मतनया (सरस्वती) नदी कृष्ण गण्डकीमा प्रवाहित भइन् । यो मानसकल्पमा सम्मिलित (जयन्ती-मंगल-काली) नदी हुन्, आदि मानसकल्पमा प्रकटित नदी आदि पुलह तीर्थराज भए तापनि हालको वैवस्वत मन्वन्तरमा भगवान्को क्षेत्रमा हरि भगवान् शंकर (नन्दीदेव) गाईहरूका साथ (गोधनलाई) सार्थ लिएर अगाडि बढ्नुभयो र हालको संगमस्थल जहाँ देवहरू अटन गर्दै भ्रमण गर्दछन्, यताउति घुम्दछन् त्यस देवाट ठाउँमा पुगेपछि हरको स्वरूप त्रिशूली र साथमा सरस्वती (सेती-शुक्ला) सँग कृष्णगण्डकीसहित ब्रह्मतनया सरस्वती नदी प्रथम हरिहरक्षेत्रको रूपमा मिलन हुन्छ, र नारायणी-सपृगण्डकीको नामले प्रख्यात हुन्छ।[६]

---

[६] हृषीकेश शास्त्री वाराहपुराणम्, वाराणसीः चौखम्बा अमरभारती प्रकाशन सन् १९८२, मुक्तिक्षेत्रमिंद देव दर्शनादेव मुक्तिदम् । गण्डस्वेदोद्भदवा यत्र गण्डकी सरितां वरा/भविष्यति न सन्देहो यस्या गर्भे भविष्यसि । त्वयिस्थिते जगन्नाथे तव सान्निध्यकारणात् । अहं ब्रह्मा च देवाश्च ऋषिभिः सह केशव । सर्वे वेदाश्च यज्ञाश्च सर्वतीर्थानि चाप्युत । पुलस्त्यपुलहौ पूर्वं तेपाते परमं तपः । यत्र सृष्टि विधानार्थं कृत्वाश्रमपद पृथक् । ततोऽभूद ब्रह्मतनया पुण्या सा सरिता वरा । गण्डक्या यत्र मिलिता ब्रह्मपुत्री यशस्विनी । स्थितवान् तद्दिनादेतत् ख्यात हरिहर प्रथम् । देवानामट नाच्चैव देवाट इति सांज्ञितम् । अ.१४४, श्लो. १०६, १०७, १०८, ११३, ११४, १४५ पृ. ३६०-३६३ ।

श्रीपद्मममहापुराण-अन्तर्गत विष्णुमाहात्म्यवर्णनमा यस्तो उल्लेख पाइन्छ । स्वेतवाराहकल्प-स्वायम्भुव मन्वन्तरमा -युवक ब्रह्मचारी पुण्डरीक- कैयन तीर्थहरूको भ्रमण गर्दै शालग्राम अर्चावतारको क्षेत्रमा-पूर्वकर्मको आधारमा-पुण्यदर्शन गर्ने हिसाबले विचरण गर्दै यस पावन शालग्रामक्षेत्रमा बुद्धिमान् पुण्डारीकले देवह्रद (देवसरोवर) तीर्थमा र सरस्वती (शुक्ला). जहाँ हरतत्त्व त्रिशूलीसँग सम्मिलित भएर आएकी सरस्वती नदीमा स्नान गरे । अतः सरस्वती नदी- पुलस्त्यपुलहाश्रममा पनि प्रकटित भएर- ऋषिहरूलाई सिद्धि प्रदान गरेकी थिइन् भने यहाँ देवह्रद (देवसरोवर) देवाटक्षेत्रमा- साक्षात् सरस्वती-प्रकट भएकी थिइन् । यसरी युवक पुण्डरीक शालग्रामको कुण्ड जहाँ भगवान् हरि नारायणले गज र ग्राहकलाई दुबैको उद्धारसमयमा चक्र फ्याँक्नुभयो । फ्याँक्दा चक्रले कुण्ड निर्माण गर्‍यो र हात्तीका पदचिह्न देवघाटदेखि फेरीसम्म देख्न पाइन्छ । गोही देवघाट संगममै रहेको छ । (चक्रले निर्मित भएको कुण्ड) वा चक्रनदीमा आश्रित भएर बसेको हुँदा उनलाई जातिस्मरण (पूर्वजन्मको स्मरण) भयो । यसै देवहुद/देवाट क्षेत्रमा र सरस्वती नदीमा स्नान गरी सुन्दर तपस्यामा लागे । तपको प्रभावबाट नारद मुनिको दर्शन र दिव्य उपदेश प्राप्त गरी साधनारत हुँदा भगवान् विष्णु प्रत्यक्ष हुनुभयो । मूलतःपुण्डरीकले नारायणमा रत भएर ॐ नमो नारायणाय यो अष्टाक्षरी महामन्त्र जप गरी निर्मल-सौम्यशालग्रामका तपधनी एकाकी भएर चिरकालसम्म कुनै चीजको इच्छा नराखी-कुनै प्रकारको रागद्वेष पनि नराखी तप गरी अन्तमा शरीर छोडी विष्णुलोक प्राप्त गरेका थिए ।[७] युवक पुण्डरीकले देवहुद र सरस्वती नदीमा स्नान गरेर ठूलो तप गरेका थिए । त्यसैकारणले हो वाग्देवी सरस्वतीले आफ्ना दाजु वसिष्ठ भएकै ठाउँ वरिपरि बसी तप गर्नुभयो । हाल विद्यमान 'वागीश्चरी क्षेत्र' शुक्लां ब्रह्मविचारसारपरमां' का आधारमा प्राच्य ब्राह्मी (वागीश्वरी) वारिष्ठार्य केन्द्र भूमिमा स्थापित भएर भगवान् रामचन्द्रलाई पनि वाग्विद्या प्रदान गर्नुभएको थियो भन्ने कुरालाई स्पष्ट रूपमा पद्ममहापुराणको आधारले पुष्टि गर्दछ ।

**ooo**

---

७ श्रीमन्महर्षि कृष्णद्वैपायन व्यासार्वचितम्, श्रीपद्मममहापुराणम् उत्तरखण्ड चौथोभाग, कलकत्ताः मनसुखराय मोर ५ क्लाइव रो. २०१५, कदाचिदात्त्मवान्धीरः शालग्रामं तपोधनः । पुण्डरीको महाभागः पूर्वकर्मवशानुगः । किं च चक्राङ्कितास्तत्र प्राणिनः पुण्यदर्शनाः । विचरन्ति यथाकाम पुण्यतीर्थ प्रदर्शिनः तस्मिन्क्षेत्रे महापुण्ये शालग्रामे महामतिः । स्नात्वा देवहुदे तीर्थे सरस्वत्याञ्च सुव्रतः । जातिस्मर्यो चक्रकुण्डे चक्रनद्याश्रितेषुच । तथाऽन्यान्यपि तीर्थानि तस्मिन्नेव चचार सः । पुण्डरीकोऽपिधर्मात्मा नारायणपरायणः । ॐ नामो नारायणयेति मन्त्रमष्टाक्षरं जपन् । तपस्वी विमल सौन्उे शालग्रामे तपोधनः । उवास चिरमेकाकी निर्द्वन्द्वो निष्परिग्रहः ॥ ८०, अ. श्लो. सं. (२९, ३२, ३३, ३४, ११९, १२१) पृ. २८४-२८९ ।

# कृति संस्कारका कुरा

✍ **कपिल अज्ञात**
**भरतपुर-१२, चितवन**

- साहित्यिक उन्नयनका निम्ति खुलेका साहित्यिक संस्था हजारौं छन् तर कहीँ साहित्यिक कृतिको आह्वान र खोजी गरी प्रकाशक बनेर सघाउने कोही देखिन्न । नेतृत्वमा पुगेर आफैँ कहीँ अघाउन पाइन्छ कि भन्ने ध्याउन्न निहित भएझैं लाग्छ । स्रष्टाहरूलाई प्रकाशक भइदिनु ठूलो कुरा हो तर त्यो नसही संस्कार दिनसक्नु पनि ठूलो कुरो हो भन्ने देख्दछु ।

- त्रिवेणी साहित्य परिषद् साहित्यिक उन्नयनमै सक्रिय संस्था हो । यो परिषद्को सानो सामर्थ्य छँदैमा शताधिक कृतिहरूको संस्कार गरिसक्यो, अब त यो बहुआयामिक गठनको उत्साह र योजनाले प्रतिष्ठान हुन पुगेको छ । यसबाट भविष्यमा सहस्राधिक कृतिहरूको संस्कार हुने कुरामा सन्देह छैन । संस्थाबाट अनेकौं कार्य सम्पादन हुन्छन् तर यस संस्थाको कृति संस्कार महान् विशेषता हो । स्रष्टाहरूलाई संगठित गर्नु, रचनावाचनको निम्ति मञ्च प्रदान गर्नु, कृतिहरूको मूल्याङ्कन गर्नु, पुरस्कार र सम्मान गर्नु, साहित्यिक अन्तर्संवाद, अन्तर्क्रिया र गोष्ठी गर्नु, साहित्यिक मुखपत्र प्रकाशन गर्नु, यी सबै साहित्यिक संस्थाका सामान्य जिम्मेवारी हुन् तर कृति संस्कार गर्नु विशेष जिम्मेवारी हो । यस्तो महत्त्वपूर्ण जिम्मेवारी यसले दशकौं अघिदेखि वि.सं.२०५० को यता निर्वहण गर्दै आएको छ ।

- संस्था भएर मात्र यस्तो जिम्मेवारी पूरा नहुन सक्छ किनभने यसका निम्ति विशेष योग्य, दक्ष र प्रतिभाशाली व्यक्ति त हुनैपर्छ र यस्तो साहित्यिक उन्नयन र योगदानका निम्ति नैसर्गिक उत्साह, त्याग र उदारताका साथै विशेष तत्पर पनि रहनु पर्छ । यस दृष्टिले प्रा.डा. नारायणप्रसाद खनाल र कविवर गोविन्दराज विनोदीमा कृति संस्कारको निम्ति ज्ञान र सीपको विशेष क्षमता छ । एक हुनुहुन्छ : साहित्यिक व्युत्पत्तिको शिखरमा आरोहण गरिरहेको व्यावहारिक रूपमा सरल र साहित्यिक रूपले गम्भीर व्यक्तित्व, अर्को हुनुहुन्छ शब्दहरूलाई लय र भावनामा नचाउन सक्ने नैसर्गिक प्रतिभाका कुबेर । यी दुबैको क्रियाकलात्मक संयोग नभएको भए कृति संस्कारजस्तो गुरुत्तर कार्य सहजतापूर्वक सम्पादन हुन सक्दैनथ्यो । यिनैको सद्भाव र सहकार्यबाट चितवनका अनेक संस्थाबाट अनेकौँ पत्रिकाहरू सम्पादित भएका छन् । तिनको शोध, खोज, मूल्याङ्कन र सर्वेक्षण हुन त बाँकी नै छ । ती सम्पादन प्रक्रियाबाट पनि उहाँहरूमा संस्कारचेतना विकसित भएको हो, जुन अहिले कृति संस्कारमा प्रयोग भइरहेछ ।

- कृति संस्कारका प्रमुख विधिहरू छन्, ती हुन्ः (१) भाषिक शुद्धि, (२) भाव सम्पादन, (३) वस्तु सम्पादन, (४) शीर्षक-चयन र (५) भूमिका लेखन ।

## (१) भाषिक शुद्धि :

भाषिक शुद्धि भन्नाले वर्णविन्यासगत त्रुटिलाई शुद्ध्याउनु हो । यसका निम्ति समयअनुसार परिवर्तित वर्णविन्यासका नियम र शब्दकोशको सहयोगबाट शुद्ध्याउन सकिन्छ । मानक रूप कुन हो र एकरूपता केले हुन्छ, त्यसको उपयोग गर्न सकिन्छ ।

## (२) भावसम्पादन :

यो भाषिक-शुद्धिभन्दा जटिल कार्य हो । यस कार्यका निम्ति लेखकमा व्याकरणिक ज्ञानका साथै साहित्यिक अनुभवसमेत हुन आवश्यक हुन्छ । यसमा अर्थको औचित्य र शिल्पको चमत्कार पनि हेरिन्छ । यसका निम्ति वाक्यगठन नै आधार हो । शब्दशक्तिका अभिधा, लक्षणा र व्यञ्जना विधिबाट प्राप्त आशय र अभिप्रायलाई समेत आकलन गरी उपयुक्त र उत्तम स्तरमा भावराशिलाई स्थापन गर्ने प्रयत्न गरिन्छ । शब्दको शक्ति र सीमा नबुझेसम्म सम्पादन कार्य सम्भव छैन साथै रीतिको प्रस्तुति र चाल नबुझ्नेले पनि अब भावसौन्दर्यको विन्यास गर्न सक्दैन ।

## (३) वस्तु-संयोजन :

भावराशिदेखि माथिल्लो स्तर हो-वस्तु-संयोजन । रचनाकारका समस्त भावराशिलाई आत्मसात् नगरीकन ती सबैको गहन अध्ययन, चिन्तन र मनन नभैकन वस्तुसंयोजनको गुरुत्तर कार्य सम्भव छैन । भावाभिव्यक्तिमा दक्षता र विशिष्टता प्राप्त गर्न सकेका शक्ति नै वस्तु संयोजनकर्ता हुन सक्छन् । सामान्यस्तरका लाग्ने कतिपय कृतिहरू वस्तुसंयोजनकै आधारमा विशिष्ट भएका छन् । ती पुरस्कृत पनि रहेका छन्, जस्तै झमक घिमिरेको **जीवन काँडा कि फूल** । उक्त कृति गोविन्दराज भट्टराईबाट सम्पादन भएर विशिष्टता प्राप्त गऱ्यो भनिन्छ । यो पुरस्कृत पनि रह्यो । यसले सम्पादन विधिमा वस्तुसंयोजनको कति महत्त्व छ त्यो बुझ्न सकिन्छ ।

## (४) शीर्षक-चयन :

कृति-संस्कारमा शीर्षक-चयन पनि महत्त्वपूर्ण कार्य हो । रचनालाई शीर्षकले समेट्न सकेन भने त्यो शीर्षक सार्थक मान्न सकिँदैन । शीर्षकले विषयवस्तुलाई समेट्ने कुरा त छँदैछ त्यो अरूभन्दा भिन्न र विशेष हुनुपर्छ अर्थात् अद्वितीय (युनिक) र आकर्षक हुनुपर्छ । कुनै पनि कृतिको शीर्षक

त्यो अर्को कृतिसँग जुझ्नु हुँदैन, त्यसका निम्ति अहिले दर्ताको पनि व्यवस्था गरिएको छ । आइ.एस.बि.एन. को यही प्रयोजन हो । कुनै पनि शीर्षक लामो हुनु हुँदैन । त्यो कमभन्दा कम शब्दमा अर्थपूर्ण, प्रतीकात्मक र बिम्बात्मक हुनुपर्छ साथै सहज, सम्प्रेष्य र बह्वार्थक हुनुपर्छ । मैले आफैले राखेका शीर्षकहरूमा एक निबन्धसङ्ग्रहको शीर्षक राखेँ- **भूलहरूको विरूद्ध** । जुन म आफैलाई अत्यन्त मन परेको शीर्षक हो । अर्को हालै प्रकाशित लेखसङ्ग्रहमा कृतिको शीर्षक राखेँ- विवित्सा-वृत्त (२०७७) । यो पनि विषयगत दृष्टिले बेठिक शीर्षक होइन तर सहज, सम्प्रेष्य हुन सकेन । संस्कृतकै विद्वान्ले पनि यसको अर्थ के हो भनेर सोधे । यसरी सोध्ने एकजना निर्मोही व्यास नै हुनुहुन्थ्यो । मैले शब्दकोशबाटै त्यसको अर्थ हेरेर शीर्षक राखेको भनेर जवाफ फर्काउँदा उहाँ अचम्भित हुनुभएको थियो । यसर्थ कृति निर्माणमा शीर्षक चयन वा रचनाले महत्त्वपूर्ण अर्थ राख्दछ भनेर बुझ्न सकिन्छ ।

### (५) भूमिका-लेखन :

'भूमि'को अर्थ हो - जमिन । त्यसैमा 'का' लागेर 'भूमिका' बनेको छ । कृति रूपी जमिनभित्र के छ त्यसैको पहिचान गराउने काम भूमिकाबाट हुने गर्छ । कृतिको स्वरूप के-कस्तो जगमा उभिएको छ, त्यसैको आधार खुलाउने काम भूमिकाबाट हुन्छ । कृति संस्कारको यो अत्यन्त गहन र महत्त्वपूर्ण कार्य हो -भूमिका लेखन । यस विषयमा यस प्रतिष्ठानले शताधिक कृतिहरूको भूमिका लेखेको हुनाले यसको महिमा गुरुतर छ । भूमिका के हो, कसरी लेखिन्छ र यो कस्तो हुनुपर्छ । यस विषयमा यस संस्थाले कुनै कार्यक्रममा आफ्ना तर्फबाट सिद्धान्त नै प्रतिपादन गर्ला किनभने भूमिकाहरूको खात बनेपछि त्यसको सिद्धान्त प्रतिपादन गर्ने दायित्व पनि यसैको दायित्वभित्र पर्न आउँछ । यथार्थमा भूमिका लेखन समालोचनाकै एक महत्त्वपूर्ण विधि हो । यसमा कृतिको पिँधसम्म पुगेर गुणात्मक उपलब्धिहरूलाई ठम्याउने काम गरिन्छ । जो यसका आशय र अभिप्रायलाई समेत ठम्याउन सक्दैन, उसबाट सही भूमिका-लेखन सम्भव छैन । यो समालोचनकै एकप्रकार भए पनि हरसमालोचकका निम्ति बोझिलो कार्य हो । भूमिका लेखेर कृतिप्रति न्याय दिन सकिएन भने भूमिकाकार भएर भूमिका लेख्नुको औचित्य र प्रयोजन रहन्न । यस दृष्टिले कृतिभित्र निहित महत्त्वपूर्ण तथ्यहरूलाई भूमिकाकारले खोतलेर देखाउन सक्नुपर्छ । कृतिका विशेषताहरूको बखान गर्नुमा मात्र भूमिकाकार सीमित रहनु हुँदैन । सामान्यतया भूमिकामा स्रष्टाका गुणात्मक प्राप्तिको पहिचान र प्रशंसा हुनुपर्छ र त्रुटि तथा कमजोरीहरूप्रति सुधारको संकेत दर्शाउन

सक्नुपर्छ । यसमा व्याख्या र विश्लेषण गरेर मात्र पुग्दैन, निष्कर्ष र निर्णयको फेहरिस्त पनि खुलाउनु पर्छ । एकप्रकारले यो कृतिभित्र उठेका मुद्दा र वहसको फैसलाजस्तो पनि हो । भूमिका-लेखनका दृष्टिले अग्रणी भूमिका लेखकको रूपमा रहनु भएका प्रा.डा. नारायणप्रसाद खनाल र कविवर गोविन्दराज विनोदीका भूमिकाहरू पढ्ने र मनन गर्ने अवसर पाउनेमध्ये म पनि एक हुँ । यथार्थमा उहाँका भूमिकाहरू गुणदर्शी कोटिका भूमिका हुन् । अहिलेसम्म विनोदी गुणदर्शी भूमिकामैं केन्द्रित भएको देख्दछु भने प्रा.डा. खनालको भूमिकाचाहिँ स्रष्टाको अत्मवृत्तसँग सम्बद्ध भएर त्यसले भूमिकाका माध्यमबाट नैबन्धिक स्वरूप बहन गरेको समेत देख्दै छु । यी दुबैको भूमिकाको अध्ययन, सर्वेक्षण र मूल्याङ्कन हुने हो भने नेपाली साहित्यमैं विशेष योगदान पुऱ्याएको देख्न सकिन्छ ।

आफ्नै रचनागर्भको पनि चर्चा गरूँ । सद्य प्रकाशित **यात्रा-अनुस्मृति** यात्रासंस्मरण वा नियात्राको कृति हो । यात्रा गरेर विवरण दर्शाउनु मात्र नियात्रा होइन । यी विवरणहरूसँग सर्वसाधारणलाई केको सरोकार ? यी विवरणहरूमा जति रागात्मकता भर्न सकियो त्यति त्यसले साहित्यिक रूप लिएको मान्न सकिन्छ । आफ्ना विशिष्ट अनुभवहरूलाई दर्शाउनुका साथै कृतिमा कोरा विवाण मात्र नहुन् भन्ने यथाशक्य प्रयास गरेको छु । कुनै पनि रचनामा के भनिएको छ भन्दा कसरी भनिएको छ भन्ने महत्त्वको कुरा भएकाले प्रयास बुझेरै गरिएको छ ।

सिर्जनाका तीन कारक हुन्छन् : (१) निमित्तकारक, (२) उपादानकारक र (३) प्रेरणाकारक । विशेषतः प्रेरणाकारक रचनाराशि हुन् । यी विभिन्न समयमा लेखिएर विभिन्न पत्रिकामा प्रकाशित पनि भए तिनैको संकलन यस कृतिमा रहेको छ ।

यस कृतिको शीर्षकको बारेमा पनि सङ्क्षिप्त चर्चा गरूँ । **यात्रा-अनुस्मृति** यसको शीर्षक हो तर यसको अनुस्मृति शब्द पहिल्यै पूर्णप्रसाद अधिकारीको कृति **अनुस्मृतिका तरङ्ग** आइसकेकाले एक मनले 'अनुस्मृति' शब्द नै नराखी 'यात्रा-संस्मृति', 'यात्रा-मनस्मृति', 'यात्रा-आवर्त', 'यात्रा-आवृत्त', 'यात्रा-अनातप', 'यात्रा-अनुदर्शन', 'यात्रा-अनुतर्ष', 'यात्रा-अनुदृष्टि', 'यात्रा-अनुदेश', 'यात्रा-अनुरक्ति' जस्ता शब्दहरू पनि सामु आए । यी सबैमा 'अनुस्मृति' नै राखेँ । जे राखेँ त्यसैलाई स्वीकारी दिनसमेत पाठकवर्गमा अनुरोध गर्दछु ।

ooo

**थाहा पाउनुभयो !**

**'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाका ९४ अङ्क निस्के । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?**

# सूर्यप्रसाद शर्माको 'जीवनका सुसेलीहरू' एक शब्दचित्र

✍ **भद्रशालि कश्यप**
**माडी, चितवन**

**(१) व्यक्तिवृत्त**

सूर्यप्रसाद शर्मा लामिछानेको जन्म २०१५ साल साउन १ गते करान्दी, भाटखोला स्याङ्जामा भएको हो । २०२४ सालमा आन्तरिक बसाइ-सराइका क्रममा उनको परिवार चितवनको माडीमा आइपुग्यो । संयुक्त परिवार भए पनि पहाडमा राम्रो खानदानियाँ व्यक्तित्वका रूपमा उनको परिवार कहलाएको थियो भन्ने कुरा उनकै आत्मवृत्तान्तबाट अवगत हुन्छ । नेपाली साहित्यमा शङ्कर लामिछानेदेखि जीवा लामिछानेसम्म राम्रो पहिचान छ । यो शृङ्खलामा सूर्यप्रसाद पनि थपिएका छन् ।

यो पुस्तक गोजीका आकारको छ । आवरणबाहेक बाईस पृष्ठ अगणनीय र एक सय अन्ठाउन्न पृष्ठहरू गणनीय रहेका छन् । झट्ट हेर्दा पुस्तक अड् साइजको स्याकमा सजाउन पनि नमिल्लाजस्तो डिमाइ साइजमा सय पृष्ठ पुऱ्याएको भए राम्रो हुन्थ्यो कि, अब जे भयो यो यस्तै भयो भनेर लेखकले मन बुझाउनु पर्ने स्थिति विद्यमान छ । प्राध्यापक कपिल अज्ञातको भूमिका विद्वत्तापूर्ण भईकन पनि दुर्बलताहरू केलाइएका छैनन् । अभिव्यक्ति कला र शैलीपक्षको सबल विश्लेषण गरिएको छ । प्रा.डा. होमनाथ सापकोटाले पुस्तकभित्रका विशेषताको रूपमा सूर्यप्रसादका समग्र राजनैतिक, शैक्षिक जीवनका पहेलीहरूको सम्मान र संस्मरणात्मक व्याख्या र विश्लेषण गर्दै वर्गचरित्रको राम्रो सम्मान गर्नुभएको छ । बढी राजनैतिक र कम साहित्यिक भईकन पनि निष्ठा र समर्पणलाई कसरी तेजोबध गरिँदो रहेछ त्यसको झलक यसमा प्राप्त हुन्छ भन्ने निष्कर्ष छ । भोक्ता जीवनमा खटिएका र घटेका घटनाक्रमको रूपमा कुण्ठा र पीडाको अभिव्यञ्जना पनि यसमा छ भन्ने सापकोटाको भनाइसँग आम पाठक पनि सहमत हुन्छन् ।

भन्नैपर्ने केही कुरा शीर्षकमा राजनैतिक यात्राका बीचमा उनको भूमिका, शर्माको सङ्घर्षशील जीवनगाथासँग मालेमाथि लाग्ने गरेका आरोप, जनमत सङ्ग्रहमा मालेको विवादस्पद भूमिका, नेपालका कम्युनिष्टहरूका बीचको अहम् र स्वेच्छाचारी प्रवृत्तिको चर्चा गरिएको छ । सी.पी.ले यस आत्मसंस्मरणलाई मुक्तकण्ठले प्रशंसा गरेका छन् । लेखक आफूले पुस्तक जन्माउनुको औचित्य र आवश्यकतालाई पाँच बुँदामा र पुस्तक लेखनपश्चात् प्रकाशनार्थ उत्साहित

गराउने र भूमिका लेखिदिनेहरूप्रतिका पाँच बुँदामा धन्यवाद र कृतज्ञता प्रकट गरिएको छ ।

## (२) आत्मसंस्मरणको औचित्य र कृतिभित्रको विषयवस्तु

आत्मसंस्मरण वा वृत्तान्त साहित्यको इमान्दर भई लेखिने साहित्यिक दस्तावेज हो । उडन्ते कल्पना र निराधार कुरा यसका शत्रु हुन् । यथासम्भव आवेग, कुण्ठा, पीडा, अपमान, ग्लानि, क्षोभलाई सकेसम्म पचाएर सहिष्णुतापूर्वक लेखिनु पर्दछ । ढाँट, छल, कपट, बदमासी, खुराफातीजस्ता कुराहरू लेखियो भने पाठकका दृष्टिमा यो बेइमान लेखक हो भन्ने सन्देश जान्छ । यसबाट बच्नका लागि लेखक सचेत हुनैपर्छ । आत्मसंस्मरण वृत्तान्त पढ्दै त्यसमा व्यक्त भएका शब्दका दृश्यावली र कथाले पाठकको आँखा रसाउन सक्यो भने त्यो साँच्चिकै सफल आत्मसंस्मरणकार हुन्छ । प्रत्येक आत्मसंस्मरणकर्ताले प्रसिद्ध फ्रान्सेली लेखक वाल्जाकको जीवनी र लेखनकला बुझेको हुनुपर्दछ, यो मेरो मान्यता हो । नेपाली साहित्यमा माध्यमिक कालदेखि नै आत्मसंस्मरण लेख्ने प्रचलन भए पनि खासगरी वी.पी. कोइरालाका जेलजर्नल, आत्मवृत्तान्त, आफ्नो कथा, झमक घिमिरेको जीवन काँडा कि फूल, जगदीश घिमिरेको अन्तर्मनको यात्रा साहित्यक मूल्यका दृष्टिले उच्चस्तरीय छन् ।

आत्मकथाको पुस्तक बनेर आएका छन् केही राजनैतिक मूल्यका दृष्टिले विजयराज पाण्डेको **खुसी**, **आर.के.** मैनालीको लुटिएका **दुई थुँगा फू**ल, **नलेखिएको इतिहास**, रूकमाङ्गद कटुवाल, विनोद चौधरी, सुधीर शर्माको **प्रयोगशाला**, रमेशनाथ पाण्डेको **राजनीति र कूटनीति** जस्ता पुस्तकहरूले आत्मसंस्मरणकारलाई मार्गचित्र प्रदान गर्दछन् । आफू भौतिकवादी, द्वन्द्वात्मक भौतिकवादी हुँ भने पनि पुस्तकलाई २७ खण्डमा विभाजन गरेर २७ नक्षत्रको प्रतिनिधित्व गरिएका कारण ज्योतिषविज्ञानको छाया परेजस्तो छ । संस्कृतका चर्चित उक्तिका उद्धरणले जीवनमूल्यको मार्गचित्रमा नयाँ गति प्रदान गरेका छन् । आफ्नो जन्मका घटना र प्रसङ्गका बीच लेखकलाई धार्मिक आस्था, निष्ठा नभए पनि सप्ताह, पुराण लगाएरभन्दा अगाडिका सन्ततिको अकाल मृत्यु, सँगै आफू हुर्कदैं जाँदा पिताश्री मेरो शैक्षिक भविष्यकाप्रति के–कति चिन्तनशील हुनुहुन्छ भन्ने कुरालाई संकेत गर्दै पिताश्रीको कडा स्वभाव, नैष्ठिक संस्कार, बसाइँ–सराइका सन्दर्भ, माडीको स्कुलमा भर्ना भई १४ वर्षमा एस.एल.सी., १७ वर्षमा विवाह, २० वर्षमा स्नातकसम्मको शिक्षा, विद्यार्थीकालदेखि नै नेपालको कम्युनिष्ट आन्दोलनसँग जोडिएको सन्दर्भ, २०३२ सालको विद्यार्थी आन्दोलन र पुष्पलाल, मोहनविक्रम र झापा विद्रोहको चर्चाका साथ अमृत साइन्स क्याम्पसको पढाइ, राजेन्द्र पाण्डेसँगको सम्पर्क, चिनिया कम्युनिष्टसँग सम्बन्धित पाठ्यसामग्रीबाट आफू प्रशिक्षित बन्दै गएको सन्दर्भ यसमा आएको छ । विद्यार्थी

आन्दोलनको क्रममा प्रहरी हिरासतको यातना, प्रदीप नेपाल, सुवास नेम्वाङ, भीम न्यौपाने, भीम रावलजस्ता व्यक्तित्वसँग साक्षात्कार, भर्खरै विवाह गरेको श्रीमतीको मनोदशाको विश्लेषण गरिएको छ । जीवनमा आफू नै सर्वशक्ति सम्पन्न हुँ भन्ने अहम्बोधसँगै अनेकतामा एकता, विविधताको बीच साझा र समन्वयकारी भूमिका निभाउनुपर्ने सन्देश पनि यसमा आएका छन् ।

झापा विद्रोहको आस्थाका बन्दीहरूसँगको सहवासले आफूमा आएको परिवर्तनशील संस्कारका कुरालाई पनि चर्चाको मसला बनाइएको छ । केन्द्रीय कारागारमा अन्य कैदीमा आएको परिवर्तनको पनि चर्चा छ । कम्युनिष्ट चिन्तनसँग उत्साहित तुल्याउने केही भनाइहरू पनि यसमा छन्, जस्तै : कम्युनिष्ट भनेका बीऊ हुन्, जनता भनेको माटो हो । जहाँ गयो त्यहाँ उम्रिन र फैलन सक्नुपर्छ दुबोझैँ । कम्युनिष्ट नेताहरूमध्ये के.पी. ओलीलाई अकबरी सुन मान्ने र अरूलाई शङ्काले हेर्नुमा कम्युनिष्टभित्रकै कमजोरी हो । आस्थाका बन्दीहरूबीच चर्काचर्की हुँदै जाँदा दुनियामा कम्युनिष्टलाई थुन्ने जेल कुनै प्रतिक्रियावादीले आजसम्म बनाउन सकेका छैनन् भनेका छन् । जेलभित्रै पनि माओका रचनालाई **गीता**जस्तै मानिएको छ । शिकारीले माउ मारेको टुहुरो चरोजस्तो सम्झनु, जेलभित्र पनि भिन्न-भिन्न व्यवहार भएका कारण पञ्चायती अदालतले नपत्याएकालाई छोड्ने र छोड्नेजस्तोलाई थुन्ने गरेका कारण शर्माले प्रतिक्रियावादीलाई नङ्ग्याएका छन् । दरबारमा काम गर्ने कर्मचारीको घर, डेरा र नवविवाहिता श्रीमतीको सम्बन्धबाट जीवनमा रागात्मक आनन्द आएको प्रत्याभूति पनि छ । युनाइटेड मिसन टु नेपालको जागिर खानु, घरको अन्न उत्पादनले काठमाडौंमा पढ्न सहयोग पुऱ्याउनु, राजेन्द्र पाण्डे, अमृत बोहोराजस्ता नेताहरूलाई भूमिगतरूपमा गरेको सहयोगसँगै श्रीमतीको मनशाय विपरीत आफू भूमिगत भएको घटना विवरणसँगै प्रतिभा र गङ्गाको अन्तरसम्बन्धमाथि पनि प्रकाश पारिएको छ । २०३३ सालमा झापाली विद्रोहीलाई नख्खु कारागार ल्याउनु, अत्यन्तै रहस्यमय ढङ्गबाट भित्र र बाहिरका कुराहरूको जानकारी पाउनु र दिनुमा शक्ति सञ्चय मानिएको छ । भूमिगत हुँदा र नहुँदाको पीडाको व्यङ्ग्यबाण कम मर्मस्पर्शी छैनन् । २०३६ सालको आन्दोलन, भुट्टोको फाँसी, विद्यार्थीहरूको विरोधका बीच जनमत सङग्रहको घोषणाका कुरा पनि नआएका होइनन् ।

गङ्गा र आफ्नो जन्म औंसीको दिनमा भएका कारण जटिल शास्त्रीय मान्यताका बीच भएका विवाह प्रकरणका कुराहरू पनि आएका छन् । भूमिगत जीवनशैलीका बीच दिव्यनगरमा गणित विषयको शिक्षक हुनु, विश्लेषकहरूको हुलिया दिँदै एमालेलाई 'उभयलिङ्गी' र 'चलाख स्याल' को उपमाबाट लेखक आफैले आफ्नो अवमूल्यन गरेका हुन् कि भन्ने यथार्थ चित्र एकातिर छ भने 'जनमत सङ्ग्रह धोखा हो' भन्ने गरेकाले तत्कालीन मालेको क्रियाकलापले

प्रतिक्रियावादी मण्डलेहरूलाई बलियो बनाएको छ । मालेको अस्थिर नीति र नेकाको 'हामी मात्रै बहुदलवादी हौं' भन्ने हठको परिणामस्वरूप जनमत संग्रहमा पञ्चायतले जितेको भन्ने लेखकीय अभिमतसँग सहमत हुन कर लाग्छ । त्यो बेलादेखि आजसम्म पनि राजनेताको अपरिपक्व चरित्रलाई लेखकले प्रस्तुत गरेका छन् ।

आफू चितवनमा आएर पूर्वी चितवनमा बसी पार्टी सङ्गठनमा जुट्नु, मकवानपुरको जङ्गलमा यात्राका बीच नख्खु जेलका विद्रोहीलाई खोज्न पुलिसको सक्रियताको वर्णन गर्नु, पार्टी संगठनको निर्माणमा आर्यमूलका व्यक्तिहरूभन्दा जनजातिका मान्छेहरू इमान्दार भएको जिकीर छ । वीरबहादुर लामा प्रतिनिधि पात्र हुन् । उनीसँगको व्यवहार तथा क्रियाकलापलाई मुक्त कण्ठबाट प्रशंसा गरिएको छ । २०३७ सालमा मालेको अवस्था, सी.पी. लाई हटाउने षड्यन्त्र, भ्रष्टाचारी र लोभी पापीको चर्तिकला, राजतन्त्र र गणतन्त्रको बहस, बहुदलको प्रचारका क्रममा हेटौँडामा मालेले गणेशमानलाई कालोमोसो दलेर नगर घुमाएकोमा आत्मालोचना, नेता र कार्यकर्ताबीचको चारित्रिक नग्नतालाई चित्रण गरिएको छ । सी.पी. लाई बलीको बोको बनाएको वा बनेको भन्ने निष्कर्ष पनि छ । आफू मकवानपुरको हेटौँडामा पार्टीको शक्ति सञ्चयनका क्रममा विभिन्न व्यक्तिसँग भए-गरेका सत्कार्य र आफ्नो पारिवारिक जीवनका पहेलीहरू पनि आएका छन् । हेटौँडा कपडा उद्योगको समग्रतालाई पनि पारिवारिक पृष्ठभूमिमा विश्लेषण गरिएको छ । आफ्ना दुई आमाका व्यवहार तथा मातृत्वलाई उच्च मूल्याङ्कन भएको छ ।

श्रीमतीको जागिरसँगै देशको आर्थिक उन्नतिसित लेखकको चिन्तन गाँसिएको छ । सृष्टि छोरीद्वारा नवसन्तानको उत्पत्ति हुने स्थितिका बीच यहाँ भएको नातिको रोग, उपचार प्रक्रिया र अन्त्यमा उसको निधनसम्मका दुःखदायी क्षणमा नेपालका कसाई प्रवृत्तिका चिकित्सकका लापरवाहीपूर्ण चरित्रलाई नङ्ग्याइएको छ । २०४२ सालको समयमा देखिएका मालेको गोते चरित्र, सिराहाको जङ्गलमा भएको भूमिगत अधिवेशन, सी.पी. को चिन्तन नै मदन भण्डारीको बहुदलीय जनवाद भएको निष्कर्ष यसमा छ । गणतन्त्र र बहुदल प्राप्तिको सङ्घर्षका बीच बहुदललाई सन्तानप्राप्तिको भस्याङ ठान्ने चरित्रका बीच मदन भण्डारीलाई 'चतुर चङ्खे स्याल' को घुमाउरो उपाधि दिइएको छ । २०४६ सालको जनआन्दोलनमा हेटौँडाको स्थिति, बहुदलप्राप्तिसँर्ग रूपचन्द्र विष्टको मूल्याङ्कन र व्यवहारको चित्रण पनि गरिएको छ । बाल्यकालीन संस्मरण र कागले ठुँगेको प्रसङ्ग, रक्सौल-वीरगञ्ज यात्रामा जासुसले पिछा गरेको प्रसङ्गको चित्रण पनि छ । बहुदलको आमसभामा रूपचन्द्र बिष्ट चिन्न नसक्नु आफ्नो राजनैतिक कमजोरी भएको स्वीकार पनि छ । बहुदलीय जनवादको सूत्रधार सी.पी. मान्ने र मदन भण्डारीलाई सामान्य ठान्नु लेखकको बौद्धिक दरिद्रता हो, किनकि मदन

भण्डारीलाई सबै सचेत नेपालीले बुझेका छन् । आफू इमान्दार भएर काम गर्दा पाखा लगाइएको र अपमान भएको पीडा र कुण्ठा पनि व्याप्त भएको छ । परिवारमा पार्टी संगठन गर्दा तामाङ दाजुभाइले देखाएको सहयोग र आत्मीयताको राम्रो चित्रण गरिएको छ । २०३७ सालपछि माले, एमाले पश्चात् नेताहरूमा आएको मोज, विलासी प्रवृत्तिको चित्रण पनि यसमा छ ।

वि.सं. २०४८ को निर्वाचन टिकटको बाँडफाँडमा भएका घटनाक्रमको चित्रण छ । नेपाली कम्युनिष्टको सामन्ती संस्कार र वैचारिक दरिद्रतालाई प्रभावशाली मानिएको छ । जीफण्डको निमन्त्रणमा अमेरिका जानु र त्यसका उतार-चढाव, षड्यन्त्रपूर्ण घटनाको चित्रण पनि छ । नेपालका कम्युनिष्टले आफूमात्रै क्रान्तिकारी ठान्ने, अरूलाई गाली गर्ने कुरामा माहिर बन्ने चरित्रको धज्जी उडाइएको छ । आफू अमेरिका गएपछिको बीचमा पार्टीका साथीहरूले आफ्नी श्रीमतीको तेजोबध गरेको चित्रण छ । मान्छे र पशुको चित्रण, आत्मीयता र प्रतिशोधको विवरण दिइएको छ । बाल्यकालीन तरङ्ग र तरेलीहरूको शृङ्खला कायम छ । पारिवारिक सम्बन्ध, आमाले गरेको मातृत्व र पीडादायी पोलेको मकैको खाजाको दुःखद प्रसङ्ग छ । **जनधारणा** पत्रिकाको स्तम्भ लेखन र खुद्रा औषधि व्यवसायको सन्दर्भ, मेहनत र श्रमको सामूहिक प्रयासका बीच उच्च मूल्याङ्कन छ । एमालेबाट अपमानित भई माओवादीमा प्रवेश र सक्रियताको प्रसङ्ग आएको छ ।

मानव चरित्रको निर्माणमा पाँचतत्त्व धारण, स्वभाव र व्यवहार, अहम्, अज्ञानता र निहित स्वार्थको दार्शनिक बुझाइ र मूल्याङ्कन छ । नेपाली कम्युनिष्ट आन्दोलन र चिनिया कम्युनिष्ट आन्दोलनको मूल्याङ्कन पनि गरिएको छ । हेटौडाको विद्यालयमा जागिर खाँदा टिक्न नदिन 'अमेरिकाबाट आउँदा रहस्यमय सुन र डलर बोकेर आएको' आरोप लाग्नु, अमेरिका बसाइको झझल्कोको सङ्क्षिप्त चित्रण गर्नु, एमालेको नौ महिने सरकार तथा आफ्नो रोजगारी स्थितिमाथि प्रकाश पार्नु, वर्तमान एमालेको स्थिति, प्रगति र विलासीवृत्तिको चित्रण गर्नु, स्थापित मान्यता, नैतिकता र आचरण सौहार्दता एमालेभित्र हराएको देख्नु आदि कुरा यसमा आएका छन् । मकवानपुर बसाइँ र २०४३ सालको भूमिगत जीवनका पहेलीहरू पनि आउन सकेको भए अझ राम्रो हुन्थ्यो । हाललाई यो यस्तै भयो भन्नुको विकल्प पनि छैन ।

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# सम्झनामा आमा

✍ **पूर्णप्रसाद अधिकारी**
**भरतपुर, चितवन**

मेरो आमा टोपलीदेवी अधिकारीको जन्म उहाँले मलाई भनेअनुसार वि.सं. १९८९ मंसिर ८ गतेका दिन कास्की जिल्लाको मराम्चे (पाउँदूर) भन्ने स्थानमा भएको रहेछ । पिता नन्दलाल र आमा अयोध्याको कोखबाट चौथो सन्तानको रूपमा यस धराधाममा आउनुभएको थियो रे । आफूभन्दा माथिका तीन दाजु र तलका चार भाइ गरी आफ्नो आमाले आठ सन्तानलाई जन्माएर आफू चालीस वर्षको उमेरमा माता अयोध्याले संसार छोड्नुभयो रे । मेरो आमा-बा मामाका पुर्ख्यौली पर्वत जिल्लाको सिल्मे भन्ने ठाउँमा रहेछन् । त्यो समयमा मधेस खुलेकै थिएन । विकट लेकबाट सुगम लेकमा बसाइँ सर्ने क्रममा हजुरबाबा नन्दलाल मराम्चे आउनु भएछ । व्यवस्थित भूबनोट, लेकै भए पनि पूर्व फर्किएको भूभाग, पहारिलो ठाउँ, खाद्यबाली मकै, कोदो, धानसँगै पशुपालन र चरिचरनका दृष्टिले रमाइलो भएका कारण एक्लै सिल्मेबाट मराम्चे आउनुभयो । त्यसको दुई-चार वर्षपछि अन्य सिल्मेलहरू पनि बसाइँ-सराइमा आएछन् । त्यो समय थियो १९६५-६६ सालतिर । नन्दलालको कर्मशील जीवन देखेर चापाकोट औसेलु चौरकी हजुरआमा खिमा पराजुलीले एक्ली छोरी अयोध्यालाई मराम्चेको नन्दलालसँग विवाह गरिदिइन् र उनी आफै पनि ज्वाइँको संरक्षणमा मराम्चेमा बसोवास गरिन् ।

खिमा हजुरआमा असमयमा नै विधवा भएको कारण कास्की, लप्सीढुङ्गाकी छान्छी पौडेल्नीलाई गुरुआमा बनाएर एक भक्तिमार्गमा समर्पित भइन् । चापकोटको लेकमा बाघसँग जम्काभेट भई आक्रमण गरेर एकातर्फको ओठको भाग खुँडे थियो रे । त्यसकारण खिमा हजुरआमालाई 'खुँडेबूढी' भनेर आवेगमा आएर मामाहरूले गिज्याउँथे रे । सात भाइकी एउटी छोरी, दाजुभाइ कसैको विवाह भएको थिएन । त्यो समय साटो हालेर विवाह गर्ने प्रचलन थियो रे । मेरो आमाको वैवाहिक सन्दर्भमा त्यो कुरा पनि नआएको होइन । एक भाइलाई त साटो हालौँला, सातवटाको विवाह गर्नुछ, अहँ त्यो सम्भव छैन ! भन्ने निष्कर्षका साथ पन्ध्र वर्षको उमेरमा पनि रजस्वला नभएकी मेरी आमाको विवाह २००४ सालको मंसिरमा उन्नाईस वर्षका बलभद्र अधिकारी, कास्की, रोहोटेपानी नारायणदत्तका छोरा र डाँसीकुमारीका कनिष्ट पुत्रसँग विवाह भएको रहेछ । कान्छाबाको विवाहमा म जन्त गएको थिएँ । त्यो समय मेरो उमेर दश वर्ष थियो भन्ने नरहरि अधिकारी (८४ वर्षीय) ठूल्दाइ जीवित हुनुहुन्छ । अब त हाम्रो वंशको ज्येष्ठ-श्रेष्ठ पनि उनै हुन् ।

## टोपलीदेवीको वैवाहिक प्रकरण

तत्कालीन समयमा पनि मामा घरकी हजुरआमा खिमा पराजुली धार्मिक भक्तिमार्गी भएका कारण बुद्धिमती र मानवीय गुणले सम्पन्न हुनुहुन्थ्यो रे । नवयौवनमा एकमात्र सन्तान जन्माएर विधवा जीवन भोग्दै गर्दा विधवा बुहारीलाई लखेटेर त्यो सम्पत्ति आफ्नो बनाउने देवर-जेठाजुको षड्यन्त्रलाई चिर्दै लोग्नेको सतीत्वमा अयोध्या छोरीको अभिभावक बन्नुभयो । पाँच वर्ष नहुँदै

विवाह गर्ने युगमा पन्ध्र वर्षसम्म विवाह नगरिनु आफैमा आश्चर्य थियो । आफ्नी गुरुआमा समक्ष नातिनीको वैवाहिक सन्दर्भ बोकेर कास्की आउनुभएछ र भन्नु भएछ, " म असमयमा नै विधवा भएँ । मेरी नातिनीको विवाह सुयोग्य वर खोजेर युगान्त ऐभात रहने सुपात्रसँग विवाह गर्नुपर्‍यो भनेर व्यथा-कथा बताएपछि २००४ सालको कार्तिक अन्त्यतिर मेरो ठूलोबाबा कृष्णप्रसाद अधिकारीलाई भेटघाट गर्ने मान्यताका साथ कास्कीकै चपाईंको खेत भनिने गुहेटारी भन्ने ठाउँमा पुग्नुभएछ । ठूलोबाबा गोठमा बसेर गाई-भैँसीको स्याहार-सुसार गरिरहनुभएको रहेछ । त्यो समय लेक-बेंसीको प्रचलन थियो । जग्गा-जमिन मलिलो बनाएर प्रशस्त खाद्यन्न उत्पादन गर्ने परम्परा थियो ।

कान्छी पौडेल्नी र खिमा हजुरआमाले उठाएको वैवाहिक सन्दर्भ सकारात्मक रह्‍यो । प्रातः कालीन मिर्मिरे उज्यालोमा भएका कुराकानीले मूर्तरूप लिने क्रममा कान्छी पौडेल्नी आमाको घरमा फर्किएर आउँदा एउटा आकाशवाणी भएको अनुभूति भयो । कुरो फरक पर्दैन ढुक्क भएर गए हुन्छ भनिएको रहेछ । भौतिक जीवनमा तपाईंको विवाह कसरी भएको थियो आमा ? भनेर म आफूले प्रश्न गर्दा माताश्रीबाट भनिएका यी वाक्यहरू मर्मस्पर्शी पनि थिए ।

रामप्रसाद ज्योतिषीबाट जन्मकुण्डली गोडमेल गरी विवाह भएको रहेछ । २००४ सालमा विवाह भएको एक वर्षभित्रै २००५ सालमा ठूलोबाबा कृष्णप्रसादले मेरो बाबालाई भाइअंशे दिई छुट्याइदिनुभयो । अब आमा, माहिली आमा, बाबा र हजुरआमा चारजना मात्र रहे । विवाहको तीन वर्षपछि हरिकलाको जन्म २००७ सालमा भयो भनेका त्यसपछिका एक बहिनी र पाँच दाजुभाइको उमेर अन्तराल तीन-तीन वर्षको छ तर पूर्णप्रसाद र शालिकरामको भने जन्मक्रममा पाँच वर्षको अन्तराल छ । ठूलो दाजु शालिग्रामको जन्मपछि पाँच वर्षसम्म अर्को सन्तान नभएका कारण धार्मिक संस्कार, शारीरिक उपचारपश्चात् २०१५ साल भाद्र २ गते म जन्मेको रहेछु । हाल हामी दुई दिदी बहिनी र पाँच दाजुभाइ यस धराधाममा छौँ भने भाइ-बहिनी एक-एक बालमृत्युको शिकार भए ।

मेरो जीवनमा आमा भनेर जानेको समयदेखिका मुख्य घटनाक्रमहरू छन् । २०१५ भाद्र २ गते सोमबार हस्ता नक्षत्र, कन्या राशिमा मेरो जन्म भएको

रहेछ । २०१४ सालमा आएको महामारी असिनाले धान ढुटोमूठो भएछ । २०१५ साल एक प्रकारको भोकमरीको साल थियो । त्यसवर्ष मङ्गलवार हरेलो परेको रहेछ । मेरो जन्मले हरेलो रोकिएछ । दिनभरि धान खेत गोडमेल गरी भारी जिउकी आमालाई साँझको खाना खाएपछि प्रसूति बिमार लागेछ । शुक्ल पक्षको चौथो तिथि भए पनि चौथीको चन्द्रमा देखेँ भन्ने उखानले आश्चर्यको प्रतिनिधित्व गर्दछ । अन्धकारको अवस्था रात्रिको १० बजेको आसपास पानी परिरहेको स्थिति थियो रे । आमालाई प्रसूति व्यथाले च्याप्दै जाँदा छिमेकी खोलापारि ठूलीआमालाई बोलाउन जानुभएछ । हजुरआमासँगै मेरी आमा पनि अझ आत्तिएर पछिपछि लाग्नुभएछ । ठाडोगरे भन्ने ठाउँमा मेरो धरती प्रवेश भएछ । साथमा रहेकी माहिली आमाले सफा कपडा लिएर मलाई सफाइ गर्नुभएछ । हतार-हतार गरेर घरमा आउँदा मेरो सालनालको व्यवस्थापन भएनछ । "रातैमा स्याल वा अन्य कुनै जीवले साल बेपत्ता पारेको कारण तिमी भौँज्याहा भएका छौ" भनेर बेला-मौकामा आमाले भन्नुहुन्थ्यो ।

वि.सं. २०१८ सालदेखि यताका झिना-मसिना घटनाहरूको संस्मरण र आमाको संरक्षकत्वपूर्ण व्यवहारको मीठो स्मरण छ । हाम्रो चार पुस्ता हुर्किएको बास खरको छाना, ढुङ्गा छापेको आँगन र ढुङ्गाले छाएको पाली भएको घुमाउने घर थियो त्यो बूढो घर । माटोको मुड्किलो भए पनि धनलक्ष्मीको भण्डार थियो, जसमा धेरै शुभाशुभ कर्महरू भए । तीन छोरा जन्मेको अवस्थामा पिताजीलाई नयाँघर बनाउने सुर चलेछ । भोटो लगाएको चार वर्षे ठिटो "होवाइ होवाइ" भनेर म दौडन्थेँ रे । नयाँघर बनाउँदा २०१८ साल मंसिरबाट आरम्भ गरी २०१९ जेठ १० गते घरको छानो छाएको हो भन्नुहुन्थ्यो । यसबीच लगाएका कर्मीहरू लगभग दसजना हुन्थे । तिनलाई खाना खुवाएर काममा लगाउने प्रचलन थियो । घाँस-दाउरा, पशुपालन, बालबच्चाको लालन-पालन, ढिकी-जाँतो, पानीपँधेरो सबै काम गर्ने उत्तरदायित्व आमाको थियो । काठ काट्ने, ढुङ्गा झिक्नेलगायतका घर निर्माणका सम्पूर्ण काममा खट्ने सिकर्मी-डकर्मीहरूलाई खानपिनको व्यवस्थापन आमा एक्लैले गर्नुहुन्थ्यो रे ।

सात महिनाको बीचमा पाँच मुरी कोदो र बाह्र मुरी धान ढिकी-जाँतोमा एक्लै कुटानी पिसानी गर्नुभएको रहेछ । दुःखको भण्डारकी प्रतिमूर्ति हुनुहुन्थ्यो आमा । त्यो ढुङ्गेघर बनाउँदाका दुःख र वेदना आफैँमा वर्णनातीत थिए । २०१९ सालमा साहिँला भाइ जन्मिए । २०२२ सालमा कान्छी, २०२४ सालमा ठूलो कान्छो र २०३० सालमा कान्छो यस धराधाममा आए । २०२५-०३० का बीचमा पनि दुई भाइ-बहिनीले यस संसारमा आउने जाने काम गरे । २०२१ सालमा हजुरआमा दिवङ्गत हुँदा आमा एक्लैले प्राणान्तपश्चात् तुलसीको मोठमा ल्याउनु भएको थियो रे ।

## सासूको बुहार्तनको पूर्वस्मृति

मेरो आमा विवाह गरेर घरमा आउँदा मुस्किलले चार मुरीमात्र धान भित्रिन्थे रे । आमाकै जीवनमा र म आफूले भोगेको र देखेको समेत गरी त्यस बूढोघरमा २०२५ सालतिर १०० मुरी धान कमाइएको थियो । ९० मुरी आँटीमा र १० मुरी खोपीमा राखिएको थियो । हजुरआमाको एक मात्र घटनाको मीठो सम्झनाबाहेक मेरो मानसिकतामा सामग्री छैन तर हजुरआमा डाँसीले मेरो आमालाई दिएको दुःख, कष्ट र मानसिक पीडा कहालीलाग्दो रहेछ । कुनै समयमा आमाले मलाई सुनाउनुभएको थियो । ४५ वर्षीय हजुरबाबासँग विवाह हुँदा १५ जना भरिया लगाई भारी बोकेर झादीबाट कास्तीकोटमुनि रोहोटेपानीमा दाइजो ल्याएकी रहिछन् । सम्पत्तिको धाक देखाएर दाइजो थोरै ल्याएकी बुहारीलाई बुहार्तन कटाउने मानसिक यातना दिने हजुरआमाको दैनिकी नै थियो । माहिली आमा जो बालविधवा थिइन् उनलाई 'राँडी' शब्दबाहेक कुनै उच्चारण नगर्ने उनको चरित्र थियो रे । त्यस्तो दाइजो ल्याएकी हजुरआमाको गिद्धेदृष्टि बुहारीमाथि पर्नु तत्कालीन समयको सासूमण्डलीको चर्तिकला थियो । आमाले घर-गृहस्थी, वन-जङ्गल, मेलापातमा नै आफ्ना जीवनका ऊर्जाशील वर्ष बिताउनुभएको थियो । हामीहरू कुनै पनि जन्मिएका थिएनौँ रे । घटना २००६ सालतिरको रहेछ । सधैँ काममा मात्र खटिएर सासू र श्रीमान्‌को सेवासँगै सम्पूर्ण भैपरी आउने काम आमा एक्लै गर्नुहुन्थ्यो रे । हजुरआमाले बुहारीकै निन्दा गरेको भरमा पिताजीले विश्वास गरी कुनै दिन आमाको माइतीले दिएको काठेमधुस (बाक्सा वा आजको सन्दर्भमा व्यवस्थित आल्मारी) भित्र केके छन् ? भनेर हजुरआमा र बाबाले साँचो फोडेर हेर्नु भएछ । हरे शिव ! के हुन्थ्यो ! माइतीले दिएका चिउरा, सिरौँला, घरेलु मह र घिउ रहेछन् । आमा काममा गएको बेला सासू र श्रीमान्‌ले मधुस फोरेर फालिएको अवस्थामा देखेपछि कसको मन रूँदैन ! नारीलाई माइतीको कुकुर त प्रिय लाग्छ भने ती सामग्रीहरूमा त आफ्नी आमाको मातृत्व प्रतिबिम्बित थियो । निरन्तर धर्ती र पैताला जोडेर । मरिहत्ते गरी काम गर्दाको मूल्य यही हो त ! भनेर मेरी आमाले आत्महत्याको बाटो रोजेर हिँड्नुभएछ ।

मृत्यु त्यति सहज थिएन । मृत्युवरण गर्ने अभिमतका साथ सेतीगङ्गामा गई हेलिएर मर्छु भन्ने अठोटका साथ आमा कास्कीको डाँडापारिको वनको बाटोमा साँझको समयमा भक्कानिँदै रूँदै जानुभएको रहेछ । जौबारी भन्ने ठाउँमा पुग्दा खोलापारिकी ठूलीआमा जौबारीबाट घरमा आउँदै गर्नुभएको रहेछ । उहाँले मेरी आमालाई सोध्नुभएछ, "कान्छी, यतिबेला यस अवस्थामा किन हिँड्यौ ? किन रोइरहेकी छ्यौ ?" आमाले आफ्नी सासूले सताएका बुहार्तनका समग्र वेदना बताउँदै जाँदा मेरी आमा र ठूलीआमा एक आपसमा अङ्कमाल गरी भावविह्वल बन्नुभएछ । ठूलीआमाको वास्तविक नाम मनकली सुवेदी थियो । खोलापारिकी ठूलीआमाले आफू अनपढ भए पनि जीवन-मूल्यको महत्त्वबारे धेरै कुरा

सम्झाउनुभएछ । उनी आफू नौ भाइकी जेठी बुहारी थिइन् र जीवनको महाभारत बुझेकी थिइन् । जब वेदनाको साटासाट पनि भयो । त्यसपछि भविष्यमा आउने परिघटनाबारे गम्भीरतापूर्वक विचार-विमर्श गरेर खोलापारी ठूलीआमा र मेरो आमा घरमा आउनु भएछ ।

मेरो बाबालाई ठूलीआमाले सम्झाउनुभएछ । "कान्छीले संसार ढाकेकी छन् । के गर्नु भएको हो कान्छा नानी ? कान्छीलाई म आफूले सम्झाएर ल्याएकी छु । यस्तो घटना अर्कोपटक सुन्न र देख्न नपरोस् ।" त्यसपछिका दिनहरूमा पिताजीले आमाप्रति गरिने व्यवहारमा परिवर्तन भएछ । बाँकी भोक्ता जीवनमा पिताजीले आमाका प्रति अभद्र व्यवहार गर्नुभएन रे ।

ती खोलापारिकी ठूलीआमाको स्नेहभाव म आफूले पनि प्राप्त गरेको थिएँ । हरिद्वारबाट आउँदा मैले ती आमालाई दिएका सगुनहरू मायालु मनका साथ स्वीकार गर्थिन् । मेरो विवाहपछिको प्रथम दुरान फर्काउने घर पनि त्यही थियो । म हरिद्वार रहेकै समय २०३६ सालमा ठूलाबाबाभन्दा अगाडि नै उनले संसार छोडिछन् । मेरी आमालाई नयाँ जीवन दिने मनकली ठूलीआमाप्रति हार्दिक श्रद्धाञ्जलिका शब्दपुष्प स्मरण गरेँ ।

नयाँ जीवन पाएको ७५ वर्षपछि मेरो आमाले संसार छोड्नुभयो । खोलापारिका ठूलोबाबा नौ भाइका जेठा छोरा थिए । कास्कीबाट तीन घण्टाको दूरीमा पर्ने पोखरा नआईकन उनले धर्ती छोडे । अत्यन्तै सोझो र इमान्दार ठूलोबाबा खडानन्द घर छाउने मामिलामा सिपालु थिए । उनको ज्येष्ठ सुपुत्र खिमलाल खिनेदाजु मेरो पिताजीका आत्मीय सुख-दुःखका सहयोगी थिए । लामो समयसम्म बोली बन्द भई ७५ वर्षकै उमेरमा गए । यसरी खिनेदाइ, ठूलीआमा र ठूलोबा असल छिमेकी सँगै सहयोगी भावनाका प्रतिमूर्ति पनि थिए ।

वि.सं. २०२१ सालमा हजुरआमाको मृत्यु भयो । त्यसको पन्ध्र दिनपछि हजुरआमाको जीवनी (जिउनी) भागबण्डा गरी आधाजसो ठूलोबाबा कृष्णप्रसादले लानुभयो । २०२२ सालको साउनमा कान्छी बहिनी यशोदाको धर्ती प्रवेश भयो । दिनभर काम सकेर घरमा आउँदा " आमाले के जन्माई ?" भनेर सोध्नु भएछ । "बहिनी" भनेर म आफूले चञ्चले शैलीमा व्यक्त गरेँ । "ठूलो कष्टका साथ एउटा भारी बिसाएको थिएँ, पुनः अर्को भारी थपियो" भनेर लामो सास फेरेर सुइऽय गर्नुभयो रे । हाम्रो समाजमा छोराभन्दा छोरीको भविष्यका प्रति चिन्ता हुन्छ ।

वि.सं. २०२३ मा शतरुद्री र एघारवटा गाइदानका साथ मेरो व्रतबन्ध भव्य रूपमा भएको थियो । कविवर मुकुन्दशरण उपाध्यायबाट म आफूले दीक्षामन्त्र लिएको थिएँ । २०७३ सालमा पिताजीको नाममा स्थापित साहित्यिक पुरस्कारबाट मैले गुरुलाई पनि पुरस्कृत गरेँ । २०२५ सालमा अधिकारीडाँडा विश्वामित्रकी भाञ्जी

हर्कमणि पौडेलकी कान्छी छोरी नन्दकलीसँग १६ वर्षका मेरा दाजु शालिग्रामसँग विवाह सम्बन्ध भयो । आमाको भनाइअनुसार पिताजीले आफूलाई आदर गर्नेलाई कुनै पनि दिनमा पिताले अनादर गर्नु भएन । त्योभन्दा राम्रो ठाउँबाट मेरो दाजुलाई वैवाहिक प्रस्ताव आउँदा हालका ज्येष्ठ-श्रेष्ठ अभिभावक दादाबाट सकारात्मक प्रतिक्रिया गएछ । त्यसकारण पोखराबाट गएको वैवाहिक प्रस्ताव उपेक्षित बन्न पुगेको कुरा दुःख परेको बेला आमाले मलाई सुनाउनुहुन्थ्यो । "मान्छेको पहिचान समय-समयमा हुन्छ बाबु ! मान्छे चिन्न सक्नुपर्दछ" भन्दै गरेका आमाका आप्तवाक्यहरूको आज स्मरण गरिरहेको छु ।

समय जति पछि भयो आमाबाबाका प्रतिको स्मरण अझ तीव्र हुँदोरहेछ । २०२७ सालदेखि आमा एकाएक विस्तारामा पर्नुभयो । साढेसाती, शनिश्चर दशाग्रहसँगै बाथको रोगबाट थलिनुभयो । यो क्रम लगभग तीन वर्षसम्म रह्यो । यसबीचमा मिसन अस्पताल पोखरा, बगर तथा गण्डकी अस्पताल सल्लरबोटमा पुर्‍याउँदै घर ल्याउँदै गरियो । मिति नपुगेसम्म उपचार असम्भव हुने रहेछ । पिताजी एक्लो, हामीहरू साना, ठूलो दाजु बर्दिया पुगेर उतै रमाएका थिए । यसैबीच 'फेरो' नामको जमिनमा सामन्ती तारापति (तारे) ले डकैती गरेपछि सर्वस्व सकेर पनि उक्त जमिन खरिद गर्नुपर्ने नियति रह्यो । आमाको दीर्घरोग यथास्थानमा थियो । मेरो अवस्था अझ जटिल भयो । पढाइप्रतिको तीव्र आकाङ्क्षा भए पनि व्यवस्थित गुरुकुलीय शिक्षा थिएन । आमा पनि मेरो पढाइका सम्बन्धमा निकै चासो राख्नुहुन्थ्यो । म हरिद्वार जाँदा सात वर्षको खेमराज, एक वर्षका विष्णु र बाह्र वर्षका भोलानाथसँगै आठ वर्षकी बहिनी थिइन् ।

म हरिद्वार प्रस्थान गर्ने समयमा "बाबु ! तिमी जाने भयौ । मेरो औषधि कसले किनेर ल्याइदिन्छ" भनेर आत्तिनुभयो । "बाबाले ल्याउनु हुन्छ" भनेर म बिदा लिएँ, २०२९ सालतिर । देवघाटमा छ महिनाजस्तो आफ्नै खर्च खाएर पढेँ । त्यो समयमा पनि व्यवस्थित गुरुकुलको परीक्षा प्रणाली थिएन । आमा केउरानी, नवलपुर आउनुभएको थियो । काहिँला मामाले मलाई मायालु स्वरमा "पढ्न आउनुभएको भान्जा यसरी भौँतारिनु भएन" भन्नुभयो । म केटाकेटी थिएँ । सायद खबर नै नगरी देवघाट लागेँ । मलाई सम्झेर आमा रुनुभएछ । साँझको समय थियो । मामाको भनाइपछि म एकाएक देवघाटतिर लागेको थिएँ । त्यो समय मोटरेवल बाटो थिएन । सात-आठ घण्टा हिँडेर देवघाटबाट मामाघर केउरानी पुग्थेँ । त्यसपछिका दिनमा २०३१ सालको दशैँदेखि २०३४ जेठसम्म हरिद्वारमा रमाउन पुगेँ । यस वर्षको जेठमा घरपुग्दा आमालाई ढोग गरेपछि म एकाएक भावविह्वल भएछु । आमाले आँसु पुछेर सम्झाउनुभयो । २०३४ सालको मंसिरमा बर्दियामा रहेका शालिग्राम दाइलाई भेट्न भनी हरिद्वारबाट डेउढाकला गाउँ पञ्चायतको चपला, बेलौली भन्ने गाउँमा पुगेँ । नेपालगञ्जबाट खजुरा हुँदै त्यहाँ पुग्न मलाई एकदिन पूरै पैदल हिँड्नुपर्‍यो । नेपालै-नेपाल बाटो नभएका कारण

नौतनवाबाट आनन्दनगर गौंडा भई बहराइच हुँदै रूपैडिहा, नेपालगञ्ज आउनुपर्थ्यो ।

पन्ध्र दिनको बसाइँपछि फागुनमा मेरो विवाह बर्दियामा गर्ने आमा, दाजु र मेराबीच सहमति भएपछि पुनः म हरिद्वार प्रस्थान गरेँ भने आमा त्यसको केही दिनपछि कास्की जानुभयो । पूर्व सहमतिअनुसार नै म हरिद्वारबाट २०३४ सालको फागुन १० गते चपला बेलौली, बर्दिया पुगेँ । शालिग्राम दाजुको आड आधार कोही थिएन । सल्लाह दिने र सहयोग गर्ने भनेका मोहन पौडेल भानिज दाइ कास्की जानुभएको रहेछ । शालिग्राम दाइले कसैको सहयोग पाउनु भएन । लुम्ले देवकोटा जेठाकी माहिली छोरी मलाई विवाह गरिदिने भनी उनका पिताश्री केटो (मलाई) हेर्न आएका रहेछन् । म दुब्लो र ख्याउटे थिएँ । उनले मलाई "केटो रोगी छ, त्यहाँ छोरी दिनु ठीक छैन" भनेपछि लुम्लेल जेठा मलाई हेर्न आएनन् । पिताकै कुरोमा विश्वास गरे दाजु शालिग्राम । असाहयजस्तो, म केटाकेटी विवाहको कार्यक्रम असफल भएपछि भावुक मुद्रामा म फर्किन पुगेँ । नेपालगञ्जरोड-हरिद्वार रेलवेको फिर्ती टिकट थियो । रूपैडिहा पुगेपछि मनमा दुविधा भयो हरिद्वारा जाऊँ कि कास्की जाऊँ । यही द्वैध मनस्थितिबीच म कास्की पुगेँ । यदि त्यही बाटो हरिद्वार जान्थेँ भने मेरो घरवार सीता पौडेल बाटुली पाउँदूरेसँग हुने थिएन । 'लिखितमपि ललाटे प्रोज्झिभतुंक समर्थः' त्यसै भनिएको रहेनछ । २०३४ साल फागुन २० गते कास्की पुगेर मातापितालाई घटना विवरण सुनाएपछि पिताजी अत्तालिनुभयो । शालिग्राम दाजुको विवाह दस वर्षअगाडि भएको र आमा रोगी र काममा असक्त बन्दै गएका कारण पुत्रडण्डा तिर्ने अवस्थाका बीच पनि पालो मेरो थियो । म कास्की पुगेर विवरण सुनाएपछि पिताजीलाई १०४ को ज्वरो आयो । बाघ कराउनु र बाख्रो हराउनुजस्तो थियो ।

विवाह गर्ने समय र परिवेश जुटेको, म पुगेको अवस्थाका बीच मेरो वैवाहिक चर्चा भयो । म आफूले कन्या नदेखेको अवस्थामा ससुरा हीरामणि र जेठान शालिग्रामले रामप्रसाद ज्योतिषीको घरमा पुगेर पिताजीसमक्ष वाग्दत्त बोल्नुभएछ । यसबीचमा बाटुली सीता पौडेललाई कास्कीमा दिनु हुन्छ र हुन्न भन्ने बारेमा विवाद बढ्दै जाँदा विवाह भड्किने स्थिति आयो । " कान्छा पुरोहितका छोरा विवाह गर्न भनी आएको बराउनी भाँच्चिएर जुँवा झोकिएका छन्" भन्ने भालु पाइलेका कठोर वचन पनि मेरो आमाले सुन्नुभएछ । विवाह हुने र नहुने द्वन्द्वको भुमरीमा म परेँ । यसैबीचमा सम्पूर्ण इष्टमित्रको शक्ति प्रयोगका साथ तुलाराम मामाकी आमा र उमानाथ सुवेदीले सीतालाई सम्झाएर पाउँदूरदेखि कास्की, सिमलचौरमा ल्याएछन् । २०३४ फागुन २६ गते राति २७ गते अन्तिम लगन थियो । निकै ठूलो रस्साकस्सीका बीच विवाहको टुङ्गो लाग्यो । हाम्रा जेठाबाका सन्तानहरू सल्यानको एकाहामा गएका रहेछन् । पिताजी एक्लो ! भरे विवाह गर्नुछ ! खोलापारिका खिमलाल गैह्राघरे कान्छा दाजु म र पिताजी चार जना

भई पोखरा प्रस्थान गर्‍यौं ! कास्कीबाट पोखरा आउन पैदल तीन घण्टाको समय लाग्थ्यो । वैवाहिक सामग्री खरिद गरी कास्की पुग्दा रातको ९:०० बज्यो । आमा परसरेको चार दिन भएको रहेछ । रात्रिको समय भए पनि दीप, कलश, गणेशपूजन गरी सिम्पाली नरपति ससुरा, दीपक भिनाजु, मेरा मामाहरू, जेठाबाका सन्तानहरू हामी सबै गर्दा १५, २० जनाको साथ राँको बालेर सिमलचौर मामाको घर (विवाहपछिका साढुदाइ) बाट वैवाहिक कार्य सम्पन्न भयो । एकतर्फी भए पनि भोलिपल्ट सिमलचौरदेखि कास्की, रोहोटेपानीसम्म नौमती बाजा बजाइए । विवाहको जीवनीपरक मूल्यभन्दा पनि पिताजीको पारिवारिक उत्तरदायित्व र शत्रुका शेखी झार्ने तौर-तरिकाको भए पनि वर्तमानमा सीता पौडेल (बाटुली) सँगको सहयात्रा आजको मितिमा ४४ वर्ष कटेको छ । सुन्दर, सुखद दाम्पत्यमय जीवन रहेको छ ।

जीवनको अन्त्यकालमा माताश्रीको सात वर्षसम्म सबै कुरा बिस्तारामा भए । चार वर्ष पूर्णरूपमा मेरी श्रीमतीले आमाको सेवा गरिन् । म त मात्र काठको बार मात्र बनैं । पूरै परिवारको असहमतिका बीच पिताजीले ढाँढ भन्ने जमिन किन्नुभयो । आमाले असहमति राख्नु भएन । २०३७ सालमा बहिनी र भाइको विवाहको अन्तराल दुई महिना रह्‍यो । २०३८ सालको भाद्रमा मातापिता बद्रीनारायण तीर्थमा जानुभयो । २०३९ सालमा गोदावरी तीर्थका पनि अविस्मरणीय घटनाहरू छन् । २०४१ सालमा हामीले घरबारी बिक्री गर्‍यौं । प्रारम्भमा जसलाई बिक्री गर्ने आँटिएको थियो ऊसँग असहमत भएपछि अन्य पात्रलाई जमिन बिक्री गरियो । २०४२ साल वैशाखमा भगवती भाइ-बुहारीको असामयिक मृत्युपश्चात् दश महिने दामोदरको भविष्य संरक्षणको उत्तरदायित्व मेरो आमाको हातमा आयो । आमाले हामीहरूलाई भन्दा बढी मातृत्व दामोदरलाई दिनु आवश्यक थियो र दिनु पनि भयो ।

वि.सं. २०४३ मा पीडा र पश्चात्तापका बीच नयाँ घर बनाउन पुग्यौं तर पाँच वर्षसम्म पनि उक्त घरको स्थायित्व रहेन । २०४४ सालमा आमाबाबा, दामोदर नाति र विष्णु भाइ खेमराजसमेत बर्दियामा गएर बस्नुभयो । २०४७ सालमा भाइहरूका बीच अंशबण्डा भयो । आमाबाबाले बेचेर ल्याएको सम्पत्ति मलाई नै बुझाउनु भयो । म आफूले घडेरीमा लगानी नगरी धान खेतमा लगानी गरैं । मेरो आमाले मलाई कहिले पनि विभेद गर्नु भएन । हाल बसेको भरतपुरको घडेरी खरिद गर्दा पहाडको गैरी खेत बेचेर रू. तीस हजार मलाई २०४४ सालमा दिनुभएको थियो । जो आजको मूल्यमा तीन करोड बराबरको हो । मेरो घर-घडेरीको पूर्वाधार पनि आमा नै हुनुहुन्थ्यो । अनेकौं खण्ड खातिरका बीच वैवाहिक प्रकरण भएका हृदयदेखि नै मेरो श्रीमतीका प्रति भावनात्मक उदारता थिएन तथापि उनले अन्तिम चार वर्षसम्म अटुट सेवा गरी आदर्श बुहारीको भूमिका निर्वाह गरिन् । बर्दियामा स्थायित्वका साथ बस्न मातापिताको पटक्कै मन

थिएन । २०५१ सालमा भैँडाबारीको गणेश पाञ्चायन मन्दिरमा आमाबाबा द्वयले धान्यपर्व गर्नुभयो । हामी सन्ततिहरूले पनि यथासक्दो सहयोग गर्‍यौँ । भैँडाबारीमा यजमान र नारायणी नदी स्नानको तीर्थाटन गर्ने मानसिकताबीच म आफूले आमाबाबालाई भनी २०४८ सालमा नै घर घडेरी जोडेको थिएँ । त्यसै वर्ष मराम्चे जेठा मामाको परिवार आई बसेको कारण आमाबाबा पहाडको चिलाउनेबोट भन्ने ठाउँमा भाइ भोलानाथको पुत्रवत् अभिभावकमा रमाउनुभयो । त्यो स्थानमा आमाले चार वर्ष बिताउनुभयो । २०५४ पुसमा मामाको परिवार आफ्नो घर-जग्गामा गएपछि आमाबाबा पुनः भैँडाबारी, नवलपुरमा बस्नुभयो । त्यो बसाइँ २०५९ सम्म रह्यो । त्यही घरमा पिताजीले 'गायत्री पुरश्चरण', भाइ विष्णुले 'गणेश पुराण' र आमाले 'स्वस्थानीको व्रत' गर्नुभयो ।

वि.सं. २०५९ मा भैँडाबारीको जग्गा म आफूले बिक्री गरेपछि आमाबाबालाई भरतपुरको घर ल्याएँ । यहाँ आएको चार महिनापछि बाबाको स्वर्गबास भयो भने त्यसपछिका सात वर्षसम्म आमाले घरको तेस्रो तलामा एक्लै पकाएर खाने गर्नुभयो । भैँडाबारीको जिउनी खेत बेचेर घरसँग जोडिएको घडेरी लिन पुगियो तर मेरो अल्पज्ञानका कारण अर्को मान्छेलाई बिक्री गरियो । त्यो आफैले भोगचलन गर्नुपर्थ्यो गरिएन । अब त पश्चात्ताप मात्र छ । २०६१ मा बाबाको प्रथम वार्षिक पुण्यतिथि सम्पन्न भएपछि आमाको घुमक्कड स्वभावका कारण कास्की, बर्दिया र भरतपुरमा घुम्दै रहनुभयो । आमाकै इच्छानुसार २०६६ मा 'नौदिने पितृपुराण' गरियो ।

माहिली आमा र मेरा आमा दुबैलाई तुलादान गरियो । यसरी आमाका इच्छाहरू पुर्‍याउँदै गएँ । २०६६ सालको अन्त्यतिर भाइ भोलाले आमाका पाँच लाख र आमालाई लिई पोखरा पुगे । २०६७ देखि २०७४ भदौसम्म भाइ भोलाको संरक्षकत्वमा पोखराको विन्ध्यवासिनी र कास्कीको पिपलेको घरमा आमा रहनुभयो । २०७० सालमा आमाको 'सहस्रचन्द्र दर्शन' भयो । हामी सबै दाजुभाइ जुट्यौँ र पत्रम् पुष्पम् सहयोग पनि गर्‍यौँ । सशक्त अवस्था रहेसम्म आमाको मनस्थितिमा एकाग्रता आएन, आफै पकाएर खाने गर्नुभयो । पछिल्लो समयमा मधुमेह र उच्च रक्तचापका कारण पटक-पटक रगत उल्टी हुन्थ्यो । २०७४ भाद्रमा भरतपुर ल्याउँदा ९० प्रतिशत चेतना गुमाइसक्नुभएको थियो । घरीघरी सुरका कुरा गरे पनि दिसा-पिसाब सबै बिस्तारामा नै हुन्थे । कुर्सीवाला शौचालय र डाइपरको व्यवस्थापन समय-समयमा खानपिनको रेखदेख भएका कारण भरतपुर आएपछि सबै कार्य नियमित भयो । पोखरामा छँदा भाइ भोलाले मरिहत्ते गरे पनि चेतना हुँदाको अवस्थामा आमाको सन्तोष थिएन । चितवनमा भोगिएका चार वर्षहरू लगभग अर्धमृत थिए । आमाबाबाको सेवा, धर्म र पुण्यभन्दा छोरा-बुहारीको कर्तव्य हो भन्ने कुरोमा म दृढ छु । २०६६ मा मेरो प्रथम पुस्तक विमोचन हुँदा तुलसी भट्टसराई प्रमुख अतिथि हुँदा मञ्चासीन रूपमा आमालाई

राखेर भव्य साहित्यिक कार्यक्रम भयो जसमा मेरो तेस्रो पुस्तक यात्रा संस्मरण **अविस्मृत अभिव्यञ्जना** विमोचन भएको थियो । आमाले त्यो समयको मूल्य र महत्त्वमाथि भावुक टिप्पणी गर्दै, "जीवनमा दुःख मात्र भोगियो, छोराको योग्यता र दक्षता देखेर आज हर्ष र खुशीका आँसु प्रवाहित भएका छन्" भन्नुभएको थियो । म २०६७ सालमा स्याङ्जाबाट पुरस्कृत भई पोखरा भाइको घरमा पुगेँ र त्यो रात त्यहीं विश्राम गरी आमालाई दक्षिणास्वरूप केही रूपैँया दिई ढोग गरें । आमाले "चिरञ्जीवी" भन्नुभयो । आमाको आशीर्वादले 'फूले नसमाए' को अवस्थामा रमाएँ । संयोग नै भनौँ २०७२ सालको भूकम्पको बेला आमा र माहिली आमा भरतपुरमा नै थिए । नयाँ मोटरसाइकलको चेक दिनको लागि शोरूम गएको थिएँ । आमालाई बिमारले च्यापेर बेहोस अवस्थामा नै रक्त बान्ता भएछ । श्रीमतीले फोन गरेपछि तत्कालै आएर काखमा राखेर 'विष्णुसहस्रनाम' को पाठ गरेँ । पाठ समाप्त हुँदैगर्दा आमाले आँखा खोलेर 'हरि, हरि !' भन्नुभयो । त्यो समयमा पनि चालीस प्रतिशत चेतना थिएन ।

एक-डेढ महिनापछि पुनः कास्की जानुभयो । भरतपुरबाट समय समयमा फोन गरेर आमासँग बोल्ने गर्थें । कास्कीमा भाइ भोलानाथले मन, वचन र कर्मले सक्दोरूपमा आमाको सत्कार गरेका थिए । माहिली आमाको अवसानपछि आमालाई भरतपुर ल्याउन खोजे पनि भाइ भोलाले ल्याउन दिएका थिएनन् । कुनै दिन सपनामा पिताजीले भन्नुभयो, "पूर्णहरि आमालाई तिमी भएको ठाउँमा ल्याऊ" भनेर स्वप्निल आकाशवाणीपश्चात् निकै रस्साकस्सीका बीच कास्कीबाट चितवन ल्याउनका निमित्त स्कारपियो गाडी लिएर भतिज सुभाष र श्रीमती सीता अधिकारीले भाद्र २१, २०७४ का दिन मेरो छाप्रोमा प्रवेश गराए । दुब्लो, ख्याउटे, कालो वर्णको शारीरिक अवस्थाका बीच खानपिन र सेवाको मामिलामा श्रीमती सीता अधिकारी पूर्णरूपमा समर्पित रहिन् । कास्कीबाट भरतपुर आउँदा आमाको चेतना पन्ध्र प्रतिशत मात्र थियो । घरीघरी होसका कुरा गर्ने नभए राति गीत गाउने र एक्लै बर्बराउने गर्नुहुन्थ्यो । हामीले माइती-मावली बाबाको नाम, सन्तानहरूबारे प्रश्न गर्दा कतिपय अवस्थामा सही कुरा आउँथे । भाइ भोलाको धेरै संस्मरण गर्नुहुन्थ्यो । २०७५ सालमा नातिको विवाहमा राम्रो आशीर्वाद दिनुभयो । एक्लै गुन्गुनाउँदा गीतका पूर्वस्मृतिजन्य निम्नानुसारका पंक्ति आउँथे :

**"सल्याने साहूको घर पहिरोले लग्यो बरिलै ।**
**घर कहाँ हो भनौला दाइले ।**
**घरको ठेगान लाउँदै छ भाभीले ।"**

लगायतका गीतिमय पंक्ति आउँथे । भरतपुर आएपछिको दुई वर्षसम्म रेलिङको बीट समातेर दायाँबायाँ बिस्तारै हिंड्नु पनि भयो तर तेस्रो वर्ष लाग्दा-लाग्दै पूर्णरूपमा असक्त बन्नुभयो । प्रारम्भमा रोटी, तरकारी र जाउलो सेवन गर्नुहुन्थ्यो

भने पछिल्ला दिनहरूमा जाउलो र दूध मात्रमा निर्भर रह्यो । केरा घटीमा दिनको दुई कोसा दिने गर्ने । लगभग एक वर्षदेखि घरको तेस्रो तलाबाट पुछारको तलामा नयाँ बनेको घर स्थानान्तरण गरेँ । रातभर श्रीमतीले पहरेदारी गर्थिन् । बिहानै भोक लागेको हुन्थ्यो । डेढ वर्षदेखि वाक्य पूर्णरूपमा बन्द थियो तर भरतपुर आएदेखि स्नान गराई कपडा फेरिदिँदा वा उठाएर दिसा-पिसाबले भिजेका कपडा बदलिदिने, डाइपर बदलिदिने बेला ज्यान दुःखेर होला चेतनाविहीन आशीर्वाद वर्षिन्थे । त्यो क्रम प्राणान्तको दुई महिना अगाडिसम्म थियो । अन्तिम दुई महिना निष्प्राण बन्नुभयो र जाउलो पनि मिक्स्चरमा पिसेर तरल बनाइ चम्चाले ख्वाउने गरियो । अन्तिम दुई दिन पानी मात्र लिनुभयो । श्रीमती सीताले आमालाई अहोरात्र रेखदेख गरिरहिन् । म आफू भने मात्र निमित्त नायक बनें । यसरी पञ्चतत्त्वले बनेको भौतिक शरीर पार्थिव अवस्थामा पुग्दा पञ्चतत्त्वमैं विलीन हुने प्राकृतिक नियम हो जो सबै प्राणी जगत्मा लागु हुन्छ ।

वि.सं. २०७८ जेठ १५ गते पारसनगर पुगेर पाँच लिटर दूध लिएर आएँ । श्रीमतीको आदेशानुसार आलो गोबर पनि ल्याएँ । " आमाले आज संसार छोड्नुहुन्छ !" भन्ने सीताको सोच यथार्थमा परिणत हुन गयो । रातारात कास्की, काठमाडौं र बर्दियाबाट भाइ, दाजु र बुहारीहरू बिहान ९:०० बजे आइपुगे । सबै इष्टमित्र र क्याम्पस परिवारसमेत १०० जति सागरयात्री भए । भैँडाबारीदेखि पिताजीका यजमानहरू पनि आए । मेरो मन अत्यन्तै अँध्यारो भयो, भक्कानो फुटेर आयो तर पनि मेरी श्रीमतीले भावविह्वल बन्न दिइनन् । अब त आमा भन्ने कुरा सम्झनामा मात्र रह्यो ।

मेरो जीवनमा बाबा, आमा, माहिली आमा र जेठा जीबाकी जेठी बुहारी (तुलसी अधिकारी) गरी चार जनाको तेह्र दिनका दरले ५२ दिन नियमित किरिया गरेँ । तीनवटा मेरो कर्तव्यभित्रका थिए भने एउटा स्वेच्छिक थियो र पुण्यार्जनका दृष्टिले त्यो पनि गरियो । पाँच दाजुमा, दुई दिदीबहिनीले तेह्र दिनका नित्य कर्म गर्न पुग्यौँ । पिताजीको पालामा एक वर्ष आशौचमा थिएँ भने मधुमेह र उच्च रक्तचाप बिमारीका कारण म आफू तेह्र दिनमा नै निवृत्त रहेँ । पैँचालीस दिनसम्म मात्र हुन सक्ला ठूलो दाजु आशौचमा रहनुभयो । हामी चार भाइले अमक्ष वस्तु नखाने, बाहिर नखाने र आचारणमा रहने मूल्य र मान्यताका साथ भावनात्मक श्रद्धाले आमाको सायुज्य मुक्तिको कामना गरेका छौँ । पूज्य भिनाजुले तेह्र दिनसम्म हामी सबैलाई साथ दिनुभयो । परम्परागत संस्कारसापेक्ष दानपुण्य पनि गरियो । आमाले लगाएका गहना दिदी-बहिनीलाई हस्तान्तरण गर्दा सबै परिवारका सदस्यहरू भावविह्वल बन्यौँ । २७ गतेका दिन काठमाडौँ र पोखराका इष्टमित्र प्रस्थान गरे भने बर्दियाका बटालियन २९ गते मात्र प्रस्थान भए ।

वर्षदिनपछि 'श्रीमद्भागवत पाठ एकाहा' लगाउने सोचमा छु । जीवनमा घटेका कतिपय घटनाक्रमहरू अविस्मरणीय रहेछन् । २०६५ सालको मङ्सिर नै जस्तो लाग्छ, जतिबेला विभिन्न अस्थिर मनोदशाका कारण आमाको जिउनी भनिएको छ धुर जमिनको टहरा बिक्री गरियो । बिक्री गर्नुपूर्व सोचिएन, पास गरेर आएपछि आजदेखि आफ्नो भन्नु भूमिको स्वामित्व सकिएकोमा आमाका आँखाबाट अविरल अश्रुप्रवाहित भए । "जीवनमा जोडिएको माटो थियो त्यो सबै सकियो बाबु !" भने रोएपछि बिक्री भएको रूपैयाँ सुरक्षित राखिदिने बचनबद्धतापछि आमाको मन शान्त भयो तर दशौं ग्रहले पनि त्यो जमिन नचलाउन धेरै आग्रह गरेँ । म आफूले उपेक्षा गरेर २०७१ सालमा आएर आफ्नो आर्थिक हैसियत भईकन पनि त्यसलाई पुनः आफ्नो बनाउन सकिएन । वर्तमानमा त्यो भूमिको पीडा र पश्चात्ताप बोकेको छु । आमाका कतिपय भनाइहरू नमान्दा मलाई दिनप्रतिदिन पीडा, दुःख र पश्चात्ताप भएको छ ।

मनुष्यजीवन नश्वर त छँदैछ, यसलाई जीवन्त बनाउँदै कर्मशील हुने आशा र अपेक्षाको खेतीमा रमाउने प्रयासमा छु । बसाइँ-सराइ नभएको समयमा पहाडको कार्यमा आमाले धरती र पैताला कहिल्यै जोड्नु भएन । कुनै समयमा कान्छी ज्यामै, डाँसी हजुरआमा र पिताश्री तीन जनालाई सुत्ने बेलामा चिल्लो घसीदिनुपर्ने कुसंस्कारको पीडा पनि आमाले मसँग बारम्बार भन्नुहुन्थ्यो । पिताजीले अर्को विवाह गर्न तम्सिएको स्थिति र ठूलाबाबाको कारण पछि हटेको अवसरका मर्मस्पर्शी भावना पनि थिए । २०५९ सालतिर आइपुग्दा एक दिन पिता-माता दुबैजनाले "एउटै नालका हुँदा त यस्तो छ, दुई परिवार भएको हुन्थ्यो भने कस्तो दुर्दशा हुन्थ्यो ?" भनेर विगतका पीडा पनि सुनाउनुहुन्थ्यो । ठूलो परिवार हुनु, नियमित आयस्रोत नहुनु, भैपरी आउने सम्पूर्ण खर्च कृषि उपज र आतेपाते वृत्तिबाट काम चलाउनु पर्ने भए पनि खान-लाउनमा हामीलाई कहिल्यै दुःख कटाउनु भएन ।

आमा सुनका गहना मन पराउनुहुन्थ्यो र पनि आमाको इच्छअनुसार बाबाले गहना कमाइ दिनसक्नु भएन । मेरो आर्थिक अवस्था राम्रो भएको बेलामा पनि "आमा कस्तो गहना लगाउनुहुन्छ ?" मैले कुनै दिन सोधिनँ । त्यो पनि आमा गुमाउनुको पीडाजन्य अभिव्यक्ति आज विद्यमान छ । आमाका माइती पनि गरिब नै थिए । पिताजीले कमाएको अन्नपात बिक्री-वितरण गरी आमाले आफ्नो खर्च चलाउनुहुन्थ्यो । हाम्रो इष्टमित्रमा तुलनात्मक रूपले कान्छी बहिनीको आर्थिक स्थिति कमजोर थियो त्यो समयमा तर आजको स्थितिमा दुई भान्जा, दुई भान्जीको आर्थिक पूर्वाधार राम्रो छ । ठूलो भान्जा अमेरिकी पि.आर., सानी भान्जी युरोपको पी.आर., सानो भानिजको कलेज प्राध्यापन, पिताश्री मा.वि.नि. निवृत्त आदि कारणले राम्रो छ तथापि आमाको जीवन भोगाइका दिनसम्म कान्छी बहिनीप्रतिको हेर्ने दृष्टिकोण सहानुभूतिशील थियो । माइतीको चिनो कति प्रिय

हुन्छ भन्ने एउटा घटना छ । मामाहरूले दिएका रूपैयाँबाट राम्रो उन्नत जातको एउटा बाख्रो किन्नुभएको थियो । त्यसलाई हामी सरह माया गर्नुहुन्थ्यो, त्यो बाख्रो गर्भिणी भयो, लोर्के दुईवटा बोका पायो । एक महिनापछि नयाँ ढुङ्गेघरको झ्यालबाट पसेर लैनो गाईको बाच्छो र त्यो बाख्रो बाघले मारिदियो । ती दुईवटा पाठा आमाको सम्झनामा कराउन थाले । भैंसीको दूध पिलाएर सन्तान सरह हुर्काएर बेच्नुभयो त्यसको रूपैयाँ पनि बाबाले नै उपयोग गर्नुभयो । ती पाठाहरू कराउँदा आमा पनि रून थाल्नुहुन्थ्यो । आखिर मातृत्व भनेको मातृत्व नै हो ।

आज यी शब्द टिपिरहँदा त्यो समयका परिदृश्यहरू मेरो आँखाअगाडि आएका छन् । म धेरै भावुक भएको छु । आँसु पुछेर यी भावाञ्जलि व्यक्त गर्दछु । आफ्नो भौतिक जीवन भोगाइको भविष्यका दिनहरूमा म आफूले स्रष्टाहरूलाई सम्मान गर्दा आमा र बाबाको संयुक्त नामबाट पुरस्कार दिने सोच बनाएको छु । आमा अनपढ हुनु, पिताजीको औपचारिक शिक्षा नहुँदा-नहुँदै पनि हामी सन्ततिलाई असल बनाउनका निमित्त आमा मैनबत्ती शब्दपुष्प अर्पण गरे पनि थोरै हुन्छ भन्ने मेरो अभिमत हो भन्ने यही भावनाका साथ उनै माताश्रीमा हार्दिक श्रद्धाञ्जलि !

ooo


**किसानहरूमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीको अनुरोध !**

- सन्तुलित पशु आहाराको लागि घाँस खेतीमा जोड दिऔँ ।
- पशुआहारामा कोसे अकोसे घाँसको अनुपात मिलाएर खुँवाऔं ।
- हिउँदमा पनि हरियो घाँसको आपूर्तिको लागि जै, वर्सिस, भेच जस्ता घाँस लगाऔं ।
- खेर गएका बारीका डिल कान्लामा नेपिएर, किम्बु,टाकी,इपिलइपिल, अम्रिसो जस्ता घाँस लगाऔं ।
- वर्षातको समयमा धेरै भएको घाँसलाई हे साइलेज बनाएर हिंउदको समयमा खुवाउने गरौं ।
- दूधको उत्पादन लागत कम गर्न घाँस खेती गरौं ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

तम्घास, गुल्मी

फोन : ०७९-५२०२२७

# मान्छेको भिडमै एक्लिँदै मान्छे

✍ **राजेन्द्र पन्थी**
**भर्जिनिया, अमेरिका**

अहिलेको युग भनेको २१ औं शताब्दीको युग हो । आज विज्ञान र प्रविधिले धेरै ठूलो फड्को मारेको छ । विशाल विश्व सानो गाउँमा सीमित भएको छ । एउटा सानो डिभाइसमा विश्व देख्न सकिन्छ । क्षण भरमा संसारलाई नियाल्न सकिन्छ । विश्वमा मान्छे सर्वश्रेष्ठ चेतनशील प्राणी हो । उसमा रहेको असामान्य क्षमताले गर्दा आज अथाह आविष्कार गर्दै गइरहेको छ र धेरै कुरामा सफलता प्राप्त गरेको छ । अनेक किसिमको प्रविधिको आविष्कारले मान्छे र प्रविधिमा फरकपन छुट्याउन नसकिने अवस्था हुँदै गएको छ, मान्छे पनि मेसिन जस्तो भएको छ । यसको प्रयोगले मानिसमा रहेको सामाजिक र पारिवारिक सम्बन्धका बोधमा भने अत्यधिक ह्रास आएको छ । प्रविधिको प्रयोगले मान्छेको भाव, अनुभूति, अनुभव, खुशी, हाँसो आदिलाई आफू जस्तो निर्जीव बनाउँदै गएको देखिन्छ । मान्छेले बनाएको प्रविधिले मान्छेलाई नै यन्त्र बनाएको छ । मान्छेमा मानवीय संवेदना हराउँदै गएको हुनाले वर्तमान अवस्थामा यसले थुप्रै मानसिक, सामाजिक र पारिवारिक समस्याहरू निम्त्याएर मान्छे भिडमै एक्लो हुँदै गएको छ ।

हामी पूर्वीय सभ्यताबाट विकसित र दीक्षित भएकाले हाम्रो सामाजिक जीवन पश्चिमी सभ्यताभन्दा फरक छ र सामाजिक दृष्टिकोणले हाम्रो सभ्यता विश्वकै उत्कृष्ट सभ्यता पनि मानिन्छ तर अहिले पश्चिमी सभ्यताको वर्चस्व र अन्धानुकरण गर्ने प्रवृत्तिले पनि हामीले आफ्नो मौलिकता गुमाउँदै गएका छौं । सामाजिक जीवन, दर्शन, संस्कार, आस्था, संस्कृति, व्यवहार, सभ्यता, शैली, बोलीवचन, परम्परा, मान्यता, धर्म, भाषा आदि भनेका हाम्रा पहिचान, चिनारी र सम्पत्ति हुन् । पश्चिमी संस्कारको प्रभाव साथै विज्ञान र प्रविधिको आविष्कार, अनुसन्धान र यसको प्रयोगले मानिस–मानिसको सम्बन्धमा आत्मीयता नभई अत्यन्तै कृत्रिमता र बनाबटीपनको तीब्र विकास भएको छ । आज मानिस यान्त्रिक र मेसिन जस्तो बन्दै गएको छ । हाम्रो सभ्यता र प्रचलनअनुसार एकअर्को भेट हुँदासाथ परिचय, चिनजान र कुराकानी गर्ने, सुख दुःख साटासाट गर्ने, सम्बन्ध साइनोअनुसार सम्मान वा आदर गर्ने, उमेरअनुसार मान मर्यादा गर्ने, अतिथिको सत्कार गर्ने, दुःखी गरिब असहायलाई सहयोग गर्ने आदि थुप्रै संस्कार र संस्कृतिहरू रहेका थिए तर ती लोप हुँदै गएका छन् । यस्ता संस्कारहरू हराउँदै गएर मान्छेको साथी मान्छे नभएर यन्त्र भएको छ । आज मान्छे गुगलसित कुराकानी गर्ने अवस्थामा पुगेको छ । मान्छे मान्छेसँग कुराकानी गर्दैन । मान्छेले मान्छेलाई देख्दा नै दिक्क मान्छ । ऊ एक्लै र

एकान्त बस्न खोज्छ । मान्छेको भेटघाट र कुराकानी अत्यन्तै औपचारिक र सीमिततामा मात्र हुँदै गएको छ । मान्छेका आफ्ना मनोभावहरू व्यक्त गर्ने साथी भनेको सामाजिक संजाल फेसबुक, टिकटक, टुइटर आदि रहेका छन् । यसले गर्दा मान्छे चेतना वा संवेदना नभएको यन्त्र जस्तो हुँदै गएको हो ।

मान्छे एक्लो, निर्जीव र यान्त्रिक जस्तो हुँदै जाँदा मान्छेले थुप्रै समस्याहरू भोग्दै जानु परेको छ । पश्चिमी देशहरूमा गरिएका धेरै अनुसन्धानअनुसार पनि आज मानिस मनोरोगी हुनुको प्रमुख कारण नै एक्लै बस्नु वा एक्लै हुनु नै हो । आज आत्महत्याका अधिकांश घटना मनोरोगीकै कारण भएका छन् । वास्तवमा यो संसारमा मान्छे एक्लै बाँच्न सक्ने प्राणी होइन । मान्छेलाई कोही र कतै मान्छेको साथ र सहयोग चाहिन्छ नै । जब मान्छेले मान्छेको सहायता पाउन सक्दैन, उसका मानसिक पीडा र व्यथा अभिव्यक्त गर्न र अरूलाई सुनाउन पाउँदैन अनि मान्छे निराश बन्छ, जीवनप्रति वितृष्णा बढ्दै जान्छ र मृत्यु रोज्न पुग्छ । मान्छेलाई खुशी गराउने, सुख दुःखमा साथ दिने समस्या लेनदेन गर्ने मान्छे नै हो । मान्छेभित्र रहेका संवेदनाहरू सुख, दुःख, हाँसो, रोदन एक आपसमा साट्न पाउँदा मान्छेको मन हल्का हुन्छ अनि ऊ खुशी र सुखी हुन सक्छ । मान्छेका मनभित्र धेरै कुरा गुम्सिन्छन् र उसले अभिव्यक्त गर्न पाउँदैन भने उसभित्र जीवनका निराशा भरिदै जान्छन् ।

आज मान्छेको प्रमुख साथी मोबाइल बन्दा मान्छे समाजमा त एक्लिएको त छँदै छ भने घरपरिवारमा समेत एक्लिएको छ । बच्चादेखि बुढासम्मको साथी मोबाइल बनेको छ । मान्छेलाई यस्तो खराब लत बसेको छ कि ऊ खाना खाँदादेखि लिएर ट्वाइलेट बस्दासमेत मोबाइल छुटाउन चाहन्न । मोबाइल हेर्दाहेर्दै आँखा रातापिरा हुँदा पनि छोड्न सक्दैन । बाटोमा हिड्दा, सवारी साधनमा यात्रा गर्दा, स्कुल कलेजमा पढ्दा जतिबेला पनि उसको साथी मोबाइल बनेको हुन्छ । यतिबेला मान्छेको पहिलो साथी मोबाइल बनेको छ, उसलाई मान्छेको खासै आवश्यकता पर्न छोड्यो । कसैलाई केही सोध्यो भने गुगल सर्च गरे हुन्छ नि भनेर उत्तर आउँछ । यन्त्र वा मोबाइलको प्रयोगले मानिसलाई मानिसको आवश्यकता पर्दैन जसले गर्दा मान्छे एक्लो हुँदै गएको छ । यन्त्रबाट मान्छेले धेरै ज्ञान त प्राप्त गर्न सक्ने भयो तर आफ्ना मनोभावहरू अरू समक्ष अभिव्यक्त गर्न सक्दैन । मान्छे जीवनमाखुशी र सुखी हुन आफूमा भएको सुख वा दुःखको मनोभाव अर्कोलाई शेयर गर्नुपर्ने हुनाले उसले त्यो पाउन सक्दैन र उसका मनमा ती भावनाहरू भित्रभित्रै गुम्सिन्छन् र मान्छे रोगी हुन्छ । आजको मान्छे साँझ बिहान घर परिवारका सबै सदस्य सँगै बस्दा र भेट हुँदासमेत आपसी कुराकानी हुँदैनन् । सबैका हातमा मोबाइल हुन्छन्, एक्लाएक्लै बस्न रुचाउँछन् । घरपरिवारका सबै सदस्य एकै ठाउँमा रहँदा पनि सुनसान हुन्छ । यसैले मान्छेलाई अरूसँगै हुँदा पनि एक्लो महसुस हुनु परेको छ ।

आज हामीले विश्वमा देखेको चमत्कार प्रविधिको विकासको परिणाम नै हो । सायद यो प्रविधिको विकास नभइदिएको भए आज हामी धेरै पछाडि हुन्थ्यौँ । समस्या यहाँनेर देखा पर्दै गएको छ कि मान्छेले बनाएको प्रविधिले मान्छेको अस्तित्व नै समाप्त पार्ने हो कि भन्नेसम्मको डर भएको छ । प्रविधिले मान्छेको जीवन सरल र सहज बनाइ दिए पनि मानवीय संवेदनाहरू हराउँदै गएका छन् । मान्छेको जीवनयापनका क्रियाकलापलगायत कृषि, उद्योग, कला, राजनीति, मनोरञ्जन, स्वास्थ्य, शिक्षा, पेशा आदि सबै कुरामा प्रविधिको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव परेकै छ । प्रविधिको विकास हुँदै जाँदा मान्छेको कृत्रिम बुद्धि र मस्तिष्क पढ्ने रोबर्ट बनिसकेको छ । आज एउटा सामान्य स्विच अनअफ गर्दा विश्व थर्कमान र समाप्त हुने अवस्था छ । यसका धेरै सकारात्मक उपलब्धि होलान् तर यसले केही नकारात्मक सन्देश पनि दिएको छ । आज दिनानुदिन नयाँ नयाँ आविष्कार हुँदै गएका छन् जसले गर्दा विश्व नयाँ युगमा प्रवेश गरिसकेको छ र मान्छे पनि समयसापेक्ष बदलिएको छ । मान्छे प्रविधि वा मेसिन जस्तो बनेको छ । मान्छेमा संवेदना नहुनु भनेकै मेसिन बन्नु हो । मान्छे मेसिन बन्नु भनेको पक्कै पनि सकारात्मक होइन किनकि मान्छे मान्छे नै बन्नुपर्छ ।

प्राविधिको विकास र प्रयोगले नेपाली समाज र परिवारको सम्बन्धलाई नराम्ररी प्रभावित पारेको छ । कसैको दुर्घटना हुँदा मान्छे उसलाई सहयोग गर्न र बचाउन लाग्नुभन्दा पनि उसको कारूणिक र दर्दनाक फोटो खिचेर सामाजिक संजालमा पोस्ट गर्न आतुर हुन्छ । घरमा आउने अतिथिलाई सन्चो बिसन्चो भन्दा पनि इन्टरनेटको पासवर्ड पहिले चाहिन्छ । कोही बिरामी भेट्न जाँदा उसलाई सहानुभूति दिनुको सट्टा सेल्फी खिचेर पोस्ट गर्न आतुर हुन्छ । मान्छे कसैलाई केही जानकारी दिनु छ भने सामाजिक संजालमा पोस्ट गर्छ र त्यसैबाट जानकारी दिन चाहन्छ । यसले गर्दा मान्छे स्विच अन र अफ गर्ने बटन जस्तो भएको छ । मानवता, सामाजिकता, आत्मीयता, कारूणिकता, सुख दुःख, हाँसो-रोदन, पीडाव्यथा आदि जस्ता मानवीय संवेदनाविहीनको मान्छे बन्दै गएको छ । यो वास्तवमा मानवीय जीवन पद्धतिको लागि अत्यन्तै जटिल परिस्थिति हो । यसले मान्छेको आफ्नो मानवीय जीवन र भावी पुस्ताको लागि सकारात्मक सन्देश दिँदैन ।

यहाँ मैले सामाजिक संजाल वा प्रविधिको प्रयोग गर्नु हुँदैन र यसले मान्छे बिगार्‍यो वा समाज बिगार्‍यो नै भन्न खोजेको चाँहि होइन । यसले निम्त्याएका मानवीय संवेदनाका दुष्परिणामको मात्र चर्चा गर्न खोजेको हुँ । यही प्रविधिको अत्यधिक प्रयोगले पश्चिमी मुलुकका मानिसहरू अत्यन्तै असामाजिक र एक्लो भएका छन् जहाँ आज मानवीय संवेदना र सामाजिक जीवन शून्यप्रायः नै छ भन्दा हुन्छ । मान्छे मान्छेका बीचमा बाटोघाटो हिड्दा होस् वा कहीँ कतै भेट्दा एक आपसमा कुराकानी र बोलचाल हुँदैन । मान्छेसँग बोल्न सक्दैन भन्ने कुराले

सामाजिक सम्बन्ध, विकास र उन्नतिको लागि पक्कै पनि राम्रो सन्देश होइन । पश्चिमी सभ्यताबाट बिस्तारै पूर्वीय सभ्यतामा केही संस्कारहरू प्रवेश गरिसकेका छन् । बुबाआमासित छोराछोरी बस्न नखोज्नु, बुढेस कालमा बुढाबुढी सहारा विहीन हुनु, बाबुआमा र छोराछोरीको सम्बन्धमा आत्मीयता, श्रद्धा, माया नहुनु, मानिसमानिसका बीचमा समाजिक वा पारिवारिक सम्बन्धको महसुस नै नहुनु, मान्छेले आफूलाई बाबुआमा वा छोराछोरीको कर्तव्यबोधको अनुभूति नै गर्न नसक्नु जस्ता थुप्रै व्यवहार नेपाली समाजमा पनि देखा पर्दै गएका छन् ।

वास्तवमा अहिलेको यो अत्याधुनिक विश्व बनाउने मान्छे नै हो । मान्छेको सोच, चिन्तन, शोध, आविष्कार र प्रयोगमा यति धेरै उपलब्धि भएको कुरालाई नकार्न सकिदैन । मान्छेलाई अनुसन्धान र खोजको लागि प्रविधि आवश्यक नै पर्छ । उसले मोबाइल जस्ता डिभाइस प्रयोग गर्नु राम्रो पक्ष हो । तापनि उसले प्रयोग गर्दा मानवीय मूल्य, मान्यता र संवेदना बिर्सिदिनु सकारात्मक पक्ष होइन । मान्छेमा मान्छेत्व नै पाइँदैन भने मान्छे मरूभूमि जस्तो निर्जीव हुन्छ । रूप र आकृतिमा मान्छे भएर मान्छे बन्न सकिदैन । मान्छे यन्त्र बन्ने र बनाउने क्षमताका अतिरिक्त ऊभित्रको मानवीय संवेदना ह्रास हुनु हुँदैन । मान्छे यन्त्र बन्दा संवेदना गमाउनु हुँदैन । अन्तमा प्रविधि, यन्त्र, मोबाइलको प्रयोग गरौँ तर आफ्नो अस्तित्व, मानवीय मूल्यमान्यता र संवेदनाविहीन मान्छे चाँहि नबनौँ ।

ooo


## गाउँबासीमा हार्दिक अनुरोध !

- **जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं ।**
- **कर तिरौं, सभ्य नागरिकको पहिचान दिऔं, समृद्ध गाउँपालिका बनाउने अभियानमा टेवा पुऱ्याऔं ।**
- **हरेक कामलाई पारदर्शी बनाऔं, भ्रष्ट्राचारमुक्त अभियानलाई सफल बनाऔं ।**
- **लैङ्गिक हिंसा, बालश्रमशोषण जस्ता सामाजिक विकृतिको अन्त्य गरौं, २० वर्ष उमेर पुगेपछि मात्रै विवाह गरौं ।**

अनुरोधक

**रुरुक्षेत्र गाउँपालिका**

बलेटक्सार, गुल्मी

# साहित्यिकी पद्यावलिमा कवि भीमकान्त पन्थी

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

भीमकान्त पन्थीलाई हामीले एउटा प्रतिभाशाली कविले रूपमा, एउटा धुरन्धर विद्वान्को रूपमा र एउटा सरल, शालीन, विनम्र, भद्र र कर्मनिष्ठ महात्माको रूपमा स्मरण गर्दछौं । भीमकान्त पन्थीको जन्म गुल्मी धुर्कोटको बडाचौरमा वि.सं. १९७८ वैशाख १४ गते सुपठित ब्राह्मण कुलमा भएको थियो । बडाचौर पन्नगा नदीको सुमनोहर तटमा छ । त्यो ठाउँ तिनताक प्राकृत र कोलाहल शून्य थियो । भीमकान्त विद्वत्कुलमा जन्मे । उनी आफ्नो मेधाले विद्वान् बने र प्रतिभाले कुशल काव्यस्रष्टा बने । हामी भीमकान्तलाई कवि तथा पण्डित दधिराम मरासिनीसँग दाँज्छौं । दुबै संस्कृतमा प्रकाण्ड विद्वान् थिए; दुबै अत्यन्त आस्तिक र कर्मनिष्ठ थिए, दुबैले संस्कृत भाषामा गहन रचनाहरू दिए, दुबैले नेपाली भाषामा पनि सुन्दर कविता सृजन गरे, दुबैको भक्तिरसमा बेजोड अभिव्यक्ति देखिन्छ र दुबैले कवितामा कमनीय श्रृङ्गाररसको प्रयोग गरे । कवि भीमकान्तमा सदाचार, सद्विचार, विद्वता, प्रतिभा, सृजनशीलता, दार्शनिकता तथा ईश्वरभक्तिजस्ता गुणहरू खचाखच भरिएका थिए । उनी विद्यादानका अग्रणी गुरु थिए । उनी प्रख्यात पुराणवाचक पण्डितमात्र थिएनन् , वेदान्त दर्शनका ज्ञाता र व्याख्याता पनि थिए । उनी धर्मशास्त्रअनुमोदित सदाचरणमा हिमालझैं दृढ थिए । उनी थिए प्रतिभा, विद्वत्ता र सदाचारका त्रिवेणी । विचारमा स्पष्ट र आचारमा दृढ थिए उनी । उनी खम्बा थिए-पूर्वीय दर्शन, संस्कृति र साहित्यका । वस्तुतः उनी थिए यस युगका महर्षि ।

भीमकान्त पन्थीको साहित्यक पाटो उज्ज्वल र उर्वर छ । प्रतिभाशाली कविको रूपमा हामी उनलाई पाउँछौ । २०५५ सालमा उनका जगदम्बिका वैभवम् र जगदीश्वर वैभवम्'नामका दुई अति विशिष्ट महाकाव्यहरू प्रकाशित भएका छन् । २०५७ सालमा प्रकाशित 'विविध पद्यावलीमा संस्कृत र नेपाली भाषामा मनमुग्धकारी कविताहरू रहेका छन् । यसमा अनेक विषयका, अनेक भावका, अनेक प्रसङ्गका, अनेक छन्दका सरस र सुमधुर स्फुट कविताहरू संगालिएका छन् । सबै कविताहरू प्रौढ, मर्यादापूर्ण र नैतिक चेतनाले भरिपूर्ण छन् । महाकाव्यहरूले उनको पाण्डित्य, शास्त्रज्ञान, दार्शनिकता, आस्तिकता र प्रतिभाको द्योतन गर्छन् । आध्यात्मिक विषयवस्तुका यी महाकाव्यहरू साहित्यिक गुण, रस र अलंकारले खचाखच भरिएका छन् । मूलतः भक्तिरसको अधिकता भईकन अन्य सबै रसहरू पनि यथाप्रसङ्गमा आएका छन् । पूर्वीय वैदिक धर्मसंस्कृतिका अनुयायी महाकवि भीमकान्तको साहित्यसृजनमा वाल्मीकि, व्यास, कालिदास, भारवि, श्रीहर्ष र माघजस्ता कविहरूको प्रभाव छ । भीमकान्तका कविताहरूमा परिष्कृत शैली, मर्यादित विचार र उदात्त गुणहरू छन् । कवितामा परिष्कार र

शास्त्रीयता देख्दा उनलाई परिष्कारवादी भन्न सकिन्छ । चामत्कारिक आलंकारिक शैली र शास्त्रीयता त्यस बेलाका युगीन प्रभाव हुन् । भीमकान्त पन्थीका कविताहरू कुलचन्द्र गौतम, सोमनाथ सिग्देल, लेखनाथ पौड्याल र दधिराम मरासिनीका समतुल्य छन् । कवि भीमकान्त पन्थीको स्फुट कविताहरूको संग्रह 'विविध पद्यावलि' २०५७ मा प्रकाशित छ । यसमा योगी नरहरिनाथको पद्यात्मक कविअभिनन्दन रहेको छ । पूर्वीय साहित्यका मर्मज्ञ मूर्धन्य विद्वान् वेणीमाधव ढकालको समीक्षात्मक भूमिकाले कृतिको महत्त्वलाई बढाइदिएको छ । कविताहरूमा कविका विनम्रता, अहंकारशून्यता, प्रतिभा, काव्यकुशलता जस्ता गुणहरू एकै पटक प्रकट भएका छन् । नामअनुसार 'विविध पद्यावलि' मा विविध विषयका कविताहरू छन् ।  विभिन्न आकार, शैली र विषयका कविता भए पनि सबैमा परिष्कार, शास्त्रीयता र आध्यात्मिकता रहेको छ । यस संग्रहमा १० मालामा एक सय दुई कवितागुच्छाहरू उनिएका छन् । सबै माला र गुच्छाहरू सर्वा कविताहरू छन् ।  विभिन्न आकार, शैली र विषयका कविता भए पनि सबैमा परिष्कार, शास्त्रीयता र आध्यात्मिकता रहेको छ । यस संग्रहमा १० मालामा एक सय दुई कवितागुच्छाहरू उनिएका छन् । सबै माला र गुच्छाहरू सर्वाङ्ग सुन्दर, सुमनोहर र हृद्य छन् । १० मालामध्ये एक मालामा 'साहित्यिकी पद्यावलि रहेको छ । यसमा शृङ्गारकल्पना, प्रवास, समस्या पूर्तयः र स्फुटकविता गरी  चारवटा कविता छन् । संस्कृत भाषामा लेखिएका यी चारवटै कविताहरू भाव, संरचना र अर्थगौरवमा उत्कृष्ट छन् । पहिलो कविता शृङ्गारकल्पनामा एउटी सुन्दरीका कुचयुग्मको अलङ्कारमय मनोहारी चित्रण छ । सुन्दरीका कुचयुग्महरू कठिन, बाक्ला, बाटुला र उन्नत छन्, ती ढाकिएका छन्, तिनको बाहिरबाटै दर्शन गर्नुपर्छ किनभने तिनका टुप्पाहरू काला हुनाले देखाउनु दोषपूर्ण हुन्छ भन्ने भाव भएको यो पद्य हेरौं –

**कठिनं घनमस्ति वर्तुलमपि तन्वङ्गी ! कुचद्वयं तव**

न ददाति मुखस्य कालिमोत्कटदोषा द्वहिरेत्य दर्शनम् ॥ साहित्यिकी पद्यावलिको दोस्रो कविता पनि शृङ्गार रसमै छ र एक श्लोक विप्रलम्भ शृङ्गार रसमा रहेको यो श्लोक निकै मार्मिक छ । तेस्रो कविता 'स्फुटश्लोकाःमा २१ श्लोक छन् । ती आपसमा अन्वय नभएका स्फुट र स्वतन्त्र श्लोकहरू चमत्कृत भाषा र अर्थगौरवले सिंगारिएका छन् । पाण्डियपूर्ण श्लोकहरूबीच कतै श्रृङ्गारिक भाव यसरी व्यक्त भएको देख्न सकिन्छ ।

**भास्वन्मुखा गुरुकुचा शशिखण्डमाला**
**नूत्ना शनैश्चरपदा कविवाच्यभावा ।**

**सौम्याकृतिः शिखिकचा तम ईक्षणैका**
**नारी न मंगलवचा ग्रहसंहतिः स्यात् ॥**

यस खण्डको चौथो कविता 'समस्यापूर्तयः' हो । यसमा सातवटा समस्यापूर्ति दशवटा श्लोकमा गरिएका छन् । यसमा कविको काव्यकुशलता, पाण्डित्य, प्रतिभा राम्ररी प्रकट भएका छन् ।

संस्कृत साहित्यको गहिरो अध्ययनबाट, मननचिन्तनबाट खारिएका प्रतिभा हुन् पण्डित भीमकान्त पन्थी । गुल्मीको माटोमा जन्मी आफ्नो प्रतिभा र पाण्डित्यले प्रख्यात भीमकान्त पन्थी आफ्ना कृतिहरूमा अजरामर छन् । उनको सयौं जन्मजयन्तीमा मेरा यी शब्दहरू श्रद्धाञ्जलिस्वरूप अर्पण गरें ।

ooo

# आमाको महिमा

✍ **मनबहादुर खत्री (मनु)**
**इस्मा-२, मैनडाँडा, गुल्मी**

आमाको ममता अहो ! कति मिठो, न्यानो र जाती पनि ।
हेर्छिन् बाबु छ शान्त या कठिनमा, ब्युँझेर राती पनि ।।
राखी कोखमहाँ हरेक पलका, टारी समस्याहरू ।
दिन्छिन् जन्म अहो ! गरेर शिशुको, भारी तपस्याहरू ।।

भोको पेट कसेर टन्न पटुका, छोरा र छोरी भनी ।
रोटी जे छ अनाज या अरू कुनै एक्लै नखानी उनी ।।
आहा ! यी जननी पवित्र मनकी, खानी दयाको छ है ।
आमा हुन् सबथोक ईश भरकी, खानी मयाको छ है ।।

नानीबाबु रूचाउँछन् कुन भनी, रोजेर खाना दिने ।
बालेच्छाअनुसार दाम कहिले रोजेर नाना दिने ।।
हाँसेकी जहिले मुसुक्क जननी, बिर्सेर सारा व्यथा ।
देखिन्छिन् नमुना बनी सफल यी, पस्केर प्यारा कथा ।।

आँटी छन् अति हिम्मती निडर यी नारी भए तापनि ।
लड्छिन् बाघ विनाश गर्न यदि त्यो, दुष्टै गए तापनि ।।
सुर्ता या न छ स्वार्थ लालच कुनै, सिद्धान्त राम्रो कति ।
इच्छा एक छ त्यो बनोस् सफल लौ, सन्तान राम्रो अति ।।

आमा एक गुरु सदा सकलकी, सन्मार्ग दर्शाउने ।
छोपी हात सदासदा असल यी, सत्ज्ञान वर्षाउने ।
आहा ! क्या गुणवान छन् सरल यी, सद्भावमा भक्ति छ ।
देवी हुन् सतकर्म धर्म यिनमा उत्पात आसक्ति छ ।।

ooo

# बिहेमा रुनुपुर्छ भनेर रोएकी हुँ ।



✍ **ढलकुमारी ज्ञवाली**
**देहरादून, भारत**

*(२०२० सालअघि नेपालमा बालविवाह कानूनतः निषिद्ध थिएन । केटाकेटी जन्मिसकेपछि जुनसुकै उमेरमा पनि तिनीहरूको विवाह बाबुआमाको इच्छाअनुसार हुने गर्थ्यो । अर्थात् बाबुआमाले आफै विचार गरेर केटाकेटीको विवाह सानै उमेरमा गरिदिन्थे । ठूला बनाएर पनि कसैले विवाह गरिदिन्थे भने धेरैले सानै उमेरमा गरिदिएर पारिवारिक जिम्मेदारी पूरा गर्थे । यस्तै सानैमा ९ वर्षको उमेरमा विवाह भई हाल ९३ वर्षमा हिंडिरहेकी एक सक्रिय महिलाको नाम हो – ढलकुमारी ज्ञवाली । ढलकुमारीलाई घरतर्फ धेरैले दुलही आमा भनेर चिन्ने गर्छन् । तिनै दुलही आमासँगको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ – सम्पादक)*

**१. तपाईं अहिले कति वर्षकी हुनुभयो ?**

❑ २०७९ सालको वैशाखमा म ९२ वर्ष पुगेर ९३ वर्षमा लागें ।

**२. चौरासी पूजा गरिसक्नुभयो ?**

❑ गरें । ८ वर्ष पहिले नै मेरो चौरासी पूजा भएको हो ।

**३. तपाईंको बिहे कति वर्षमा भएको हो त ?**

❑ मेरो बिहे नौ वर्षमा भएको हो ।

**४. तपाईंको माइत कहाँ हो ?**

❑ मेरो माइत अर्घाखाँची जिल्लाको खिदिमको साधनबुटा हो । मेरा माइतीहरू साधनबुटाबाट छुट्टिएर पछि ढाव गएका हुन् । मेरो विवाह साधन बुटाबाटै

भएको हो । मेरा माइतीहरू गौतम हुन् । मेरो मावल ज्ञवा, वादी बाक्ले सल्ला हो

**५. बाल्यावस्थामा के कस्ता कामहरू गरेको सम्झना छ ।**

- भाइबहिनी हेर्ने, तिनीहरूलाई खेलाउने, आफू पनि खेल्ने, ऐंसेलु, चौतारी खाने, हिँड्ने, घुम्ने गरेको सम्झना छ । घागरी, चोलो लगाएको नाचेको पनि सम्झना छ ।

**६. बिहे हुँदाका बखतका केही कुरा सम्झनुहुन्छ ?**

- मेरो बिहे ९ वर्षको उमेरमा भएको हो ? सबै त सम्झना छैन केहीकेही कुरा मात्र सम्झन्छु । मेरो विवाह गुल्मी थोर्गाको कमेरे डाँडाका ज्ञवालीको घरमा भएको रहेछ । मेरा श्रीमान्‌हरू १२ भाइ हुनुहुँदो रहेछ । दुई गुणका १२ भाइ छोराहरूमध्ये जगन्नाथ शर्मा ज्ञवालीसँग मेरो विवाह भएको रहेछ । पहिले १२ भाइ भएका ठूलो घानमा छोरीलाई नदिने कुरा भएको रहेछ पछि ठूली आमाले दिन हुन्छ भनेर कर गरेपछि मेरो विवाह भएको रहेछ । बिहेमा छोरी डोलीमा चढ्दा रूनुपर्छ भनेका हुनाले म पनि हुँ हुँ गरेर रोएकी हुँ जस्तो लाग्छ । ठूलो खगेन्द्रले डोलामा चढाएको, बाटोमा चिउरा मागेको, लोकन्ती भएर घर्तेनी गएको सम्झना छ । राम्रो दिन हेरेर बिहे भएको ५ वर्षपछि १४ वर्षको उमेरमा दुरान भयो । दुरानमा रिडीकी भक्तिनी कान्ता सानीमा जानुभएको थियो । दुरानमा पनि डोलामा चढाएर माइतबाट घर पठाएका हुन् । दुरानमा धेरै प्रकारका रोटी पकाएर, चिउरा कुटाएर रङ्गाएका सिन्का, हण्डी भरेर जेठानी दिदीहरूलाई फाँक, हर्पेमा घिउ, रोटी, चिउरा, चामल, थैलीमा पैसा आदिको व्यवस्था मिलाएर देउरानी, ठूलीआमा सबैलाई पोका, दक्षिणा मिलाई ३५ भारी बोकाएर लगेको हो ।

  छोरी घर पठाउँदा इज्जतदार भएर खान सिकाउने, खान बस्दा पानी अच्याउन लगाउने, बाँयातिर घ्यू, दाहिनेतिर दूध, दाँतमा अट्केको झिक्न सिन्का राख्नुपर्ने र मान्छे खान बसेपछि मात्र पस्केको सामग्री टकार्नु पर्ने हुन्थ्यो । मान्यजन ससुरा, जेठाजु आदिलाई भुइँमा ढोगदिनु पर्थ्यो । हजुर आमा, सासू आमालाई, आमाजूलाई खुट्टामा ढोगिदिनु पर्थ्यो । बिहानै उठेर दैलोकुचो गरी डोकामा गाग्री बोकेर नुहाउन र पानी लिन पँधेरा जानु पर्थ्यो । पँधेराबाट नुहाएर पानी लिएर घर आएपछि मान्यजनलाई दैनिक ढोगिदिनुपर्थ्यो । सासू र श्रीमान्‌का खुट्टाको दैनिक जल खानु पर्थ्यो । श्रीमान्‌सँग बोल्न लाज र डर दुबै लाग्थ्यो । घरमा कुटानी पिसानीको काम गर्नुपर्थ्यो । डालाभरि मकै हुन्थे । घरमा धेरै जहान भएका हुनाले पकाएको

भाँडो उतार्न मद्दत माग्नुपर्थ्यो । मकैको दलिया आटो चलाउन उतार्न गाह्रो हुन्थ्यो ।

**७. तपाईंका सन्तानहरू के कति भए ?**

❑ म २३ वर्षकी हुँदा सर्वप्रथम छोरी जन्मेकी हुन् । मेरा ६ जना सन्तानहरू हुन् । एउटी छोरी चाँडै बितिन् । अहिले २ छोरी ३ छोराहरू छन् ।

**८. तपाईंहरू भारतको देहरादूनमा के कसरी आउनुभयो ?**

❑ १२ भाइका जेठा छोरासित श्रीमान देहरादूनमा आउनु भएको हो । उहाँ देहरादून आउँदा जेठी छोरी १२-१३ वर्षकी थिइन् । म केही पछि यहाँ आएकी हुँ ।

**९. त्यसबेला देहरादून कस्तो थियो ?**

❑ त्यसबेला देहरादूनमा ठूलो जङ्गल थियो । बिजुली बत्ती थिएन । खरका झुपडीहरू थिए । पक्की घरहरू थिएनन् । बजार सानो थियो । यहाँ आएर पञ्चायती जग्गामा बसेका थियौं । पछि प्रधानबाट लम्बाइ चौडाइ छुट्टाई पक्का बनाएर बसेका हौं ।

**१०. प्रदेशमा बस्दा अप्ठ्यारो भएन ?**

❑ शुरू शुरूमा त यस्तो प्रदेशमा बेकारमा आइएछ भन्ने लागेको हो । यहाँ बसेर छोराछोरीको पढाइ राम्रो हुन्छ भन्ने लाग्न थाल्यो । बिस्तारै छोराछोरी पढ्दै गए । देहरादूनको पनि विकास हुँदै गयो । हामी पनि यतै रमाउन थाल्यौ । दिनहरू बित्दै गए । सबै यस्तै रहेछ । परमात्मासँग हात जोड्ने हो । सबै भगवान्का भरोसामा छ । अब मेरो थप इच्छा केही छैन ।

***- चन्द्रप्रकाश उपाध्याय***

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# भानुभक्त पुस्तकालय, देहरादुन

८४ वर्ष पहिले ई.सन् १९३८ मा वर्तमान भारतको उत्तराखण्ड राज्यको मुख्य प्रशासनिक केन्द्र देहरादूनमा बस्ने नेपालीहरूले स्थापना गरेको गोर्खाली सुधार सभा नामक संस्थाले नेपालीहरूको सर्वपक्षीय विकासका लागि धेरै महत्त्वपूर्ण कार्यहरू गर्दै आइरहेको छ । यस संस्थाले गरेका महत्त्वपूर्ण कार्यहरूमध्ये एउटा काम भानु पुस्तकालयको स्थापना हो । भानु पुस्तकालयको स्थापना आजभन्दा ३५ वर्ष पहिले भएको थियो । यस पुस्तकालय अगाडिको बरण्डाको खुला भागमा भानुभक्तको मूर्ति निर्माण गरिएको छ । सो मूर्तिको स्थापना ई.सन् १९९१ जुलाई १३ तारिकका दिन गरिएको थियो । नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको पुण्य स्मृतिमा स्थापित यस पुस्तकालयमा एउटा राम्रो वाचनालय कक्षको पनि व्यवस्था गरिएको छ ।

यस पुस्तकालयमा ११०० भन्दा बढी पुस्तकहरूको संग्रह छ । यहाँ संग्रहीत पुस्तकहरूमा ५९६ नेपाली भाषाका पुस्तकहरू छन् भने बाँकी हिन्दी, अंग्रेजी र संस्कृतका पुस्तकहरू छन् । सुश्री पूर्णिमा प्रधान यहाँको लाइब्रेरियन हुनुहुन्छ भने श्रीमती प्रभा शाह म्यानेजर/मिडिया प्रभारी हुनुहुन्छ ।



प्रभाशाहका साथ पाठक संगीता उपाध्याय पौडेल

गोर्खाली सुधार सभाको वर्तमान अध्यक्ष पदमसिंह थापा हुनुहुन्छ भने वरिष्ठ उपाध्यक्षमा राजन क्षेत्री, उपाध्यक्षमा पूजा सुब्बा, महामन्त्रीमा गोपाल क्षेत्री

रहनुभएको छ । त्यस्तै मन्त्रीमा मधुसूदन शर्मा रहनु भएको छ । श्री शर्मा पहिले अंखिल भारतीय नेपाली भाषा समिति र वर्तमानमा उत्तराखण्ड राज्य नेपाली भाषा समितिसँग पनि सम्बद्ध हुनुहुन्छ ।

गोर्खाली सुधार सभाले गोर्खाली सुधार सभा नामक मासिक समाचार पत्र पनि प्रकाशनमा ल्याउने काम गर्दछ । विशेष अवसरमा यसले विशेषाङ्क पनि निकालेको छ । यस पत्रिकाको सम्पादक कर्नल (अ.प्रा.) जीवनकुमार क्षेत्री हुनुहुन्छ ।



**गोर्खाली सुधारसभा**

यस संस्थाको व्यवस्थापकमा शङ्कर थापा हुनुहुन्छ भने एकाउन्टेन्ट प्रदीप क्षेत्री हुनुहुन्छ ।

यसरी यसले भारतको देहरादूनमा उत्तराखण्डको पूरै भूभागमा बसोबास गर्ने नेपाली मूलका भारतीय नागरिकहरूलाई सामाजिक एकताको सूत्रमा आबद्ध गराई तिनीहरूको भाषा, साहित्य, कला, संस्कृतिको उत्थानका लागि विविध गतिविधि सञ्चालन गरेर कार्य गरिरहेको छ भने भानु पुस्तकालयको स्थापना गरी पठन संस्कृतिको विकासमा ध्यान दिएको छ ।

**- भारद्वाज**

ooo

# किरण पुस्तकालयको पातो

किरण पुस्तकालयको स्वर्णजयन्ती वर्ष २०७५ मा पुस्तकालयले वर्षैभरि विभिन्न कार्यक्रमहरूको आयोजना गरेको थियो । ती कार्यक्रमहरू मध्ये केही कार्यक्रमहरू अत्यन्त नयाँ र निकै महत्त्वपूर्ण थिए । त्यस्ता महत्त्वपूर्ण कार्यक्रमहरू मध्ये एउटा कार्यक्रम पुस्तकालयको नयाँ भवन निर्माण कार्यको शुभारम्भ गर्नु थियो । त्यसका लागि भवनको लागत अनुमान, नक्सा, डिजाइन गर्ने काम श्री अमनकुमार मास्के आर्किटेक्ट वाई ए इन्जिनियरिङ्ग कन्सल्टेन्सी, काठमाडौंबाट निःशुल्क भएको थियो । पुस्तकालयको स्वर्ण जयन्ती वर्षलाई रचनात्मक र स्मरणीय बनाउने उद्देश्यले यसको नयाँ भवनको शिलान्यास २०७५ साल कार्तिक १८ गते बिहानको शुभ मुहूर्तमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज बिष्टबाट एक भव्य समारोहका बीच भएको थियो ।

उक्त भवनको निर्माण कार्य (ठेक्का नं. (NRA/CLPIU/2075-76/NCB-28) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) पाल्पा र बाँसुरी सुनिल समिर जे.भी. रेसुङ्गा न.पा.-८, गुल्मीबीच मिति २०७६/३/२ मा सम्झौता भई निर्माणकार्य सम्पन्न भएको ब्यहोरा मिति २०७८/०५/३० को च.नं. ३७ को पत्र पुस्तकालयलाई प्राप्त भएको थियो । सो पत्रमा भवनको परलमूल्य (भ्याट बाहेक) रू. २,९१,५२,१७३।४४ रहेको छ ।

२०७८ सालभित्रैमा पुस्तकालयको नवनिर्मित भवनको समुद्घाटन गराउने पुस्तकालय व्यवस्थापन समितिको चाहना हुँदाहुँदै पनि कोभिड-१९ को महामारीको प्रकोप र अन्य विविध कारणहरूले गर्दा केही विलम्ब भयो ।

२०७९ साल असार ११ गते एक भव्य समारोहका बीच शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई भैरहवा, रूपन्देहीले किरण पुस्तकालय तम्घास, गुल्मीलाई नवनिर्मित भवन हस्तान्तरण गर्‍यो । सोही समारोहका बीच नवनिर्मित भवनको समुद्घाटन प्रतिनिधिसभाका माननीय सदस्य एवं पूर्वमन्त्री गोकर्णराज बिष्टले गर्नुभयो । उहाँले उद्घाटन समारोहलाई सम्बोधन गर्दै यस पुस्तकालयलाई सबै प्रकारको सुविधासम्पन्न बनाउन भविष्यमा पनि निरन्तर सहयोग गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

२०७९ साल असार १५ र १६ गते काठमाडौंमा सम्पन्न सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको दोस्रो राष्ट्रिय सम्मेलनले सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको महासंघ गठन गर्नका लागि किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीको संयोजकत्वमा तदर्थ समिति गठन गरेको छ । साथै सो सम्मेलनले दश सूत्रीय माग र सुझावहरू नेपाल सरकारसमक्ष पेश गर्नका लागि काठमाडौं घोषणा-पत्रसमेत पारित गरेको छ ।

पुस्तकालयको चौतर्फी विकास र भवननिर्माणमा पुऱ्याएको योगदानको हार्दिक प्रशंसा गर्दै उहाँलाई स-सम्मान पुस्तकालयको संरक्षक सदस्य बनाइएको छ । कार्यक्रममा पुस्तकालयको समग्र विकास र भवन निर्माणमा सहयोग पुऱ्याउने १८ जना महानुभावलाई सम्मान गर्दै प्रशंसापत्र वितरण गरिएको थियो ।

२०७९ साल असोज कार्तिकमा नेपाली लोकवार्ता एघारौं राष्ट्रिय सम्मेलनको आयोजना गुल्मी जिल्लामा गर्नका लागि संयोजक शशि पन्थीको अध्यक्षतामा २०७९ जेठ ३१ का दिन पुस्तकालयमा बसेको बैठकले प्रा.दीन पन्थीको संयोजकत्वमा लोकवार्ता संगोष्ठीका लागि गोष्ठीपत्र लेखन, सारसंक्षेप संप्रेषणलगायतका कार्यको लागि श्री रमाकान्त पौडेल, श्री भुवन अर्याल, श्री शङ्करप्रसाद गौतम र श्री गोपाल पन्थी सदस्य रहेको एक उपसमिति गठन गरिएको छ ।

यस पुस्तकालयलाई यस वर्ष श्री अखण्ड ज्योति संस्था मथुरा, भारतबाट मार्टिन चौतारी प्रकाशन काठमाडौंबाट, लोकवार्ता परिषद् नेपालबाट र प्रा.शिवगोपाल रिसाल स्वाध्याय परिबारबाट महत्त्वपूर्ण पुस्तकहरू उपहारस्वरूप प्राप्त भएका छन् । यस्तै मार्टिन चौतारीलाई 'हाम्रो पुरुषार्थ' का सम्पूर्ण अङ्कहरू उपहारस्वरूप प्रदान गरिएको छ ।

यस वर्ष किरण पुस्तकालयलाई रेसुङ्गा नगरपालिकाबाट रू.५ लाख, लुम्बिनी प्रदेश सरकारबाट रू. एक लाख शैक्षिक उपकरण, पुस्तक पत्र-पत्रिका र फर्निचरका लागि सहयोग प्राप्त भएको थियो । यस्तै हाम्रो पुरुषार्थ, प्रकाशनका लागि मदाने गाउँपालिकाले रू.एक लाख उपलब्ध गराएको थियो । सहयोगी सबैप्रति पुस्तकालयले हार्दिक आभार प्रकट गरेको छ ।

लुम्बिनी प्रदेश सरकार शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा मिति २०७९ असार १३ गते किरण पुस्तकालय, तम्घास, गुल्मीमा प्रस्तावित प्रदेश पुस्तकालय नीतिको मस्यौदामाथि सुझाव संकलन कार्यशाला सम्पन्न भएको छ । लुम्बिनी प्रदेशका शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री कृष्णप्रसाद पन्थको अध्यक्षतामा भएको कार्यशालामा प्रमुख अतिथिको रूपमा गुल्मीका प्र.जि.अ. श्री पुण्यविक्रम पौडेलको उपस्थिति थियो । कार्यशालामा उपसचिव श्री टीकाराम अर्यालले नीतिको मस्यौदा प्रस्तुत गर्नु भएको थियो । कार्यशालामा पुस्तकालयका पदाधिकारीहरू प्राध्यापक, शिक्षक, कर्मचारी र महत्त्वपूर्ण महानुभावहरूको उपस्थिति थियो । उक्त कार्यक्रममा उद्घोषण शाखाअधिकृत विष्णुप्रसाद पन्थीले गर्नु भएको थियो । अनीतिको अन्धकारमा रूमल्लिएको पुस्तकालय सञ्चालनको क्षेत्रमा यस कार्यक्रमले एउटा आशाको दियो सल्काएको छ । हामी आतुर भएर नीतिको कार्यान्वयन पर्खिबसेका छौं ।


***- सचिव***

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. काली गण्डकी : संस्कृति र सम्पदा

डा. जगन्नाथ रेग्मीज्यूको सम्पादन तथा श्री श्रीधराचार्य - शालग्रामालयम्को प्रकाशनमा काली गण्डकीः संस्कृति र सम्पदा नामक पावन ग्रन्थ (२०७६) अकिञ्चनको हातमा परेको छ । प्रस्तुत ग्रन्थभित्र कालीगण्डकीका धार्मिक, पौराणिक सांस्कृतिक एवं पर्यटकीय विशेषताका साथै विभिन्न तीर्थस्थलहरूको समेत गहन अन्वेषण गरेर अत्यन्त गरिमामय ग्रन्थ तयार गरिएको छ । श्रीमद्भागवत महापुराण, मार्कण्डेय पुराण, वाराहपुराण जस्ता ग्रन्थहरूमा वर्णित कालीगण्डकीको महिमा अपार छ । यस्तो अपार महिमायुक्त कालीगण्डकी क्षेत्रको विविध पक्षलाई उजागर गर्न ३० वटा लेखहरू रहेका छन् ।





धार्मिक, सांस्कृतिक, सामाजिक, पर्यटकीय आदि विविध दृष्टिकोणबाट कालीगण्डकी नेपालमा मात्र नभई समस्त हिन्दू धर्मावलम्बीहरू र पर्यटकहरूको लागि महत्त्वपूर्ण स्थान हो । यस स्थानलाई अत्यन्त परिश्रमपूर्वक तयार पारिएका अनुसन्धानमूलक लेखहरूले चिनाएका छन् । विशेषगरी कालीगण्डकीका तटमा रहेका अनेक धाम मठमन्दिर र तीर्थस्थलहरूको महिमा प्रस्तुत गर्दै तिनीहरूलाई धार्मिक एवं सांस्कृतिक सम्पदाका रूपमा देखाइएको छ । कालीगण्डकीको परिवेश धार्मिक र पर्यावरणीय दुबैथरी पर्यटकहरूका लागि दर्शनयोग्य छ । प्रस्तुत कृति एकातिर कालीगण्डकी क्षेत्रका बारेमा अध्ययन गर्न चाहने अध्येताहरूलाई महत्त्वपूर्ण गुरुग्रन्थ बनेको छ भने यस क्षेत्रका स्थान र तीर्थहरूको ऐतिहासिक धार्मिक र पौराणिक महत्त्व बुझ्नका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको छ ।

२९ जना विद्वान्हरूका ३० वटा अनुसन्धान प्रबन्धहरू प्रस्तुत ग्रन्थमा समावेश छन् । सम्पादकले हरेक लेखहरूको महत्त्वलाई बुझेर तदनुरूप क्रम.मिलाउनु भएको अनुभव हुन्छ । कालीगण्डकीको शिरदेखि पाउसम्मका क्षेत्र र तिनीहरूको

महत्तामा लेखहरू तयार भएका छन् र सम्पादकले क्रम पनि सोही अनुरूप मिलाउनु भएको छ । अनुसन्धान क्षेत्रमा खारिएका अनुसन्धानताहरूबाट तयार पारिएका खोजमूलक लेखहरूले कालीगण्डकी महिमालाई थप निर्मल बनाएका छन् । यो पावन ग्रन्थ कालीगण्डकीलाई बुझ्न चाहने पाठक र थप अनुसन्धान गर्न चाहने अनुसन्धाता दुबैलाई अत्यन्तै उपयोगी रहेको छ । ग्रन्थ सम्पादनमा सम्पादकको कारीगरी प्रशंसनीय छ । परिशिष्ट खण्डका चित्रावलीले हरेक साधकलाई सम्बन्धित क्षेत्रको दर्शन गर्न आतुर बनाउँछन् । प्रस्तुत ग्रन्थ कालीगण्डकीको धार्मिक, सांस्कृतिक ऐतिहासिक, पौराणिक एंव पर्यावरणीय महत्त्व बुझ्न अमूल्य निधि बनेको छ ।

## २. सुनेको चीनः देखेपछि





डा. तुल्सी भट्टराई नेपाली साहित्य र समालोचनाका क्षेत्रमा प्रसिद्ध नाम हो । साथी भाइ, इष्टमित्रहरू अथवा अरूका लेखहरू पढे सुनेका डा. भट्टराईले वि.सं. २०६६ असार महिनामा चीनका मुख्य-मुख्य सहरहरूको भ्रमण गर्दा आफूले बाटुलेका अनुभवहरूलाई आधार बनाएर प्रस्तुत पुस्तकाकार कृति तयार भएको छ । यस कृतिभित्र चीनको भौतिक, प्राविधिक र प्राकृतिक पक्षको समेत चित्रण गरेर नियात्रापरक कृति तयार गरिएको छ ।

विभिन्न १७ वटा शीर्षक र तिनीहरूसँग सम्बद्ध उपशीर्षकहरूमा यो नियात्रा ग्रन्थ तयार भएको छ । चीनयात्राको प्रसङ्ग पक्षसमेत गरी विभिन्न १७ वटा मुख्य शीर्षक र त्यस भित्र अन्य रोचक प्रसङ्गका विविध विषयहरू समावेश छन् । नियात्राकार डा.भट्टराई लेखक साहित्यकारको समूहमा रही तत्सम्बन्धी कार्यक्रममा सहभागी भएको नेपाली सांस्कृतिक भ्रमण टोलीमा रहेकाहरूलाई विभिन्न स्थानमा गरिएका स्वागत सम्मानका साथै अन्य प्रसङ्गलाई रोचकता साथ प्रस्तुत गरिएको छ । आफ्ना भ्रमणका अनुभवलाई वैचारिक बौद्धिकताका रूपमा खारेर कृतिका रूपमा प्रस्तुत गर्ने डा.भट्टराईको प्रस्तुत कृतिले चीनका बारेमा जानकारी लिन चाहनेहरूका लागि उत्कृष्ट मार्गदर्शक पुस्तक बन्न सक्ने कुरामा द्विविधा छैन । यो कृति नेपाली वाङ्मयको इतिहासमा उत्कृष्ट नियात्रापरक कृति हो भन्नुमा दुई मतै छैन ।

यसमा १३६ पृष्टसम्म अत्यन्त रोचक प्रसङ्गहरू प्रस्तुत गरिएको छ भने १३७ देखि १६० पृष्ठसम्म चीन प्रस्थान गर्दा विमानस्थलबाट कैद गरिएका तस्विरहरूदेखि मुख्य मुख्य स्थान र कार्यक्रमका तरिस्बरहरूका साथै हङकङ् विमानस्थलसम्मका तस्बिरहरू राखिएका छन् । प्रस्तुत कृतिले चीनसँग सम्बद्ध जानकारी हासिल गर्न महत्त्वपूर्ण सहयोग गर्ने देखिन्छ । यो कृति नेपाली नियात्रा साहित्यको इतिहासमा एउटा विशिष्ट नियात्रापरक कृति बन्न पुगेको छ ।

## ३. आख्यानकार विश्वेश्वरप्रसाद कोइराला व्यक्ति, कृति, प्रवृत्ति





शारदा शर्मा प्राध्यापन, समालोचना र सिर्जनाका क्षेत्रमा नाम चलेकी नारी हस्ताक्षर हुन् । उनले नेपाली आख्यानको इतिहासमा एउटा छुट्टै विशिष्ट पृष्ठभूमि बोकेका कोइरालाको आख्यान कारिताका सन्दर्भमा प्रकाश पार्ने काम गरेकी छन् । विदुषी खनालले यस कृतिलाई भिन्न छ खण्डमा विभाजन गरी कृतिको स्वरूप तयार गरेकी छन् । पहिलो परिच्छेदमा कोइरालाको जीवनी र व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । यस खण्डमा साहित्य र राजनीतिलाई समानान्तर रूपमा अगाडि बढाएका कोइरालाको साहित्यिक व्यक्तित्व राजनीतिको वैचारिक आग्रहबाट नधमिलिएको निष्कर्ष निकालिएको छ ।

दोस्रो परिच्छेद कोइरालाको औपन्यासिक यात्रा र प्रवृत्तिलाई समेट्दै उपन्यासकार कोइरालालाई चिनाइएको छ । तेस्रो परिच्छेदमा औपन्यासिक तत्त्व र वस्तुसन्दर्भका आधारमा कोइरालाद्वारा लिखित छ वटा उपन्यासको समीक्षा गरिएको छ । परिच्छेद चारमा वैचारिक मियोमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित छ वटा उपन्यासको समीक्षा गरिएको छ । यो खण्ड तुलनात्मक रूपमा छोटो छ । पाँचौ परिच्छेदमा कोइरालाको कथायात्रा र कथागत प्रवृत्तिहरू उल्लेख गरिएको छ । यो परिच्छेद अपेक्षाकृत रूपमा छोटो छ । छैटो परिच्छेदमा कोइरालाका दुईवटा मात्र कथाको छनौट गरेर दोषी चस्मा र एक रात कथाको समीक्षा गरिएको छ । प्रस्तुत समीक्षा ग्रन्थमा कोइरालाका उपन्यासहरूलाई बढी प्राथमिकता दिएर चर्चा गरिएको छ भने कथागत प्रवृत्ति र

कथायात्राको मात्र चर्चा गरेर दुईवटा कथालाई मात्र प्रतिनिधिमूलक रूपमा चर्चा गरिएको छ । यस आधारमा हेर्दा ग्रन्थको शीर्षक जुराएजस्तै आख्यानकारका रूपमा सन्तुलित विश्लेषणको अभाव देखिन्छ अर्थात् औपन्यासिक कृतिको समीक्षा गरिए पनि कथा कृतिहरू अट्न नसकेका देखिन्छन् । जे होस् विदुषी खनालले नेपाली आख्यानको इतिहासमा अविस्मरणीय प्रतिभा कोइरालाका सन्दर्भमा महत्त्वपूर्ण अनुसन्धान गरेकी छन् । नेपाली समालोचनाको इतिहासमा यो पनि एउटा छुट्टै स्थान बोकेको कृति बन्न पुगेको छ ।

## ४. हाम्रो भौगोलिक इतिहास




युवराज भुसाल प्रशासनिक क्षेत्रमा लामो अनुभव हासिल गरेर विशिष्ट श्रेणीको सचिवबाट सेवा निवृत्त व्यक्ति हुन् । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रि स्तरका पत्रपत्रिकामा उत्कृष्ट लेखहरू लेख्नुका साथै कविराम भुसाल स्मृति ग्रन्थ समेत सम्पादन गरेका छन् । उनले भुसाल वंश, अर्घा र यसका छिमेकी राज्यहरूको नालीबेलीलाई समेटेर 'हाम्रो भौगोलिक इतिहास' नामक ऐतिहासिक सन्दर्भको ग्रन्थ तयार गरेका छन् । यो किरण पुस्तकालय तम्घास गुल्मीको २० औं प्रकाशन हो ।

महर्षि विश्वामित्रको चित्र सुन्दर आवरण पृष्टमा सजिएको उक्त ग्रन्थको समर्पण पूर्वज ब्रह्मर्षि, विश्वामित्र तथा गोत्रकार महर्षि धनञ्जयमा समर्पण गरिएको छ । गणेश, सरस्वती, गुरु, विष्णु, शिव, दुर्गा तथा पितृहरूका स्तोत्रहरू समेत आरम्भमा उल्लेख गरेर ग्रन्थको एउटा छुट्टै पहिचान कायम गर्ने प्रयास गरिएको छ । सात खण्डभित्र तयार पारिएको यस ग्रन्थभित्र पहिलो खण्डमा पौराणिक काल दिएर सृष्टिचक्रका सन्दर्भहरू, उल्लेख गरिएको छ । खण्ड दुईमा ऐतिहासिक काल शीर्षकमा नेपालमा कान्यकुब्जी वंश हुँदै धनञ्जय गोत्रीय भुसाल परिवारको चर्चा गरिएको छ । यस खण्डमा स्वतन्त्र अर्घा राज्यको चर्चा पनि गरिएको छ।

खण्डः तीनमा अर्घाका छिमेकी राज्यको संक्षिप्त इतिहास उल्लेख छ । चौथो खण्डमा अर्घाबाट फैलिएका भुसाल वंशको चर्चा छ । पाँचौ खण्डमा पुरकोटमा

भुसालवंश सातौंमा पुरकोट राज्यको आर्थिक, राजनीतिक र प्रशासनिक इतिहासका साथै भुसालहरूका प्रमुख परिवार र तालुकदारहरूको चर्चा छ । खण्डः सातमा पुरकोटको बदलिंदो परिवेश शीर्षकमा राजनीति, प्रशासन, सामाजिक, आर्थिक, विद्युत्, यातायात सञ्चारका साथै भावीमार्गचित्र पनि प्रस्तुत गरिएको छ । परिशिष्ट खण्डमा सन्दर्भ सामग्रीका साथै पौराणिक वंशावली, अर्घाका राजा र गुरुहरू, पाल्पा, बहादुरपुर क्षेत्रको बिर्तापत्रको लालमोहर १, बासङ्घी हरणपछि बहादुरपुरको बिर्ता थमौतीको लालमोहर १ र अर्घाबाट पुरकोट गएका भुसाल बन्धुहरूको संक्षिप्त विवरण राखिएको छ ।

अध्येता युवराज भुसालले विभिन्न ऐतिहासिक तथा पुरातात्त्विक सन्दर्भको खोजी गरेर अत्यन्त परिश्रमपूर्वक यो ग्रन्थ तयार गर्नुभएको छ । यस ग्रन्थले एकातिर अर्घा र यसका छिमेकी राज्यहरूको विस्तृत नालीबेली केलाएको छ भने अर्कोतिर धनञ्जय गोत्रीय भुसाल बन्धुहरूको इतिवृत्त पस्केको छ । पहिले आफूलाई चिन्न सके मात्र अरूलाई चिन्न सकिन्छ भन्ने जुक्ति चरितार्थ गर्ने प्रस्तुत कृति उदाहरणीय बन्न सक्छ ।

***- अकिञ्चन***

ooo


# सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको

# अनुरोध !

१. **जन्म,मृत्यु बसाइ–सराइ, सम्बन्धविच्छेद, विवाहजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्रभित्रै आ–आफ्नो वडा कार्यालयमा गई अनिवार्य दर्ता गराऔं । जरिवानाबाट बचौं ।**

२. **आ–आफ्नो नागरिकता प्रमाणपत्र हेरी उमेर पुगेको भएमा नै आफ्नो वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही सूचीमा निःशुल्क नाम दर्ता गराई लाभ लिनुहोस् ।**

अनुरोधक

**बगनासकाली गाउँपालिका**

चिर्तुङ्धारा, पाल्पा (लुम्बिनी प्रदेश)

यताउताबाट

# साहित्यसाधना हुनु ज्यादै प्रशंसनीय कुरा हो ।

✍ **विजय बजिमय**
**पोखरा**

किरण पुस्तकालय तम्घास, गुल्मीको मुखपत्र "हाम्रो पुरुषार्थ" ले प्रत्येक वर्ष भैँ यस वर्ष पनि रूप देखाउन सफल भएको छ । एउटा अविकसित जिल्लाबाट प्रत्येक वर्ष यसरी साहित्यसाधना हुनु ज्यादै प्रशंसनीय कुरा हो ।

"हाम्रो पुरुषार्थ सधै भैँ यस वर्ष पनि देवकोटा जयन्तीको उपलक्ष्यमा विविध विषयका रचना सहित जन्मेको छ । यस पटक यस भित्रका रचनामा घोत्लिदा कवितातर्फ शशि पन्थी र गोकर्णराज "श्रमिक" का आधुनिक कविताहरू राम्रा छन् । अरू कविताहरू बेस छन् । यसै गरी कथातर्फ "निर्माया" थापा र नरू थापाका कथाहरू हृदयस्पर्शी छन् । "निर्माया" थापाको कथा "ग्यास च्यांबर" यस अङ्क भरिको मार्मिक रचना भन्न सुहाउँछ ।

कथा, कविता पछि यस अङ्कका उत्कृष्ट रचनाहरू लेख, समालोचना आदि प्रशस्त छन् । डा. टीकाराम पन्थीज्यूले व्यास(पौराणिक कवि) को रोमाण्टिक परिचय निक्कै मीठो शैलीमा प्रस्तुत गर्नुभएको छ । यसै गरी रामप्रसाद शर्माको परिचय, गोपीकृष्ण, शर्माज्यूको समालोचना, डा.गोविन्द सुवेदीज्यूको लेख र हीरामणि शर्मा पौडेलज्यूको समालोचना यस अङ्कका उल्लेखनीय रचना हुन् ।

आवरण आकर्षक छ । छपाइ बेसै छ । १०४ पृष्ठको यो पत्रिकाको मोल दुई रूपियाँ उचित छ । निस्कर्षमा यो अङ्क सन्तोषजनक छ । यसरी नै हाम्रो पुरुषार्थले प्रगति गर्ने शुभेच्छा अर्पन्छौ ।

***-विजय बजिमय***

***हाम्रो पुरुषार्थ, वर्ष ६, अङ्क ७, कार्तिक १४, २०३५ बाट पुनः प्रकाशित***

०००

पाठक-प्रतिक्रिया

# किरण पुस्तकालयको अवलोकन हाम्रो पुरुषार्थको अध्ययन

✍ **सुजन सुनार**
**कक्षा : ९, उपल्लो तम्घास मा.वि., तम्घास, गुल्मी**

सामाजिक अध्ययन विषयशिक्षक जया खनालले 'विकासका पूर्वाधार-शिक्षा' पाठ अन्तर्गत परियोजना कार्यका लागि २०७९ जेठ २६ गते गुल्मी जिल्लाको शैक्षिक धरोहर किरण पुस्तकालयको शैक्षिक अवलोकन भ्रमण गर्ने जानकारी गराए अनुसार २०७९/०२/२६ गतेका दिन हामी उपल्लो तम्घास मा.वि.मा कक्षा-९ मा अध्ययनरत विद्यार्थीहरू बिहान ११:१५ बजे शिक्षक जया खनालको साथमा विद्यालयको बसबाट किरण पुस्तकालयमा पुगेका थियौं । उक्त पुस्तकालयको गेटमा सोही पुस्तकालयका संस्थापक आदरणीय शशि पन्थीसँग भेट भयो । उहाँ आफ्नो नाम अनुसार चन्द्रमा जस्तो शीतल स्वभाव र मृदु भाषी व्यक्तित्व हुनुहुँदो रहेछ । उहाँले किरण पुस्तकालयका सम्बन्धमा विद्यार्थीहरूका जिज्ञासालाई सरल, एवं सहज तरिकाले पुस्तकालयको स्थापनाकालदेखि हाल सम्मको अवस्थाका बारेमा जानकारी गराउनु भयो ।

किरण पुस्तकालयको स्थापना वि.सं.२०२५ साल कार्तिक २० गते भएको रहेछ । यसको प्रारम्भ शशि पन्थीको घरको गोठबाट भएको हो । उहाँको गाईगोठको सानो कोठामा त्यसबेला श्रुति, स्मृति, पुराण र कर्मकाण्डका केही पुस्तक र पाठ्यपुस्तकहरू संग्रह गरेर राख्नुभएको थियो । त्यसपछि गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा जिल्लाको प्रशासनिक भवन अगाडि सानो एकतले पक्की घरमा किरण पुस्तकालय सञ्चालन भएको थियो । समयको परिवर्तनसँगै किरण पुस्तकालय सञ्चालन भएको थियो । समयको परिवर्तनसँगै किरण पुस्तकालय आफ्नो सानो भवनबाट अहिले भव्य आकर्षक भवनमा बदलिएको छ । पुस्तकालय सञ्चालन गर्न नियमित बजेटको अभाव अझै पनि कायमै छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरूरी देखिन्छ ।

किरण पुस्तकालयले मुखपत्रको रूपमा विक्रम संवत् २०३० सालदेखि हाम्रो पुरुषार्थलाई नियमित रूपमा प्रकाशन गर्ने गरेको छ । शुरूमा वार्षिक रूपमा प्रकाशित हुँदै आएको यो पत्रिका २०३६ सालदेखि अर्धवार्षिक रूपमा प्रकाशन हुन थालेको रहेछ । अहिले यो पत्रिका त्रैमासिक रूपमा प्रकाशित हुन थालेको छ ।

अवलोकन भ्रमणको क्रममा आदरणीय शशि पन्थीज्यूबाट किरण पुस्तकालयद्वारा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९३ (माघ-चैत्र २०७८) उपहार स्वरूप प्राप्त

भयो । उक्त अंकमा प्रकाशित सामग्रीहरू जति अध्ययन गरेको छु त्यसबाट म ढुक्कसाथ भन्न सक्छु पत्रिका अत्यन्तै उपयुक्त, ज्ञानवर्धक र साहित्यिक छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९३ को आवरण पृष्ठमा मदाने गाउँपालिकाको प्याराग्लाइडिङ, सिढी र प्रकृतिका आकर्षक दृश्यहरू छन् । यो दृश्य कहाँको होला भन्ने उत्सुकता आवरण पृष्ठको भित्री भागले शान्त पारेको छ । यसमा मदाने गाउँपालिकामा रहेका केही दर्शनीय स्थलहरूका चित्र रहेका छन् । प्रसिद्ध धार्मिक स्थल कङ्के देउराली क्षेत्रमा निर्माण भएको सिढी, मदाने गाउँपालिका वार्ड नं.-२, वसुन्धरा डाँडामा प्याराग्लाइडिङ परीक्षण उडान मदाने लेकका सुन्दर दृश्यहरू रहेका छन् ।

पत्रिकाको पछाडिको आवरण पृष्ठमा नेपाल सरकार विज्ञापन बोर्डको जनचेतना मूलक सूचना छापिएको छ । यसमा बालविवाह, अनिच्छित विवाह, बहु विवाह, दाइजो विवाह, दबाब विवाह सामाजिक र कानूनी अपराध हो । यसमा कसैले पनि सहयोग गर्न हुँदैन भन्ने सन्देश दिइएको छ । भित्री पृष्ठमा "हाम्रो भौगोलिक इतिहास" लोकार्पणका केही चित्रहरू समावेश गरिएको छ जसले पत्रिकालाई थप आकर्षक बनाएको छ ।

"कुटुरो फुकाउँदा" लाई हेर्दा स्थायी स्तम्भहरू र अस्थायी लेखरचना २२ ओटा रहेछन् भन्ने जानकारी र मानवता, शान्ति र विश्व बन्धुत्वका लागि गर्नुपर्दछ भन्ने उद्घोष गरेको छ । ९४ पटकको भेटघाटमा कोषराज न्यौपानेसँग लिएको अन्तर्वार्ता र पण्डित पर्शुराम उपाध्याय पन्थीको अनुभव र अनुभूतिमा आधारित अन्तर्वार्ता राखिएको छ । रूद्र ज्ञवालीको अर्को पात्र कवितामा मानिसको दोहोरो चरित्रको वर्णन गरिएको छ । शारदा खनाल पन्थीको 'आमाका आँसु नसुक्ने भए' कविताले सडक बालबालिकाको यथार्थ चित्रण गरेको छ । रामप्रसाद पन्थीको 'देखिनँ नेपाल' कवितामा नकारात्मक चिन्तनको प्रभाव महसुस गरें । 'जगका ढुङ्गाहरू' दीन पन्थीको रचनामा श्रमिक वर्गको वेदना उजागर हुन्छ । सुशीला भुसालको 'यात्रा इलामसम्म' पढेर पाठक आफै कोशी ब्यारेज, फिक्कल बजार, इलाम चिया बगानमा हिडेको अनुभूति गर्दछ ।

समग्रमा यस अंकका अन्य सामाग्री लेख रचनाहरू पनि पठनीय र ज्ञानवर्धक छन् । बालबालिकामा पठन संस्कृति, साहित्यप्रेम र नेपाली भाषाको विकास गर्न यस पुस्तकमा एउटा स्तम्भ 'बाल संसार' समावेश गरी बालोपयोगी पाठ्यसामाग्री प्रकाशित गर्न सकेमा विद्यालय उमेरका बालबालिकाहरू पनि हाम्रो पुरुषार्थ पत्रिकासँग परिचित हुने मौका पाउने थिए । यो मेरो एउटा सानो सुझाव हो ।

अन्त्यमा पुनः आदरणीय शशि पन्थी सरलाई कोटि-कोटि धन्यवाद दिदै यस साहित्यिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ooo

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



नाम : महेश आचार्य
पिता/माता : चूडामणि/पार्वती आचार्य
पत्नी : इला पन्थी
जन्ममिति : २०४०/०८/२९
ठेगाना : सन्फ्रान्सिस्को, क्यालिफोर्निया, यू.एस्.ए.
सम्पर्क नम्बर : +१७०२-४२८-५५४०
शिक्षा : Bachelor in Computer Engineering, Msc in Computer Sciences

**Professional Experience:**

(2008-2010): Software Engineer at D2Hawkeye Services, Kathmandu,Nepal,
(2010-2012): Teaching Assistant at University of Nevada, Las Vegas
(2012-2018): Software Engineer at Cerner Corporation, Kansas City, Missouri
2018-हाल : Software Engineer at Lendingclub, SanFrancisco, CA

---



नाम : इला पन्थी
पिता/माता : शशि/लक्ष्मीदेवी पन्थी
पति : महेश आचार्य
जन्ममिति : २०४८/०३/११
जन्मस्थान : आदर्श निकेतन, तम्घास, गुल्मी
हाल : सन्फ्रान्सिस्को, क्यालिफोर्निया, यू.एस्.ए.
सम्पर्क नम्बर : +१७०२-४२८-५५४०
ई-मेल : ilapanthi@gmail.com
शिक्षा : बी.एस्सी, नर्सिङ्ग
अनुभव : नर्स, प्रोमाइज अस्पताल, क्यानसस (२०१६-२०१८ ई.)
नर्स : ओलाथे मेडिकल सेन्टर (२०१७-२०१८ ई.)
नर्स : सुत्तर हेल्थ, क्यालिफोर्निया (२०१९-२०२२ ई.)
हाल : ICU Nurse, Alameda Health System, क्यालिफोर्निया अमेरिका

नाम : पं. गोविन्दप्रसाद पौडेल
पिता/माता : स्व. होमनाथ/सीता देवी पौडेल
पत्नी : रीतादेवी पौडेल
जन्ममिति : २०१६/०८/३०
ठेगाना : सन्धिखर्क-१, कुर, अर्घाखाँची
हाल : अनारवाला गढीकैन्ट, देहरादुन, उत्तराखण्ड
सम्पर्क नम्बर : ७५००३९८११८
शिक्षा : साहित्याचार्य
पुरस्कार : सेनामा प्रशंसाप्राप्त, जनरलद्वारा
भारतीय नेपाली ब्राह्मण समितिका सल्लाहकार, निरन्तर कार्य सञ्चालक
भ्रमण : नेपाल र भारतका विभिन्न शहर, जिल्ला र धार्मिक स्थलहरू ।



---

नाम : शिव गैरे
पिता/माता : जयराम/मायादेवी गैरे
जन्ममिति : २०५२/०२/३१
ठेगाना : चन्द्रकोट-७, गुल्मी
हाल : अनामनगर, काठमाडौं
सम्पर्क नम्बर : ९८४७३४००७३
ई-मेल : geeksambhu@gmail.com
शिक्षा : इन्जिनियरिङ्ग शास्त्र (बी.ई. कम्प्युटर), त्रि.वि., काठमाडौं
अभिरूचि : भ्रमण, अध्ययन
कार्यरत : LogPoint, नेपाल प्रा.लि.



---

**हाम्रो पुरुषार्थका आजीवन ग्राहक**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९४३. | विनोद नेपाल | बगनासकाली गा.पा.-२, पोखराथोक, पाल्पा । सम्पर्क नं.: ९८४१२३११६९ |
| ९४४. | महेश आचार्य | सन्फ्रान्सिस्को, क्यालिफोर्निया, यू.एस्.ए. । सम्पर्क नं. +१७०२-४२८-५५४० |
| ९४५. | इला पन्थी | आदर्श निकेतन तम्घास, गुल्मी । हाल : सन्फ्रान्सिस्को, क्यालिफोर्निया, यू.एस्.ए. । सम्पर्क नं. +१७०२-४२८-५५४० |
| ९४६. | पं. गोविन्दप्रसाद पौडेल | सन्धिखर्क-१, कुर, अर्घाखाँची । हाल : अनारवाला, गढीकैन्ट, देहरादुन, उत्तराखण्ड, भारत । सम्पर्क नं. : ७५००३९८११८ |
| ९४७. | शिव गैरे | चन्द्रकोट-७, गुल्मी । हाल : अनामनगर, काठमाडौं । सम्पर्क नं.: ९८४७३४००७३ |

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास | युवराज भुसाल |




प्रस्तावित प्रदेश पुस्तकालय नीतिको मस्यौदाउपर सुझाव सङ्कलन कार्यशाला गोष्ठीमा उपस्थित विशिष्ट महानुभावहरू



प्रस्तावित प्रदेश पुस्तकालय नीतिको मस्यौदाको छलफलपछि विशिष्ट व्यक्तित्वहरू



प्रमुख अतिथि मा. गोकर्णराज बिष्टले रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीलाई प्रशंसा-पत्र प्रदान गर्नुहुँदै




प्रमुख अतिथि मा. गोकर्णराज बिष्टले विशिष्ट अतिथि सुशील ज्ञवालीलाई सम्मान-पत्र प्रदान गर्नुहुँदै




प्रमुख अतिथि मा. गोकर्णराज बिष्टले भवन निर्माण अनुगमान समितिका सदस्य हीरा एसीलाई प्रशंसा-पत्र प्रदान गर्नुहुँदै




प्रमुख अतिथि मा. गोकर्णराज बिष्टले रेसुङ्गा नगरपालिकाका पूर्व प्रमुख डिल्लीराज भुसाललाई सम्मान-पत्र प्रदान गर्नुहुँदै



भानुभक्त पुस्तकालय, देहरादुनलाई हाम्रो पुरुषार्थका दुई थरी विशेषाङ्कहरू प्रदान गर्दै

 जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

# गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ ।

## यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला, खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस, घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार

# विज्ञापन बोर्ड

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)